

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष ३१ अंक १८५ | ५ भदौ २०८० मंगलबार श्रावण शुक्लपक्ष षष्ठी | नेपाल संवत् ११४३ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 22, 2023 | पृष्ठ १२ | १० रुपैयाँ

ललिता निवास प्रकरण

# नेपाल र भट्टराई साक्षी मात्रै, कर्मचारी र मन्त्रीलाई मुद्दा

## सीआईबीले आइतबार राति घरमै पुगेर 'बयान कागज' गराए पनि पूर्वप्रधानमन्त्रीद्वयलाई प्रतिवादी नबनाइने, करिब साढे २ सयलाई प्रतिवादी बनाई मुद्दा दायर गरिँदै

**मातृका दाहाल** (काठमाडौं)

बालुवाटारस्थित ललिता निवास परिसरको सरकारी जग्गा हिनामिना प्रकरणमा मुछिएका पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई प्रतिवादी नबनाई प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाउने भएको छ। ललिता निवासको जग्गा हिनामिना गर्नेविरुद्ध संगठित अपराध र किर्तेको कसुरमा अनुसन्धान गरिरहेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले निर्णय प्रक्रियामा संलग्न मुख्य निर्णयाधिकारी नेपाल र भट्टराईलाई प्रतिवादी नबनाई तत्कालीन खरिदारदेखि सचिवसम्मका कर्मचारी, केही मन्त्री र भूमाफिया/बिचौलियासम्मलाई मात्रै मुद्दा चलाउनुपर्ने निष्कर्ष निकालेको हो। दुवै पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा सामेल सत्ता गठबन्धनका नेता हुन्।

सीआईबीका अधिकारीले नेकपा एकीकृत समाजवादीका अध्यक्ष रहेका पूर्वप्रधानमन्त्री नेपाल र नेपाल समाजवादी पार्टीका अध्यक्ष रहेका भट्टराईसँग आइतबार राति घरमै पुगेर सरकारी साक्षीका रुपमा 'बयान कागज' गराएका थिए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि दुवै पूर्वप्रधानमन्त्रीलाई 'मन्त्रिपरिषद्का निर्णयमा क्षेत्राधिकार नभएको' कारण देखाएर साढे ३ वर्षअघि मुद्दामा प्रतिवादी नबनाई उन्मुक्ति दिएको थियो। २०७५ फागुन २८ मा तत्कालीन केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्ले ललिता निवास जग्गा हिनामिना प्रकरणमा भ्रष्टाचार कसुर लगाएर अनुसन्धान गर्न अख्तियार र किर्ते तथा ठगीमा छानबिन गर्न सीआईबीलाई पत्र पठाएको थियो। मन्त्रिपरिषद्बाट पत्र पाएको करिब १ वर्षपछि २०७६ माघ २२ मा अख्तियारले पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १ सय १० जनालाई बिगो, कैद र जरिवाना तथा ६५ जनालाई जग्गा जफत प्रयोजनका लागि प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गर्दा नेपाल र भट्टराई तथा भट्टराई मन्त्रिपरिषद्का मुख्यसचिव लीलामणि पौडेलसहितका केही उच्च पदस्थले उन्मुक्ति पाएका थिए। अख्तियारले विशेषमा दायर गरेको मुद्दा अझै विचाराधीन छ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की जसको निर्णयले सरकारी जग्गा व्यक्तिका नाममा पुग्यो, उसैलाई प्रतिवादी नबनाउनु गम्भीर त्रुटि भएको बताउँछन्। 'मन्त्रिपरिषद्बाट भएका निर्णयका आधारमा ३० रोपनीभन्दा बढी जग्गा भूमाफियाका नाममा गएको जगजाहेर छ। मन्त्रिपरिषद्बाट निर्णय नभएको भए उक्त जग्गा व्यक्तिका नाममा पुग्दैन थियो,' उनले भने, 'अनुसन्धानमा मुख्य निर्णयकर्तालाई प्रतिवादी नबनाई कागज मात्रै गराएर झारा टार्ने काम भयो। मुख्य निर्णयकर्ता, जो सजायको भागिदार बन्नुपर्ने हो, उसैलाई उन्मुक्ति दिन खोजियो। सत्ता र शक्तिमा हुनेका लागि जस्तै अपराध गरे पनि कानुन लाग्दैन भन्ने देखियो। दण्डहीनताको योभन्दा अर्को तथ्य हुनै सक्तैन।'

सीआईबीले भने २०७६ पुस २८ मा छानबिन प्रतिवेदन सरकारलाई बुझाउँदै आरोपितविरुद्ध किर्ते र ठगीमा मुद्दा चलाउन सुझाव दिएको थियो। त्यसपछिको साढे ३ वर्ष सीआईबीबाट अनुसन्धान हुन नदिन राजनीतिक दबाब र प्रभाव भएको थियो। २०७८ पुसमा पनि सीआईबीले मुद्दा चलाउन सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाएकामा सरकारी वकिल कार्यालयले थप अनुसन्धान गर्न भन्दै प्रतिवेदन सीआईबीमै फर्काएको थियो। त्यसपछि थन्किएर बसेको फाइल गत असार १२ मा सीआईबीले पुनः ब्युँताएर केही आरोपित पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो। तर, सीआईबीले यो पटक पनि मुख्य निर्णयाधिकारीलाई प्रतिवादी बनाएन। जुन साढे ३ वर्षअघि अख्तियारबाट भएको उन्मुक्तिको नियति सीआईबीको अनुसन्धानमा दोहोरिएको हो।

दुई पूर्वप्रधानमन्त्री र एक मुख्यसचिवसहितका निर्णयकर्तालाई मुद्दामा सरकारी साक्षीका रूपमा राख्ने गरी सीआईबीले अनुसन्धान टुंग्याएको छ। अनुसन्धानका क्रममा करिब साढे २ सयलाई प्रतिवादी बनाउन राय दिइएको छ। स्रोतका अनुसार कसुरमा संलग्न व्यक्तिमाथि बिगो, कैद र जरिवाना पनि फरकफरक मागदाबी गर्नुपर्ने राय तयार भएको छ।

मन्त्रिपरिषद्बाट निर्णय गराएर करिब ३० रोपनी सरकारी जग्गा भूमाफियालाई दिने निर्णयमा पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई जोडिएका छन्। २०६६/६७ मा बालुवाटारमा विशिष्ट व्यक्तिका निवास विस्तारका नाममा निर्णय गराएर नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले भूमाफिया र नक्कली मोहीका नाममा २५ रोपनी ५ आना जग्गा कायम गर्ने निर्णय गरेको थियो। **बाँकी पृष्ठ ११**



> सत्ता र शक्तिमा हुनेका लागि जस्तै अपराध गरे पनि कानुन लाग्दैन भन्ने देखियो, दण्डहीनताको योभन्दा अर्को तथ्य हुनै सक्दैन
>
> • **गौरीबहादुर कार्की**, पूर्वन्यायाधीश

### कहिले-कति जग्गा हडपियो ?

- **२०४९**
  **११२ रोपनी ४ आना २ पैसा**
  (मालपोतको निर्णयबाट)
- **२०६२**
  **१२ आना २ पैसा**
  (मालपोतको निर्णयबाट)
- **२०६६/०६७**
  **२५ रोपनी ५ आना**
  (नेपाल नेतृत्वको मन्त्रिपरिषद्बाट)
- **२०६९**
  **५ रोपनी २ पैसा**
  (भट्टराई नेतृत्वको मन्त्रिपरिषद्बाट)

# कोशी मुख्यमन्त्रीलाई 'विवादास्पद' विश्वासको मत

## अध्यक्षता गरेका प्रदेशसभा सदस्य मन्सुरीले संविधानको व्यवस्था र सर्वोच्चको आदेशविपरीत दिए विश्वासको मत

**देवनारायण साह** (विराटनगर)
**कलेन्द्र सेजुवाल** (काठमाडौं)

सभामुखको भूमिकामा प्रदेशसभा बैठकको अध्यक्षता गरिरहेका सांसदको मतमा कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले सोमबार विश्वासको मत प्राप्त गरेका छन्। बैठकको अध्यक्षता गरेको व्यक्तिले मत बराबर भएको अवस्थामा बाहेक मतदान गर्न नपाउने संविधानको व्यवस्था र सर्वोच्च अदालतको साउन ११ को आदेशविपरीत प्रदेशसभा सदस्य इस्राइल मन्सुरीले मुख्यमन्त्रीलाई विश्वासको मत दिएका हुन्।

तत्कालीन सभामुख बाबुराम गौतमको हस्ताक्षरबाट असार २१ मा कांग्रेस संसदीय दलका नेता थापा मुख्यमन्त्रीमा नियुक्त भएयता कोशीको सत्ता-राजनीति विवादको भुमरीमा छ। सभामुखले प्रदेशसभामा 'रेफ्री वा अम्पायर' प्रकृतिको भूमिका निर्वाह गर्नुपर्ने भन्दै साउन ११ मा सर्वोच्चले उत्प्रेषणको आदेशद्वारा मुख्यमन्त्रीको नियुक्ति बदर गरेको थियो। त्यसपछि सत्ता गठबन्धनले साउन १६ मा सभामुख गौतमलाई राजीनामा गर्न लगाएर थापालाई पुनः मुख्यमन्त्री बनायो। ९३ सदस्यीय कोशी प्रदेशसभामा गठबन्धनसँग बहुमत (४७) सांसद छन् तर सत्तापक्षकै सांसदले प्रदेशसभा बैठकको अध्यक्षता गर्ने अवस्थामा बहुमत पुग्दैन। एमाले र राप्रपाको विपक्षी मोर्चाले मुख्यमन्त्रीलाई विश्वासको मत पाउनबाट रोक्न बैठकको अध्यक्षता छल्ने दाउपेच अख्तियार गर्दा सत्तापक्षले सभाध्यक्षलाई मतदान गर्न लगाउने विवादास्पद कदम चालेको हो। संविधानविद्हरूले मुख्यमन्त्री थापाले पाएको विश्वासको मत अदालती परीक्षणको विषय हुने बताएका छन्।

तत्कालीन सभामुखद्वारा अध्यक्षमण्डलका सदस्य मनोनीत भएका एमाले र राप्रपाका दुई जना सांसद अध्यक्षता गर्ने जिम्मेवारीबाट पन्छिएपछि मन्सुरीको काँधमा जिम्मेवारी आएको थियो। विश्वासको मतको प्रस्तावमाथि छलफल गर्न सोमबारका लागि बैठक तय गरेकी उपसभामुख सिर्जना दनुवारले आइतबार अध्यक्षमण्डलका सदस्य रहेका मन्सुरीलाई प्रदेशसभा बैठकको अध्यक्षता गर्ने लिखित जिम्मेवारी दिएकी थिइन्। **बाँकी पृष्ठ ११**

> संविधान र व्यवस्थाको हुर्मत लिने काम भयो, यो कार्य संविधानका साथै सर्वोच्चको साउन ११ को आदेश विरुद्ध छ
>
> • **टीकाराम भट्टराई**
> कानुनविद्

> सभामुख वा उपसभामुखजस्तो दलीय आबद्धताबाट अलग नभई सांसदकै भूमिकामा रहेकाले मतदान गर्न पाइन्छ
>
> • **चन्द्रकान्त ज्ञवाली**
> कानुनविद्

## भित्र

**सुन तस्करीमा आयोग गठन गर्न सत्तापक्ष तयार**
- मंगलबार नै सहमति जुटाएर संसद् सुचारु गर्ने तयारी

**सडकमा जोखिम हवाई सेवामा हैरानी**
- हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालीकोटलगायत क्षेत्रमा हवाई कम्पनीले नियमित उडान नगर्दा स्थानीय मर्कामा

**साथीको मृत्युपछि सुधार गृहबाट निस्केर प्रदर्शन**
- खुट्टामा पिलो र ज्वरो आएर समयमै उपचार नपाएर किशोरको मृत्यु भएपछि भक्तपुरस्थित बाल सुधार गृहका बालक र किशोर आक्रोशित

**मंगलबारको अनुमानित अधिकतम तापक्रम** (सेल्सियसमा)

| | |
|---|---|
| धनगढी | २८-३०° |
| जुम्ला | २४-२६° |
| पोखरा | २८-३०° |
| भैरहवा | ३३-३५° |
| काठमाडौं | २६-२८° |
| जनकपुर | ३०-३२° |
| विराटनगर | ३१-३३° |




# धरहरा उद्घाटनको २ वर्ष बित्यो, निर्माण अझै अपूरो

## ०७५ असोज १४ मा बनाउन थालिए पनि निर्माण नसकिएपछि ५ पटक म्याद थप

**विमल खतिवडा** (काठमाडौं)

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ०७८ सालमै हतारहतार उद्घाटन गरेको धरहरा निर्माण अझै सकिएको छैन। निर्माणको भौतिक प्रगति ८५ प्रतिशत मात्रै छ, जबकि ०७५ असोज १४ मा बनाउन सुरु गरिएको धरहराको निर्माण सकिने म्याद मात्रै पाँच पटक थपिएको छ। सुरु ठेक्का सम्झौताअनुसार सकिनुपर्ने अवधि ०७७ असोज १४ थियो। पछिल्लो पटक आगामी असोज मसान्तसम्मलाई म्याद थपिए पनि काम सकिने छाँट भने छैन।

६/६ महिनाका दरले म्याद थप गर्दै आए पनि काम नसकिएको केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (भवन तथा आवास) ले जनाएको छ। यसको ठेक्का जीआईईटीसी-रमण जेभीले लिएका हुन्। जसको ठेक्का ३ अर्ब ४८ करोड १६ लाख रुपैयाँ छ। अहिलेसम्म २ अर्ब ६८ करोड ८ लाख रुपैयाँ भुक्तानी भइसकेको छ। ०७८ वैशाख ११ मै उद्घाटन भइसकेको भनिएको


दीपक केसी

धरहरा सर्वसाधारणका लागि अझै खुला भएको छैन। त्यसैले धरहरा चढ्न नपाएका सर्वसाधारणले सडकबाटै हेर्ने र फोटो खिचेर चित्त बुझाउने गरेका छन्। धुमधामले उद्घाटन गर्दा समग्र आयोजनाको ४२ प्रतिशत मात्र प्रगति थियो।

'उद्घाटनका बेला धरहरा ठड्याउने काम मात्र सकिएको थियो, अन्य काम नसकिएकाले अहिले धमाधम निर्माण, फिनिसिङका काम भइरहेका छन्,' सहरी विकास मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (भवन तथा आवास) का आयोजना निर्देशक कोषनाथ अधिकारीले भने, 'यसमा निर्माण व्यवसायीहरूको पक्षबाट ढिलाइ भयो, हाम्रा पनि केही कमजोरी छन्।'

सुरुमा कोभिडको प्रभाव निर्माणमा परेको आयोजनाको भनाइ छ। ठेक्का निकाल्दा ५ रोपनी जग्गाभित्र निर्माणको काम गर्ने उल्लेख थियो। पछि काम गर्दै लग्दा ४२ रोपनी पुगेको आयोजनाका एक इन्जिनियरले बताए। **बाँकी पृष्ठ ११**

# सडकमा जोखिम हवाई सेवामा हैरानी

**सडक यातायात सहज नभएका हिमाली जिल्लाहरू हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालीकोटलगायत क्षेत्रमा हवाई कम्पनीले विभिन्न बहाना बनाएर नियमित उडान नगर्दा स्थानीय मर्कामा**





**कृष्णप्रसाद गौतम** (सुर्खेत)

साउन तेस्रो साता हुम्लाको सिमकोट गाउँपालिकाका चार बालकको जिल्ला अस्पतालमा उपचार भइरहेको थियो। अवस्था गम्भीर देखिएपछि स्वास्थ्यकर्मीले जिल्ला बाहिर सुविधासम्पन्न अस्पताल लैजान सुझाए। तर अभिभावकले तत्कालै बाहिर लैजान सकेनन्। उपचार अभावमा सबैको ज्यान गयो। 'हामीले स्रोत साधनले भ्याएसम्म प्रयास गर्‍यौं। नसकिने भएपछि सुर्खेत वा नेपालगन्ज लैजान भनेका थियौं,' जिल्ला अस्पताल हुम्लाकी सूचना अधिकारी अनमी सरिता बोहराले भनिन्, 'तुरुन्तै लैजान सकेनन्, ढिलो हुँदा बचाउन सकिएन।'

सिमकोट गाउँपालिका-६ का ६ महिने बालक इमरान सुनार, सिमकोट-७ का ७ महिने रोहित शाही, खार्पुनाथ-१ लालीका १७ महिने आर्यन परियार र चंखेली-४ का ५ महिने बालक सन्देश लुहारले उपचार अभावमा ज्यान गुमाउनुपर्‍यो। शाही र सुनारलाई झाडापखाला थियो भने परियार निमोनिया र लुहार कुपोषणले ग्रसित थिए। चारै जना नाबालकले ज्यान गुमाउनुको पहिलो कारण त उपचार हुन नसक्नु नै थियो। दोस्रो, रेफर गरिएका उनीहरूलाई तत्काल सहरको अस्पताल लैजान हवाई सेवा नहुनु बन्यो। 'एक त जहाजको पहिलेजस्तो नियमित उडान छैन, चले पनि टिकट पाउनै गाह्रो छ,' मृतक इमरानका बुबा सुरज सुनारले दुखेसो गरे, 'समयमै बाहिर लैजान नसक्दा छोरा गुमाउनुपर्‍यो।'

अहिले कर्णालीका हिमाली जिल्लामा पर्याप्त चामल छैन। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले सबै जिल्लामा चामल बिक्री रोकेको छ। हुम्लामा ६ सय ५० क्विन्टल चामल मात्र मौज्दात भएपछि आपत्कालीन अवस्थाका लागि भन्दै बिक्री रोकेको हो। हुम्लाका लागि कम्तीमा २ हजार ५ सय क्विन्टल चामल मौज्दात हुनुपर्छ। 'हुम्लाका लागि रोग, भोक, जीवन, मरण सबैमा हवाई सुविधा जोडिएको छ,' स्थानीय अगुवा विजय लामाले भने, 'एक दिन उडान नभए पनि हामी सबैखाले सम्बन्धबाट विच्छेद हुन्छौं।'

> माथिल्लो कर्णालीमा भरपर्दो यातायात नै हवाई सेवा हो, तर कहिले प्राधिकरणको नियम, कहिले मौसम त कहिले निजी जहाजका मनपरीले वर्षौंदेखि सास्ती भोगिरहेका छौं

हुम्लामा पछिल्लो साता जम्मा ५ उडान मात्र भए। जबकि, एक महिनाअघि सातामै ४० वटासम्म उडान भएका थिए। सडक सुविधा नहुँदा स्थानीयले चार्टर उडानमा १४ हजार ९ सय र नियमित उडानमा ९ हजार २ सय १५ रुपैयाँ भाडा तिरेरै भए पनि हवाई यात्रा गर्न बाध्य छन्। तर पछिल्लो समय उडानमा उल्लेख्य कटौती हुँदा त्यही हवाई यात्रा पनि मुस्किल परेको छ, हुम्लीका लागि। प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलका अनुसार सडक सञ्जालमा नजोडिएको हुम्लामा एक साता मात्रै उडान नभए दैनिक उपभोग्य सामग्री र खाद्यान्नको हाहाकार पर्छ।

प्रतिकूल मौसमको कारण देखाउँदै नेपाल नागरिक उड्डयन प्राधिकरणले साउन १५ देखि मध्याह्न १२ बजेपछि सिमकोट विमानस्थलमा व्यावसायिक उडानमा प्रतिबन्ध लगाएको छ। व्यापक विरोधपछि निर्णयलाई केही खुकुलो बनाए पनि कर्णालीका हिमाली जिल्लामा उडान नियमित भने छैन। 'वर्षा र हिमपातका बेला उडान अवरुद्ध भएको भयै हुन्छ,' सिमकोटका हस्तबहादुर रोकायाले भने, 'कुनै ठूलो दुर्घटना भए वा जटिल बिरामी भए जहाज कुर्दाकुर्दै ज्यान जान्छ।'

अर्को हिमाली जिल्ला डोल्पामा २६ दिनपछि गत बुधबार एउटा मात्र उडान भयो। गत शुक्रबार तारा र समिट एयरका जहाज अवतरण भए। तर यहाँको जुफाल विमानस्थलमा दैनिक सरदर १ सय यात्रु हवाईजहाजको पर्खाइमा हुने गर्छन्। पर्याप्त उडान नहुँदा पालो पर्खाइ लामो बन्ने गरेको छ। 'उपचारलाई बाहिर जाने बिरामी र अत्यावश्यक काम हुनेहरू मात्र हुँदा पनि उड्न पाएका छैनन्,' विमानस्थल नजिकै होटल व्यवसाय गरिरहेका चक्रबहादुर बुढाले भने, 'दिनभर टिकट पाइन्छ कि भनेर विमानस्थल जान्छन्, साँझ निन्याउरो हुँदै फर्कन्छन्।' एक महिनाअघिसम्म समिट एयरको नेपालगन्ज-हुम्ला दैनिक उडान हुन्थ्यो भने तारा र सीता एयरले सातामा कम्तीमा ५/५ उडान भर्थे। नेपाल वायु सेवा निगमले एक महिनादेखि उडान भरेको छैन।

डोल्पामा सडक सुविधा भए पनि भरपर्दो छैन। भेरी करिडोरअन्तर्गत जाजरकोट-दुनै खण्डमा यातायात चले पनि विभिन्न खोला र भेरी नदीमा पुल नहुँदा यात्रुलाई ठाउँ-ठाउँमा गाडी फेर्नुपर्ने बाध्यता छ। 'सडक यातायातको जोखिम र सास्ती उस्तै छ। एक त, कच्ची सडक त्यसमा पनि वर्षायाम,' डोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी दामोदर ज्ञवालीले भने, 'यस्तो सडकमा पहिरो र हिलो पन्छाउँदै ५/६ पल्ट गाडी फेर्दा यात्रा कस्तो होला ?' हवाई यात्राको अवस्था पनि महँगो हुँदाहुँदै भरपर्दो पनि छैन। 'एक त जहाज नै नियमित चल्दैनन्, त्यसमा पनि चार्टरका नाममा लुट छ,' काइके गाउँपालिकाका मनोज बुढाले भने, 'न गाडी भरपर्दो, न त प्लेन नै, हामीले आउजाउमै ठूलो सास्ती भोगिरहेका छौं।'

मुगुस्थित रारा विमानस्थलमा पनि जहाज भरपर्दो छैन। पछिल्लो साता ४ वटा मात्र उडान भएको विमानस्थल प्रमुख सन्तोष गौतमले बताए। उनका अनुसार साउन १५ अघि दैनिक ८ वटासम्म उडान हुन्थे। 'जहाज नहुँदा धेरैजसो अहिले गाडीमै यात्रा गर्न बाध्य छन्,' उनले भने, 'नियमित उडान भएको भए दैनिक सय जनासम्म यात्रु हुन्थे।' यसअघि समिट, तारा र सीताले मुगुमा दैनिक २/२ वटासम्म उडान भर्ने गरेका थिए। मुगुबाट ७ हजार ४ सय २० रुपैयाँ हवाई भाडा तोकिएको छ।

नेपाल एयरलाइन्सले आइतबार र सोमबारलाई उडान तालिका तोकेको भए पनि नियमित छैन। कर्णालीका हिमाली जिल्ला हुम्ला, डोल्पा, मुगु र जुम्लामा अहिले यात्राका लागि जहाजकै भर छ। सुर्खेत-जुम्ला जोडिएको कर्णाली राजमार्ग 'सिंगल लेन' को हुँदा स्थानीयलाई जहाजकै भर पर्नुपरेको नागरिक अगुवा दुर्गाप्रसाद सापकोटा बताउँछन्। 'वर्षायाममा पहिरोले गाडी नरोकिएको र हिलोले नफसेको दिन हुँदैन, एउटा गाडी रोकिँदा घण्टौं जाम हुन्छ,' उनले भने, '५ वर्षअघि गरिएको राजमार्गको कालोपत्र पूरै उप्किएपछि हिउँदमा पनि धुलाम्मे हुन्छ।'



यहाँको अर्को हिमाली जिल्ला कालीकोटमा विमानस्थलमा लामो समयदेखि उडान ठप्प छ। दैलेख, जाजरकोट, सल्यानमा भने विमानस्थल नै छैनन्। रुकुम पश्चिममा चौरजहारी र सल्ले गरी २ विमानस्थल भए पनि चौरजहारीमा लामो समयदेखि उडान हुन सकेको छैन। 'न सडक गतिलो छ, न प्लेन नै आउँछ,' मुगु गमगढीका रत्नबहादुर शाहीले भने, 'कोही जटिल बिरामी भइहाले ज्यान गुमाउनुको विकल्प छैन।' नाग्मा-गमगढी सडक कालोपत्र नहुँदा बर्सेनि जीर्ण बन्दै गइरहेको छ। यहाँ सडक दुर्घटनामै २ वर्षमा ४० जनाले ज्यान गुमाइसकेको जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्यांक छ।

कर्णालीमा अझै पनि गर्भवती र सुत्केरी उद्धारका लागि हेलिकोप्टर 'रेस्क्यु' कै भर छ। राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत गर्भवती र सुत्केरीको उद्धार भइरहेको हो। 'अकालमै ज्यान गुमाउने अवस्थामा पुगेका विकटका गर्भवती र सुत्केरीलाई तुरुन्तै उद्धार गरिने हुँदा यो कार्यक्रम ज्यादै प्रभावकारी छ,' प्रदेश स्वास्थ्य निर्देशक डा. रवीन खड्काले भने, 'उद्धार गरिएका सबैजसो महिलाको ज्यान बचाउन सफल भएका छौं।'

हवाई उडान नहुँदा माथिल्लो कर्णालीमा बेलाबेलामा अघोषित 'नाकाबन्दी' जस्तै हुने गरेको पर्यटन व्यवसायी देवीकृष्ण रोकायाले बताए। 'भरपर्दो यातायात नै हवाई सेवा हो, कहिले प्राधिकरणको नियम, कहिले मौसम त कहिले निजी जहाजका मनपरीले वर्षौंदेखि सास्ती भोगिरहेका छौं,' उनले भने, 'सरकारी जहाज पनि नियमित नचल्दा मारमा परेका छौं।' उनका अनुसार सबै जहाज नियमित नचल्दा टिकटका लागि पनि सोर्सफोर्स चाहिने अवस्था छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले संखुवासभामा निर्माणाधीन हाइड्रो कम्पनीका सामान सिलिङ गर्ने क्रममा सिम्रिक एयरको हेलिकोप्टर दुर्घटना भएपछि देशभर सबै हेलिकोप्टरहरूको सिलिङ फ्लाइट (झुन्ड्याएर सामान ओसार्ने) र ६ जनाको ज्यान जाने गरी मनाङ एयरको माउन्टेन उडान सोलुखुम्बुमा दुर्घटनामा परेपछि दुवैखाले उडानमा प्रतिबन्ध कायमै छ। एक हेलिकोप्टर कम्पनीका प्रतिनिधिका अनुसार चार्टर उडान नहुँदा हुम्लामा दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री र अन्य अत्यावश्यकीय वस्तु ढुवानीमा समस्या भएको छ।

सन् २०२३ भर नेपाली आकाशमा पछिल्ला ८ महिनामा एउटा यतीको एटीआर जहाज र चार वटा हेलिकोप्टर दुर्घटना भएका कारण उडान सुरक्षामा नियमनकारी निकाय कठोर र निर्मम हुनुपरेको प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भुलले बताए। 'नेपालमा ७० वर्षको हवाई यातायातको इतिहासमा १ सय ८ वटा दुर्घटना भए। यीमध्ये अधिकांश दुर्घटना पहाडी भूभागमा भएका छन्। त्यसमा पनि ४ वटा हेलिकोप्टर दुर्घटना भएपछि मनसुनमा सुरक्षित उडान गराउन यसअघिका बर्खामा झैं 'मनसुन सर्कुलर' जारी गरिएको हो,' सहप्रवक्ता भुलले भने, 'यो सर्कुलरले बर्खामा हेलिकोप्टरबाट हुने पर्वतीय उडान, सिलिङ उडान, पुष्पवृष्टि, लङलाइन उडानमा रोक लगाएको हो। दुर्गममा हुने उडानमध्ये चार्टर र व्यावसायिक उडानलाई सुरक्षा मापदण्डअनुसार दिउँसो सञ्चालनमा रोक लगाइएको हो। तर उद्धार, मेडिकल तथा आकस्मिक उडानलाई भने खुलै राखिएको छ।' प्राधिकरणले हिमाली जिल्लामा उपचारको अभावले मृत्यु भएका घटनालाई उडानसँग जोड्नुलाई विषयान्तर गरिएको जनाउँदै निराधार भनेको छ। उसले अहिले मौसममा अत्यधिक बदली भइरहेकाले कर्णालीका अधिकांश विमानस्थलमा उडान हुन नसकेको जनाएको छ।

कर्णाली जिल्लाको प्रदेश राजधानी वीरेन्द्रनगरसम्म उडान सम्बन्ध जोडिएको छैन। जसका कारण यात्रु लुम्बिनी प्रदेशको नेपालगन्ज पुग्नुपर्ने बाध्यता छ। कर्णालीमा साउन दोस्रो सातादेखि अन्तिम सातासम्म उडान नहुँदा विभिन्न हिमाली जिल्लामा जाने झन्डै २ सय ५० यात्रु रोकिएको सुर्खेतस्थित नागरिक उड्डयन कार्यालयका प्रमुख राजनराज ढुंगेलको अनुमान छ। उनले यसअघि प्राधिकरणको नियमले उडानमा समस्या भए पनि अहिले मौसमका कारण समस्या भइरहेको बताए। कालोपत्र भएका विमानस्थलमा जहाज चलाउन पहल गरिरहेको कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले बताए। 'प्रदेश राजधानी वीरेन्द्रनगरबाट पनि हिमाली जिल्लामा नियमित उडान गर्न संघीय सरकारको ध्यानाकर्षण गराइरहेका छौं,' उनले भने, 'जहाज नचल्ने विमानस्थलमा पनि छिट्टै उडानको व्यवस्था मिलाइनेछ।'

### कोटवाडा विमानस्थलमा उडान ठप्प

सात वर्षअघि परीक्षण उडान भएको कालीकोटस्थित कोटवाडा विमानस्थल कालोपत्र भइसके पनि अहिलेसम्म अर्को उडान भएको छैन। रुकुम पश्चिमको चौरजहारी विमानस्थल पनि कालोपत्र गरेदेखि नै ८ वर्षयता अलपत्र छ। स्थानीय भने विमानस्थल कालोपत्र भएपछि जहाज आउने आशामा छन्। स्थानीय ७५ वर्षीय नरबहादुर विष्ट ३३ वर्षको उमेरदेखि कोटवाडाको पाखो खनेर विमानस्थल निर्माणमा संलग्न भएका थिए। उनी सुरुमा कुल्ली (कामदार) बाट विमानस्थल निर्माणमा खटिएका हुन् भने पछिल्लो समय मेट (कामदारको नाइके) समेत बने। 'अहिलेजस्तो खन्ने डोजर, ढुंगा, माटो बोक्ने र टिपर भए त उहिल्यै काम सकिन्थ्यो,' उनले भने, 'कोदालो, साबेल, गैतीले खनेर भैंसीको छालामा माटो बोकेर काम गर्‍यौं।' उनले ०४२ सालमा निर्माण सुरु भएको विमानस्थलमा सुरुदेखि नै काम गरे भने झन्डै एक महिना श्रमदान पनि गरे।

६ महिनाअघि १३ करोड ८६ लाख रुपैयाँमा कोटवाडा विमानस्थल कालोपत्र भएको छ। ६ सय ४० मिटर लम्बाइ रहेको विमानस्थल मोडिने ठाउँमा ३० मिटर र अन्यत्र २० मिटर कालोपत्र भएको हो। सशस्त्र द्वन्द्वका बेला ०५८ फागुनमा अछाम मंगलसेन आक्रमणका दोषी खोज्दै आएको सेनाले धादिङ जोगीमारा, काभ्रे, सिन्धुली र रामेछापका २८ र ७ स्थानीय गरी ३५ जनाको हत्या गरेपछि अवरुद्ध भएको विमानस्थल निर्माणको काम शान्ति स्थापनापछि सुचारु भएको थियो। कर्णाली राजमार्ग निर्माणसँगै सदरमुकाम मान्मबाट कोटवाडा जान अहिले गाडीमा ३ घण्टा लाग्छ।

त्यस्तै रुकुम पश्चिमको चौरजहारी विमानस्थलमा पनि लामो समयदेखि उडान भएको छैन। कच्ची धावनमार्ग हुँदासम्म उडान भइरहने विमानस्थल कालोपत्र भएपछि ठप्प भएको हो। चौरजहारी विमानस्थल ०७० फागुनदेखि ०७२ भदौसम्मको समय लगाएर कालोपत्र गरिएको थियो। ५ करोड ५९ लाख रुपैयाँको लागतमा विमानस्थलको धावनमार्ग कालोपत्र गरिए पनि त्यसयता एउटा पनि जहाजको उडान भएको छैन। सुरुमा नेपाल वायु सेवा निगमले जहाज नभएको भन्दै उडान बन्द गराएको थियो भने हाल यात्रु नभएको कारण देखाउँदै जहाज आउन छोडेका छन्। चौरजहारीमा रहेको नेपाल वायु सेवा निगमको कार्यालय हटाएकै ६ वर्ष भएको छ। 'कार्यालय हुँदा कहिल्यै जहाज आइहाल्छ कि भन्ने आस हुन्थ्यो,' स्थानीय झुपबहादुर बुढाले भने, 'वायु सेवा निगमले कार्यालय नै हटाएपछि त्यो आस पनि मरेको छ।'

स्थानीय गाडीबाटै जिल्ला बाहिर जान थालेपछि विमानस्थल थप ओझेलमा परेको स्थानीय अगुवा यदु आचार्यले बताए। 'अब त चौरजहारीमा जहाज आउँछ भन्ने कुरा कथाजस्तै भयो,' उनले भने, 'उडान नहुँदा जरुरी काम हुनेहरू र बिरामीलाई जिल्लाबाहिर जान निकै सास्ती छ।' उनका अनुसार रुकुम पश्चिम, सल्यान र जाजरकोटलाई लक्षित गरी ०२८ सालमा विमानस्थल बनाइएको थियो। विमानस्थल सुचारु नहुनुको कारणबारे आफू अनभिज्ञ रहेको नेपाल वायु सेवा निगमका जुनियर सहायक सुरेन्द्र नेपालीले बताए। 'नियमित जहाज आएपछि यात्रु नपाइने भन्ने हुँदैन,' उनले भने, 'तर किन हो, यहाँ जहाज पठाउन निगमलाई मुस्किल भइरहेको छ।'


## वर्गीकृत डिस्प्ले

**भाडा तथा बिक्रीमा**

- करीब ३००० वर्गफिट को सैंबू, भैंसीपाटी स्थित गोदाम भाडामा मात्र ४०/- प्रति वर्गफिट तुरुन्त सम्पर्क गर्नु होला ।
- काठमाडौंको सोल्टीमोडमा ५ आनामा बनेको ५१०० वर्गफिट घर सहित विक्रीमा मात्र आनाको १ करोडमा तुरुन्त सम्पर्क गर्नु होला ।

९८०१८४१५६५, ९८०१०७७०८४

चिकेन आज 50% छुट
**एभरेष्ट ममः**
स्थान: सिफल आराधना पेट्रोल पम्पको अगाडी Texas स्कूल सँगैं गौशाला छेउ काठमाडौं
9869718035

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**

श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*



घर बिक्रिमा गाडि बिक्रिमा जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# सुन तस्करीमा सीआईबीको अनुसन्धानपछि आयोग गठन गर्न सत्तापक्ष तयार

● मंगलबार नै सहमति जुटाएर संसद् सञ्चालन गर्ने तयारी ● आयोगको गठन र अनुसन्धानको कार्य क्षेत्राधिकार तय गर्न तीन सदस्यीय कार्यदल गठन

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

सुन तस्करीका समग्र घटनामाथि उच्चस्तरको छानबिनका लागि जाँचबुझ आयोग गठन गरेर संसद्को गतिरोध खोल्न सत्तापक्ष तयार भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार राखेको सर्वदलीय बैठकमा आयोग गठन गर्ने विषयमा दलबीच सैद्धान्तिक सहमति जुटेको हो। सहमतिका लागि आवश्यक मस्यौदा तयार पार्न तीन सदस्यीय समितिसमेत गठन भएको छ। सोमबार अबेर राति भएको समझदारीबाट दलहरू पछि नहटेमा मंगलबार औपचारिक लिखित सहमति हुने र संसद् खोल्ने तयारी छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार पार गरेको तस्करीको सुन सिनामंगलबाट राजस्व अनुसन्धान विभागले गत साउन ३ गते बरामद गरेको थियो। प्रधानमन्त्रीमातहत रहेको विभागले बरामद गरेपछि गृह मन्त्रालय र अर्थ मन्त्रालयको भूमिकालाई लिएर प्रश्न उठाउँदै एमालेले उच्चस्तरीय छानबिन माग गर्दै संसद् अवरोध गरिरहेको थियो। एमालेको अवरोधले एक महिनादेखि संसद्को नियमित कामकारबाही अघि बढेको छैन। कानुन निर्माणका प्रक्रिया रोकिएका छन् भने आम जनताका मुद्दा ओझेलमा परेका छन्। सत्ता र प्रमुख प्रतिपक्षबीचको लामो रस्साकसीपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गरिरहेको अनुसन्धानलाई प्रभावित नपार्ने गरी आयोग गठनको मध्यमार्गी समझदारी खोजिएको हो।

बैठकमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सीआईबीले अहिले गरिरहेको कामलाई हस्तक्षेप नगर्ने गरी आयोग बनाउन दलहरूबीच सहमति जुटेको बताए। 'जाँचबुझ आयोग ऐन-२०२६ ले दिएको अधिकार प्रयोग गरी आयोग बनाउन सहमति जुटेको छ,' बैठकपछि कान्तिपुरसँग उनले भने, 'सहमतिमा लेख्ने भाषा, बुँदा, कार्यादेश बनाउने जिम्मा तीन दलका तीन नेतालाई दिइएको छ।' आयोगको गठनको समय, कार्य क्षेत्राधिकारलगायतका विषयमा मस्यौदा बनाउन एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङ, कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखक र माओवादी प्रमुख सचेतक हितराज पाण्डे संलग्न तीन सदस्यीय कार्यदल बनाइएको छ।

बैठकमा सहभागी अर्का एक नेताका अनुसार सीआईबीले अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयलाई बुझाएपछि आयोग गठनका लागि सरकार पक्ष तयार भएको हो। उनका अनुसार आइतबार र सोमबार बनेको भद्र समझदारीबाट पछि नहटेमा मंगलबार नै लिखित सहमति गरेर संसद् सञ्चालन गर्ने तयारी छ।

रास्वपा सभापति लामिछानेले सहमति कार्यान्वयनको पक्षमा आफूहरू रहेको बताए। 'तर दलहरूबीचको सहमति छिनमै बन्ने, छिनमै भत्कने देखेकै छौं। हामीले सहजकर्ताको भूमिका निर्वाह गर्ने प्रयास गर्‍यौं। यो सहमति नभत्कियोस् भन्ने पक्षमा हामी छौं,' उनले भने, 'किनभने धेरै विषयमा हामीले संसद्मा आवाज उठाउनु छ।'

कार्यदलका सदस्य लेखकले अहिलेसम्म भएका सुन तस्करीका समग्र घटना छानबिन गर्न सैद्धान्तिक रूपमा आयोग गठन गर्ने कुराकानी भइरहे पनि ठोस सहमति नभइसकेको बताए। 'सहमति नै भइसकेको छैन। भोलिको वातावरण के हुन्छ भन्न सकिन्न। सीआईबीले स्वतन्त्र र निष्पक्ष रूपमा अनुसन्धान गर्न पाउनुपर्छ, उसको अनुसन्धानमाथि अनुसन्धान नहुने गरी आयोग गठनको कुरा भएको छ,' उनले भने, 'सिनामंगलबाट बरामद भएको सुन तस्करीको घटना मात्रै नभएर आयोगले समग्र तस्करीको अध्ययन गर्नेछ। खासगरी यसले नीतिगत त्रुटिको सुधारको क्षेत्रमा काम गर्नेछ।' ६० केजीभन्दा बढी सुन बरामदको घटनामा सीआईबीले अनुसन्धान सकेर सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाउने समयसीमा अझै एक महिना साता छ।



**सहमति छिनमै बन्ने, छिनमै भत्कन सक्छ, हामी सहमति कार्यान्वयनको पक्षमा छौं**

● **रवि लामिछाने**
रास्वपा सभापति



**सहमति नै भइसकेको छैन, भोलिको वातावरण के हुन्छ भन्न सकिन्न**

● **रमेश लेखक**
कांग्रेस प्रमुख सचेतक



**मंगलबार नै आयोगको कार्यदेश बनाएर बैठकमा प्रस्तुत हुन्छ, संसद् खुल्छ**

● **पदम गिरी**
एमाले प्रमुख सचेतक

एमाले अध्यक्ष केपी शर्मा ओलीले तत्काल आयोग गठनको माग गर्दै आएका थिए। तत्काल गठन गर्दा सीआईबीको अनुसन्धानमा 'ओभरसाइट' हुने भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ नमानेपछि सीआईबीले प्रतिवेदन बुझाएपछि गठन हुने गरी मंगलबार सहमति गर्ने समझदारी बनेको हो।

एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले आयोग गठन गर्ने सहमति गरेर मंगलबार नै संसद्को गतिरोध खोल्ने प्रयास हुने बताए। 'सीआईबीले आफ्नो ढंगले अनुसन्धान गर्छ। आयोगले सीआईबीले हेर्न छुटेका, उसका कमीकमजोरी औंल्याएर अनुसन्धान गर्ने, खासगरी नीतिगत र संरचनागत सुधार गरेर सधैंलाई तस्करीलाई अन्त्य गर्ने दिशामा आयोगको काम हुन्छ,' उनले भने, 'तीन सदस्यले मंगलबार नै आयोगको टीओआर बनाएर बैठकमा प्रस्तुत गर्नेछन्। नेताहरूसहित बसेर त्यसमा सहमति बनेपछि संसद्को गतिरोध खोल्छ।' सीआईबीले प्रतिवेदन बुझाएपछि आयोग गठन गर्ने कि त्यसअघि नै गर्ने भन्नेमा मंगलबार सहमति हुने उनले बताए।

जसपा नेता राजकिशोर यादवले मंगलबार बस्ने बैठकमा मस्यौदासहित छलफल हुने बताए। 'आयोग गठन गर्ने कुरामा सहमति निकटमा नेताहरू हुनुहुन्छ। आयोगको कार्य क्षेत्र के हुने, कहिले गठन गर्ने भन्नेलगायत विषयमा सर्वदलीय बैठकमा भएको छलफलका आधारमा कार्यदलले मस्यौदा ल्याउँछ,' यादवले भने, 'मस्यौदामा छलफल गरेर मंगलबार नै सहमति गर्ने मनस्थिति बनेको छ।'

मंगलबार बिहान यही विषयलाई लिएर राष्ट्रपति रामचन्द्र पौडेलले पनि सर्वदलीय बैठक बोलाएका छन्। प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति देउवा, एमाले अध्यक्ष ओली, सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनासँग चरणबद्ध छलफल सकेपछि राष्ट्रपतिले बिहान ८ बजे सर्वदलीय बैठक बोलाएका हुन्। बैठकमा एमाले भने सहभागी नहुने भएको छ। एमाले अध्यक्ष ओलीले संसद्को विषयमा राष्ट्रपतिले अनावश्यक सक्रियता देखाएको भन्दै अनुपस्थित हुने पार्टीका नेताहरूसँग बताएका छन्। एमाले प्रमुख सचेतक गिरीले पनि कार्यकारी प्रमुखको तहबाट सहमति निकटमा पुगिरहेकै बेला राष्ट्रपति क्रियाशील हुनु शोभनीय नहुने बताए। 'संसद् खुलाउने विषय राष्ट्रपतिको होइन। प्रधानमन्त्रीले बोलाएको बैठक नै सहमतिनिकट पुगिरहेकाले राष्ट्रपतिले यसै विषयलाई लिएर बोलाएको बैठकमा गइरहन आवश्यक छैन। एमाले जाँदैन,' गिरीले भने।

संसद् खुलाउने विषयमा राष्ट्रपतिले बोलाएको सर्वदलीय बैठकप्रति प्रधानमन्त्री दाहालसमेत सन्तुष्ट छैनन्। राजधानीबाहिर रहेका दाहाल सोमबार राति ८ बजे फर्केर सिंहदरबारमा बैठक राख्नु यसैको परिणति भएको माओवादीका एक नेताले बताए। 'राष्ट्रपतिले बोलाएको सर्वदलीय बैठकमा जाने, चिया खाएर फर्कने काम हुन्छ। यस विषयको औपचारिक सहमति दिउँसो २ बजे प्रधानमन्त्रीले बोलाएको बैठकबाट हुनेछ,' ती नेताले भने।

सोमबारको बैठकमा नेताहरूबीच विभिन्न विषयलाई लिएर चर्काचर्कीसमेत भएको थियो। बैठकमा केहीछिन प्रधानमन्त्री दाहाल, गृहमन्त्री श्रेष्ठसँग एमाले अध्यक्ष ओली आक्रामक भएका थिए। गृहमन्त्रीले सुन तस्करी घटनाबारे 'कोट र टार' को कुरा निकालेर के भन्न खोजेको भन्दै ओली गृहमन्त्रीप्रति कड्किएका थिए। आइतबारको सर्वदलीय बैठकमा ओली अनुपस्थित थिए भने गृहमन्त्रीसँग देउवा कड्किएका थिए।

'आज झन्डै बैठक नै भाँडिएको थियो। हिजो तपाईं (ओली) नआउँदा सहमति भइसकेको थियो। आज तपाईं हुँदा भाँडिन खोज्यो भनेर प्रधानमन्त्रीले के भन्नुभएको थियो, ओली जुरुक्क उठेर बैठकबाट निस्कनुभयो,' बैठकमा सहभागी अर्का एक नेताले भने, 'बसेर सहमति गरौं भनेर प्रधानमन्त्रीले आग्रह गरेपछि मात्रै ओली बैठकमा बस्नुभएको हो।'

# श्रेष्ठसामु न्यायालयको साख उकास्ने चुनौती

**लामो समयदेखि हुन नसकेको न्यायाधीश नियुक्तिका कारण जिल्लादेखि सर्वोच्च अदालतसम्म इजलासहरू खाली, मुद्दाको संख्या बढ्ने तर न्यायाधीशको संख्या घट्ने कारणले नागरिकको न्याय पाउने संविधानप्रदत्त हकमा गम्भीर ढिलाइ**

**घनश्याम खड्का** (काठमाडौं)

सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश नियुक्त भएका छन्। संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा सिफारिस गरिएका श्रेष्ठलाई संसदीय सुनुवाइ समितिको सोमबारको बैठकले सर्वसम्मत अनुमोदित गरेपछि राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्त गरेका हुन्।

३१ औं प्रधानन्यायाधीशका रूपमा आगामी १४ महिना सर्वोच्च अदालतको जिम्मेवारी सम्हाल्न लागेका श्रेष्ठसामु न्यायालयको साख उकास्ने गम्भीर चुनौती छन्। लामो समयदेखि हुन नसकेको न्यायाधीश नियुक्तिका कारण जिल्लादेखि सर्वोच्च अदालतसम्म इजलासहरू खाली हुँदै गइरहेका छन्। मुद्दाको संख्या बढ्ने तर न्यायाधीशको संख्या घट्ने कारणले नागरिकको न्याय पाउने संविधानप्रदत्त हकमा गम्भीर ढिलाइ भइरहेको र अनेक विकृति-विसंगतिले न्यायालयको साख गिर्दो क्रममा रहेको कानुनविद्हरूको विश्लेषण छ। न्यायालयको साख उकास्नु र न्यायमा भइरहेको ढिलाइलाई रोक्नु प्रधानन्यायाधीशको मुख्य चुनौती रहेको उनीहरू बताउँछन्।

'निष्पक्ष भएर सक्षम न्यायाधीश नियुक्त गर्न सक्नुभयो भने न्यायालयका लागि उहाँको ठूलो योगदान हुनेछ,' कानुनविद् विपिन अधिकारी भन्छन्। अदालतमा राम्रा न्यायाधीश नियुक्त भए न्यायालय त्यसै सुधारिने र खराब व्यक्ति नियुक्त भए न्यायालय त्यसकै कारण बदनाम हुने भएकाले प्रधानन्यायाधीशका रूपमा उनले गर्ने नियुक्तिको निर्णयले ठूलो प्रभाव पार्ने उनको विश्लेषण छ।

हाल उच्च अदालतमा ५४, सर्वोच्चमा ७ र जिल्ला अदालतमा ३८ न्यायाधीश खाली छन्। असोजमा सर्वोच्चका न्यायाधीश अनिल सिन्हा र फागुनमा ईश्वरप्रसाद खतिवडाले अवकाश पाउँदै छन्। पहिलेजस्तै नियुक्तिमा ढिलाइ भए खतिवडाको अवकाशपछि सर्वोच्चमा न्यायाधीशको संख्या घटेर १२ मा झर्नेछ। त्यतिबेला कुल इजलास संख्याको आधा मात्रै न्यायाधीश रहने अवस्था आउँछ। यसको असर मुद्दा फैसलामा पर्नेछ। अहिले नै सर्वोच्चमा करिब २८ हजार मुद्दाको चाङ छ। 'न्यायाधीश नहुँदा त्यसै पनि न्यायालय गम्भीर समस्यामा छ, तुरुन्तै हुनुपर्ने गम्भीर संवैधानिक महत्त्वका मुद्दामा सुनुवाइ बन्द छ, यो अवस्थालाई जतिसक्दो छिटो अन्त्य गर्नुपर्ने आवश्यकता म देख्छु,' वरिष्ठ अधिवक्ता शम्भु थापा भन्छन्, 'भागबन्डाबाट जोगिएर राम्रा न्यायाधीश ल्याउन सक्नुहुन्छ कि हुन्न भन्ने प्रश्नले उहाँको नेतृत्व कस्तो रह्यो भन्ने मापन गर्नेछ।'

कांग्रेस, माओवादी र एमालेबीच भागबन्डामा न्यायाधीश नियुक्त हुने विगतको चलनलाई तोड्नु श्रेष्ठका लागि अर्को चुनौती रहेको थापाले बताए। 'खराब मानिस नियुक्त गर्दिन, को कस्ता छन्, मलाई थाहा छ भनेर प्रधानन्यायाधीशले अडान लिनुभयो भने कसैको पनि जोर चल्दैन,' अधिकारी भन्छन्, 'हालसम्म अविवादित छवि बनाउनुभएका उहाँ (श्रेष्ठ) ले त्यसो गर्न सक्ने नैतिक आधार पनि छ। त्यसको उहाँले ख्याल गर्नुभयो भने न्यायालयले पछिसम्म स्मरण गर्नेछ, गर्नुभएन भने अरू कैयन् प्रधानन्यायाधीशजस्तै विस्मरणमा जानु हुनेछ।'

न्यायाधीश नियुक्तिका अलावा न्याय प्रशासनमा भएको विकृति-विसंगति अन्त्य गर्नुपर्ने चुनौती रहेको न्यायालयकै अधिकारीहरू बताउँछन्। 'न्याय परिषद्मा न्यायाधीशहरूविरुद्ध उजुरीका चाङ छन्, कतिपय न्यायाधीशलाई कारबाही सिफारिस पनि भएका छन् तर कार्यान्वयन भएको छैन,' सर्वोच्चका एक अधिकारीले भने, 'उहाँले यी उजुरी र छानबिनको प्रतिवेदनलाई कसरी सम्बोधन गर्नु हुन्छ भन्नेले उहाँको प्रभावकारितालाई निर्धारण गर्नेछ।'



न्याय परिषद्का अनुसार परिषद्मा न्यायाधीशहरूविरुद्ध २ सय ४७ उजुरी परेका छन्, त्यसमाथि कुनैमा पनि छानबिन भएको छैन। हाल जुम्ला उच्च अदालतका न्यायाधीश नवराज थपलियाविरुद्ध न्यायिक विचलन हुने गरी काम गरेको गम्भीर उजुरी परेपछि सर्वोच्चका न्यायाधीश तिलप्रसाद श्रेष्ठको अध्यक्षतामा गठन भएको एक सदस्यीय समितिले छानबिन गरेर प्रतिवेदन दिएको धेरै समय भइसक्दा पनि परिषद्ले त्यसमाथि निर्णय गरेको छैन। त्यस्तै, गम्भीर न्यायिक विचलनको प्रमाणसहित उजुरी परेपछि काठमाडौं जिल्ला अदालतका न्यायाधीश अम्बिका निरौलामाथि परिषद्का सदस्य रामप्रसाद भण्डारीले छानबिन गरी प्रतिवेदन बुझाएका थिए। त्यसमाथि पनि कुनै निर्णय हुन सकेको छैन।

घरजग्गा व्यवसायी इच्छाराज तामाङ आर्थिक अपराधमा जेल परेपछि उनलाई धरौटीमा छुटाउनेबारे अधिवक्ता रुद्र पोखरेल र काठमाडौं जिल्ला अदालतका न्यायाधीश राजकुमार कोइरालाबीचको फोन संवाद बाहिरिएपछि उनीविरुद्ध परिषद्का सदस्य रामप्रसाद श्रेष्ठको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन भएको थियो। समितिले त्यसमाथि अनुसन्धान गरी प्रतिवेदन बुझाएको एक वर्ष पुगिसकेको छ। त्यसमाथि पनि न्याय परिषद्ले कुनै निर्णय लिन सकेको छैन। न्यायाधीशहरू निरौला र कोइराला हाल निलम्बनमा छन्। अन्य न्यायाधीशविरुद्ध पनि उजुरी परेको छ तर कारबाही अगाडि बढेको छैन। महाराजगन्जमा रहेको ६ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा जाने फैसला गरेका न्यायाधीश बद्री वलीविरुद्ध परिषद्ले गत वर्ष छानबिन गरी प्रतिवेदन पेस गरेको थियो। त्यसमाथि पनि कुनै निर्णय भएको छैन। बरु त्यसअघि नै वलीको अवकाश भइसकेको छ।

'परिषद्ले न्यायाधीशहरूको आचरणमाथि प्रश्न उठेपछि तत्काल छानबिन गरी दोषी भए कारबाही र निर्दोष भए सफाइ दिनुपर्नेमा त्यसो गर्न सकेको छैन,' कानुनविद् अधिकारी भन्छन्, 'यसले न्यायालयलाई ठूलो क्षति पुर्‍याएको छ। प्रधानन्यायाधीशले अब यस पक्षमाथि पनि विचार पुर्‍याउनु जरुरी छ।' परिषद्ले न्यायाधीशको आचरण र कार्यसम्पादनसम्बन्धी नियमित अनुगमन र निगरानी गर्नुपर्ने कानुनी जिम्मेवारी पनि लामो समयदेखि निर्वाह गर्न सकेको छैन। 'विगतमा लामो समय न्यायालय कामु नेतृत्वमा चल्दा निगरानी, अनुसन्धान र कारबाहीको काम रोकिएको थियो,' परिषद्का एक अधिकारीले भने, 'यसलाई अबको नेतृत्वले सुचारु गर्न सक्यो भने न्यायालयको बिग्रेको साख उस्कन मद्दत पुग्नेछ।'

त्यस्तै, निवर्तमान प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको अध्यक्षतामा गठन भएको फैसला अध्ययन समिति नेपाल बारको विरोधका कारण निष्क्रिय अवस्थामा छ। 'त्यसलाई पनि अबका प्रधानन्यायाधीशले सक्रिय पार्न सक्नुपर्छ,' ती अधिकारीले भने, 'हिजोको कामु नेतृत्वलाई खुलेर काम गर्दा प्रधानन्यायाधीशमा नियुक्तै नगरिदेलान् कि भन्ने डर थियो तर अब उहाँलाई त्यो डर छैन, त्यसैले पनि न्याय प्रशासनलाई चुस्त ढंगले सम्हाल्ने अवस्था उहाँका लागि छ।'

त्यस्तै, कार्कीले वरिष्ठ न्यायाधीश हुँदै पेस गरेको न्यायको सुधार प्रतिवेदनलाई सर्वोच्चको फुलकोर्टले अहिलेसम्म अंगीकार गरेको छैन। संसदीय सुनुवाइ समितिमा सोमबार विकृति विसंगतिविरुद्ध आफू खरो रूपमा उत्रने प्रतिबद्धता व्यक्त गरेका श्रेष्ठका अघिल्तिर उक्त प्रतिवेदन कार्यान्वयन गर्नु अर्को चुनौती रहेको जानकारहरू बताउँछन्।

सुनुवाइ समितिमा बिचौलियाको जगजगीलाई अदालतमा निस्तेज पार्ने प्रतिबद्धता व्यक्त गरेका श्रेष्ठ २०८१ असोज १९ सम्म पदमा रहनेछन्। उनका अघिल्तिर न्यायालय सुधारका लामो समयदेखि थाती रहेका अन्य दर्जनौं काम पनि छन्, जसमध्ये पेसी तोक्न अटोमेसन प्रविधिको प्रयोग पनि एक हो। २०१६ असोज २० मा डोटीको सिलगढीमा जन्मेका श्रेष्ठ ०३८ सालमा अस्थायी रूपमा शाखा अधिकृत भई न्याय सेवामा प्रवेश गरेका थिए। त्यसको ६ वर्षमै जिल्ला न्यायाधीश भएका उनी २०६२ मा तत्कालीन पुनरावेदन अदालत बाग्लुङको न्यायाधीश भए। २०७० मा पुनरावेदन अदालत पोखराको कायममुकाम मुख्य न्यायाधीश र २०७१ मा पुनरावेदन अदालत हेटौंडाको मुख्य न्यायाधीश भए। त्यसको दुई वर्षपछि २०७३ साउन १७ मा उनी सर्वोच्च अदालतमा नियुक्त भएका थिए।






# ‘नांगो गाउँ’ मा राजनीतिक दाउपेच

काठमाडौं (कास)- दयाहाङ राई र मिरुना मगर अभिनीत फिल्म ‘नांगो गाउँ’ को ट्रेलर सार्वजनिक भएको छ । भदौ २९ गतेदेखि प्रदर्शन हुने फिल्मको ट्रेलर बुढासुब्बा युट्युब च्यानलमार्फत सोमबार सार्वजनिक गरिएको हो ।

ट्रेलरमा चुनावी सफलताका लागि हुने राजनीतिक दाउपेच देखाइएको छ । समाज सुधार्ने उद्देश्यले शिक्षण पेसाबाट राजनीतिमा प्रवेश गरेका दयाहाङ राई र राजनीतिलाई व्यवसाय बनाउँदै आएका शिशिर वाङ्देलबीचको लडाइँ ट्रेलरमा देखाइएको छ ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा दयाहाङ, मिरुना र शिशिरसँगै कार्म, साम्राज्ञी राज्यलक्ष्मी शाह, बुद्धि तामाङ, रवीन्द्र झा, विशाल पहाडी, अंकित खड्का, राज थापा, कमलमणि नेपाल, पुष्कर गुरुङ, शारदा गिरी, सविन बाँस्तोला, शंकर आचार्य, निमा पाण्डे, केशव राई, इष्टु कार्कीलगायतका कलाकारले अभिनय गरेका छन् । क्लक वर्क क्रियसनको प्रस्तुतिमा निर्माण भएको फिल्मका निर्माता जय श्रेष्ठ हुन् । आलोक शुक्लाले छायांकन गरेको फिल्मको सम्पादन बनिश शाहले गरेका छन् ।

# बिर्तामोडको उदय पुस्तकमा



झापा (कास)- झापाका पत्रकार तीर्थ सिग्देलले बिर्तामोडको विकासक्रम समेटेर पुस्तक सार्वजनिक गरेका छन् । ‘बिर्तामोडः उद्भव र विकास’ कृतिमा इतिहासदेखि वर्तमानसम्मको नालीबेली छ ।

जंगल क्षेत्रबाट ‘पूर्वको मुटु’ का रूपमा उदाएको बिर्तामोडको ऐतिहासिक पाटो सिग्देलले पुस्तकमा केलाउने कोसिस गरेका छन् । अघिल्ला ४ पुस्तकमा मान्छेका कथा भनेका सिग्देलले यसपटक भने मान्छे बस्ने भूगोल छानेका हुन् । ‘प्रत्येक मान्छेका आ-आफ्नै कथा हुन्छन्,’ सिग्देल भन्छन्, ‘मान्छेको जस्तै कथा भूगोलको पनि हुन्छ ।’ सिग्देलका अनुसार बिर्तामोड सहरको इतिहास पुगनपुग पाँच दशकको हो । २०१९ सालमा तत्कालीन सत्ताले पूर्व-पश्चिम राजमार्गको परिकल्पना र निर्माणपछि मात्रै उदाएको हो बिर्तामोड । ‘राजमार्गको योजनाअघि यो क्षेत्रमा बाक्लो जंगल थियो,’ सिग्देलले लेखेका छन्, ‘जंगल मासिएपछि बिर्तामोड जन्मिएको हो ।’

तराईका धेरैजसो सहर करिब पाँच दशकअघिसम्म अस्तित्वमा थिएनन् । बिर्तामोड पनि त्यही समयमा उदायो । त्यो बेला झापाका भद्रपुर, झापा बजार, शनिश्चरे, हडिया बुधबारे, नकलबन्दा, घैलाडुब्बाजस्ता बजार प्रख्यात थिए । मूलतः यहाँ राजवंशी, धिमाल, सन्थाल र चौधरीहरू औलोको प्रकोप झेलेर बसेका थिए । जब राजमार्ग बन्यो । औलो पनि उन्मूलनको क्रममा थियो । तब, पहाडियाहरू बसाइँ सरेर आउन थाले । तिनै आदिवासीहरूले बसाएको बस्ती आज भव्य बिर्तामोडमा परिणत भएको छ । ‘जसले बस्ती बसाए, उनीहरू बिस्तारै पाखा लाग्दै गए,’ सिग्देलले भने, ‘पछि आउनेहरूले सहर कब्जा गरे ।’

## सन् १९११ मा आजकै दिन

# कोरियामाथि जापानको नियन्त्रण



सन् १९१० मा आजकै दिन (अगस्ट २२) जापानले कोरियामाथि औपचारिक रूपमा नियन्त्रण कायम गरेको थियो । १९१० को जापान-कोरिया सन्धिअनुसार जापानले कोरियामाथि कब्जा जमाएको हो । शाही जापानी शासनको उपनिवेशमा रहेको कोरिया दोस्रो विश्वयुद्धको अन्त्यपछि मात्र स्वतन्त्र भएको हो । पछि १९६५ मा भएको ‘आधारभूत सन्धि’ अनुसार पूर्ववत् सन्धि खारेज गरिएको थियो ।

सन् १९१० देखि १९४५ सम्म जापानी शासनअन्तर्गत पीडित औपनिवेशिक राज्य रहेका बेलाका केही मुद्दाले भने दुई देशबीचको सम्बन्ध बेलाबखत तनावपूर्ण बन्ने गर्छ । त्यसका लागि खासगरी ‘कम्फर्ट वुमेन’ र कोरिया विभाजन प्रमुख छन् । ‘कम्फर्ट वुमन’ दोस्रो विश्वयुद्ध अघि र त्यसका क्रममा जापानी साम्राज्यका सेनाले नियन्त्रणमा लिएका देशका र क्षेत्रमा यौन दासत्वमा बाध्य पारिएका महिला वा युवती हुन् ।

जापान र दक्षिण कोरियाबीच १९६५, १९९८ र २०१५ मा ती मुद्दा मिलाउन केही सहमति जुटेको थियो । तर महिला अधिकार समूह र पीडितहरूप्रति बेवास्ता गरिएको विरोधपछि ती मुद्दा टुंगोमा पुग्न सकेका छैनन् । तर पनि उत्तर कोरिया को परमाणु कार्यक्रम, सामुद्रिक सुरक्षालगायत कारण कोरियाली द्वीपमा उत्पन्न तनावबीच दक्षिण कोरियाले जापानसँग मिलेर काम गर्न बाध्य छ ।

# २३ वर्षदेखि ‘गाईजात्रा’



**हरेक वर्ष गाईजात्राको समयमा हाँस्यव्यंग्यमा व्यस्त रहने कमल गाउँले भन्छन्, ‘नेताहरू दिनदिनै जात्रा गरिरहेका छन् । हामीले एक दिन गाईजात्रा मनाउने हो । सधैं व्यंग्य गर्न, गुनासो गर्न पाइँदैन । एक दिन भए पनि नेताका गलत प्रवृत्तिविरुद्ध त बोल्नुपर्‍यो नि ।’**



**दुर्गालाल केसी** (दाङ)

*गर्नु गर्‍यौ बलराम भैंसी पालेर*
*दुनियाँलाई ढाटेर*
*खाटी दूधमा पानी हालेर*

राजु परियार र विष्णु माझीले गाएको यो गीतमा अभिनय गरेपछि कलाकार कमल गाउँलेलाई काठमाडौं ओहोरदोहोर गर्नेक्रममा चितवनको मुग्लिङमा उत्रिएर खाना खानसमेत सकस भयो । दूधमा पानी मिसाएर आफूहरूको बेइज्जत गरिदिएको भन्दै किसानले उनलाई गाली गर्न थाले । कतिपय ठाउँमा उनलाई भेष बदलेर लुकीलुकी हिंड्नुपर्‍यो । गीतमा उनको अभिनयले चर्चाको चुलीमा पुर्‍यायो । गायकलाई मात्र नभई अभिनय गर्ने पात्रलाई दर्शकले धेरै याद गरे ।

कमलको परिचय फेरियो, दूधमा पानी मिसाउने ‘बलराम’ नै चिनारी बन्यो । त्यसले उनलाई कला क्षेत्रलाई नै निरन्तरता दिने ऊर्जा पनि थपिदियो । तीतो सत्य, मदनबहादुर-हरिबहादुर लगायतका दर्जनौं टेलिसिरियल र सयौं म्युजिक भिडियोमा गाउँलेले अभिनय गरे । ‘उहिले बाजेको पालामा’, ‘देवयानी’, ‘चन्द्र सूर्य’, ‘खबरदार’, ‘प्रेमनाथ’ ‘ढुकुटी’, ‘हली’, ‘कुम्भकरण’, ‘पण्डित बाजेको लौरी’, ‘छक्का पञ्जा’, ‘छ माया छपक्कै’ लगायतका चलचित्रमार्फत उनले ठूलो पर्दामा पनि अभिनय गरे ।

गाउँले मानिसको भूमिकामा कमलले जीवन्त अभिनय गरेका छन् । कहिले आरने दाइ, कहिले कपडा सिलाउने दाइ त कहिले किसान । यस्ता अनेकौं ‘गाउँले पात्र’ को भूमिकामा अभिनय गर्दागर्दै उनको पहिचान नै गाउँले भयो । खास नाम कमल अर्याल भए पनि उनको अभिनय भूमिकाले उनी गाउँले पात्र भए अनि नाम मात्र होइन, पहिचान नै गाउँले । अहिले उनलाई कमल अर्याल भन्दा कमैले चिन्छन् । कमल गाउँले नै उनको कलाकारिताको मात्रै होइन, जीवनकै परिचय भएको छ ।

लामो समय काठमाडौंमा बसेर विभिन्न टेलिफिल्म, र म्युजिक भिडियोमा अभिनय गरेका उनले अहिले घोराही उपमहानगर-१८ मसिनास्थित आफ्नै घरमा बसेर गाईजात्राको हाँस्यव्यंग्य सिर्जनामा व्यस्त छन् । २३ वर्षदेखि निरन्तर एक्लै गाईजात्राको एल्बम/भिडियो सार्वजनिक गरिरहेका छन् । यस वर्ष पनि उनले ‘काण्ड-काण्डको देश’ नामको २३ औं गाईजात्रे भिडियो बनाएर गत शुक्रबार कमल गाउँले युट्युब च्यानलमार्फत सार्वजनिक गरेका छन् ।

सुरुमा क्यासेट रेकर्ड गरेर आफैं बेच्दै पनि हिडें कलम । त्यो क्रम ५ वर्षसम्म चल्यो । त्यसपछि समयसँगै भिसिडी वितरण गर्न थाले । त्यसपछि युट्युबको जमाना आयो । अनि उनले पछिल्लो प्रविधि पछ्याउँदै युट्युबमा राख्न थाले । ‘हाँस्यव्यंग्य नै मेरो कर्म क्षेत्र भयो । सुरुमा मादल बजाउँदै काठमाडौं छिरेको थिए, पछि हाँस्यव्यंग्यमा रस पसेपछि यसैमा निरन्तर लागिरहेको छु,’ कमलले भने, ‘गाईजात्रे सामग्री त मेरो हरेक वर्षको महत्त्वपूर्ण उत्पादन भएको छ । म यसलाई निरन्तर चलाइरहन्छु ।’

नाफा कमाउने उद्देश्यभन्दा समसामयिक राजनीतिक र सामाजिक विकृतिलाई व्यंग्य गर्न निरन्तर गाईजात्रे सामग्री तयार पार्ने गरेको उनको भनाइ छ । पछिल्लो समय युट्युबमा दर्शक बढ्दा पैसा कमाउन सकिन्छ तर अन्य सामाजिक सञ्जालमा हालिदिने भएकाले युट्युबमा भ्युज कम हुने गरेको उनको गुनासो छ । ‘एउटा भिडियो बनाउन एक लाखभन्दा बढी खर्च हुन्छ तर आम्दानी गर्न समस्या छ,’ उनले भने, ‘कलाकार बाँच्ने नै आफ्नो सिर्जनाबाट हो तर यहाँ सिर्जना पनि चोरेर व्यापार गर्ने क्रम बढेको छ ।’

गाईजात्रालाई उनी महत्त्वपूर्ण पर्वका रूपमा लिन्छन् । ‘नेताहरू दिनदिनै जात्रा गरिरहेका छन् । हामीले एक दिन गाईजात्रा मनाउने हो । सधैं गाली गर्न, गुनासो गर्न पाइँदैन,’ उनले भने, ‘वर्षमा एक दिन भए पनि नेताहरूको गलत प्रवृत्तिविरुद्ध बोल्न पाइन्छ । समाजका विकृति औंल्याउन पाइन्छ ।’ पहिलेपहिले कलाकारिता गर्न काठमाडौंमै बस्नुपर्ने बाध्यता भए पनि अहिले प्रविधिको विकासले जहाँबाट पनि कला देखाउन सकिने उनी बताउँछन् । त्यसैले आफ्नै जिल्लामा बसेर विभिन्न सामग्री उत्पादन गरिरहेको उनको भनाइ छ । त्यसो त, बेलाबेला फिल्म र भिडियोमा अभिनय गर्ने अवसर आए काठमाडौंतिर दौडन्छन् उनी । काम सकिएपछि भने फेरि जिल्लामै फर्केर सिर्जनामा लाग्छन् ।

कमलले २०५० सालमा जिल्लाकै नवयुग नाट्य समूहबाट कला यात्रा सुरु गरेका थिए । समूहले जिल्लाका विभिन्न गाउँमा पुगेर सडक नाटक देखाउने गर्थ्यो । समूहमा कर्णप्रिय प्रकृति धिताल, मथुराप्रसाद श्रेष्ठ, अजित लामिछाने लगायतका कलाकार थिए । २०५४ मा दाजु भरत अर्यालले सांगीतिक प्रशिक्षण लिन उनलाई काठमाडौं पठाए । मोदनाथ प्रश्रित अध्यक्ष र जेबी टुहुरे उपाध्यक्ष रहेको जनसांस्कृतिक मञ्चले सञ्चालन गरेको प्रशिक्षणमा उनले राप्ती अञ्चलको प्रतिनिधित्व गर्दै मादल, सारंगी बजाउन र गीत गाउन सिके ।

सांगीतिक प्रशिक्षण लिंदालिंदै उनलाई ‘बलिदान’ चलचित्रमा देखिने मौका मिलेको थियो । ‘एक वर्षसम्म मञ्चको प्रशिक्षण लिंदा काठमाडौंका गल्लीहरू चिन्न पाएँ । कलाकारिता सिक्न पाइयो,’ उनले भने, ‘त्यसपछि कलाकारिताको नसा झनै चढ्यो ।’ २०५७ मा रेडियो नेपालले आयोजना गरेको लोकगीत प्रतियोगितामा सहभागी भई उनले त्यसै वर्ष स्वर परीक्षा उत्तीर्ण गरे । २०५८ देखि एक वर्षसम्म सांस्कृतिक संस्थानमा अभिनयको कक्षा लिए ।

अभिनय सिक्दासिक्दै उनले नेपाल प्रज्ञा प्रतिष्ठानले आयोजना गर्ने राष्ट्रिय नाटक महोत्सवमा थुप्रै नाटकमा अभिनय गरे । नाटक लेखन र निर्देशनका कामहरू पनि गरे । त्यस क्रममा धेरै पुरस्कारहरू पनि पाए । २०६० मा राष्ट्रिय मादल प्रतियोगितामा सहभागी भई देशकै उत्कृष्ट भए । ‘त्यसपछि मलाई काठमाडौंमै बसिरहन सजिलो भयो । दोहोरी साँझहरूमा मादल बजाउन थालें,’ उनले भने, ‘रातभर दोहोरीमा काम गर्ने र दिनभर फिल्म, सिरियलहरू खेल्न थालें ।’

यति धेरै विधालाई सँगसँगै लैजाँदा पनि उनले हाँस्यव्यंग्यलाई छोड्नै सकेनन् । उनले दर्जनौं प्यारोडी गीत गाए । हाँस्यव्यंग्य गर्ने क्रममा गाउँलेले देशका विभिन्न जिल्लाका साथै दर्जनौं मुलुकको यात्रा गरिसकेका छन् । ‘कलाकारिताबाट मलाई धेरै नै आत्मसन्तुष्टि छ । दर्शकहरूको माया पाएको छु,’ उनले भने, ‘जनतालाई हँसाउन पाएको छु । मेरो पहिचान नै गाउँले हो । म गाउँघरकै पात्रका कथा बोकेर बाँचिरहेको छु, बाँचिरहनेछु ।’

# लाखेजात्रामा फुटबल गर्न जुटे युवा

**आनन्द गौतम** (ताप्लेजुङ)

लाखेजात्राको मौका पारेर २०२९ सालदेखि चल्दै आएको फुटबल प्रतियोगितामा ‘ब्रेक’ लाग्न नदिन स्थानीय युवा कसिएका छन् । सञ्चारकर्मी एवं फुटबल खेलाडी देवराज गुरुङको संयोजकत्वमा समिति बनाएर तयारी सुरु गरिएको हो । प्रतियोगितालाई पुरानै लयमा फर्काउन ए डिभिजन क्लब, विदेशी खेलाडी र विदेशी क्लबसमेतलाई आयोजकले आमन्त्रण गर्ने भएका छन् । ‘खेल मैदान मेसिन लगाएर सम्याउनुपर्ने रहेछ । दर्शकका लागि मैदानको चारैतिर बाँसको प्याराफिट बनाउनुपर्ने भएको छ,’ संयोजक गुरुङले भने, ‘खेल प्रतिको क्रेज र परम्परालाई मर्न नदिन प्रतियोगिता सञ्चालन गर्ने प्रयासमा छौं ।’ भदौ १४ मा रक्षा बन्धनका दिन उद्घाटन गरेर २० गते श्रीकृष्ण जन्माष्टमीका दिन समापन गर्ने तयारीमा जुटेको गुरुङले बताए ।

विगतका आयोजक र पुराना खेलाडीबाट पनि ढाडस र सहयोग पाएकाले सफल पार्नेमा आशावादी रहेको गुरुङले विश्वास व्यक्त गरे । समितिका कोषाध्यक्ष निरोज श्रेष्ठका अनुसार प्रतियोगितामा ४१ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । चार वर्षअघि भएको प्रतियोगितामा दर्शकबाट २० लाख रुपैयाँ उठेकाले मुख्य स्रोत त्यसैलाई मानिएको उनले बताए । ‘फुङलिङ नगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ र अरू आठ वटा गाउँपालिकाले पनि सघाउने बचन दिएका छन्,’ समितिका सचिव टिकेन्द्र नेपालीले भने, ‘प्रायोजकबाट पुरस्कार र सहयोगीबाट प्रतियोगिता सक्ने गरी रकम जुट्ने अपेक्षा गरेका छौं ।’

सदरमुकाम चलायमान हुने र लामो इतिहास बोकेको प्रतियोगिता भएकाले हरेक उद्योगी, व्यापारीले



फाइल तस्बिर


सहयोग गर्ने उद्योग वाणिज्य संघका अध्यक्ष नारान थापा बताउँछन् । ‘यहाँ त आयोजनामा चासो दिने नभएर समस्या भएको थियो,’ उनले भने, ‘युवा साथी अगाडि आए हामी पनि साथमै छौं, अब सफल हुन्छ ।’ स्थानीय भानुजन माविको मैदानमा प्रतियोगिता हुनेछ । फुटबलका लागि इलेभेन साइजको यो एकमात्र मैदान हो ।

यसअघि प्याराफिटसहितको संरचना भए पनि विद्यालयले आफ्नो कम्पाउन्ड लगाउन त्यसलाई भत्काएर पुनर्निर्माण गरेको छ । मैदानबाट बाहिरिने एकमात्र ढोका भएकाले भागदौड भएको खण्डमा भने चुनौती हुन सक्ने चिन्ता आयोजकको छ । टिकट काटेर मात्रै प्रवेश पाइने भएकाले एकमात्र द्वार हुँदा आयोजकलाई आर्थिक लाभ भने हुन्छ । मैदानको पानी निकास गर्ने ठाउँ नहुनु अर्को चुनौतीका लागि पानी फाल्ने मेसिन प्रांगणमै राख्नुपर्ने भएको नेपालीले बताए । मैदान तयारी अवस्थाको बनाउनकै लागि दुई लाख बढी खर्च हुने आयोजकको बुझाइ छ ।

धान, कोदो, मास, मस्याङ जस्ता बाली लगाएर बसेका गाउँले भने यो प्रतियोगिता औधी रुचाउँदै आएका छन् । लाखेजात्रा भर्ने, लाखे नाच र फुटबल हेर्न सदरमुकाम भित्रिनेको विगतमा ठूलै ताँती देखिन गरेको थियो । कोभिडका कारण जमघट गर्न नमिल्ने भएकाले दुई वर्ष प्रतियोगिता भएन भने गत वर्ष मैदान निर्माणाधीन अवस्थामा रहेकाले प्रतियोगिताको चर्चै भएन । यो वर्ष पनि नभए प्रतियोगितामा ब्रेक लाग्ने अवस्था सिर्जना भएको थियो । तर प्रतियोगिताको अनिश्चितताबारे कान्तिपुरले महत्त्वका साथ समाचार छापेपछि स्थानीय युवा जागेका हुन् । जसका कारण प्रतियोगिताको तयारीले गति लिएको छ ।

यो वर्ष पनि विजेतालाई ३ लाख र उपविजेतालाई १ लाख ५१ हजार नगद पुरस्कार दिने आयोजकको भनाइ छ । बाहिर जिल्लाबाट आएका खेलाडीलाई बास, भोजनको व्यवस्था गर्नुपर्ने, खेलेको दिन, अघिल्लो र पछिल्लो दिनको समेत भत्ता दिनुपर्ने भएकाले ठूलो खर्च खेलाडीमा हुने गर्छ । यसपछिको खर्च स्वयंसेवकका लागि हुन्छ । दर्शकबाट सेमिफाइनल अघिसम्म प्रतिव्यक्ति एक सय, सेमिफाइनलमा १ सय ५० र फाइनलमा दुई सय रुपैयाँ लिने तयारी आयोजकको छ । काठमाडौं, झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर र भारतको सिक्किम वा दार्जेलिङको टिम बोलाउने मनस्थितिमा आयोजक छन् ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** – कुनै कामविशेषले कतै जाने प्रबन्ध मिल्नेछ । तपाईंको सुख सुविधाको राम्रो ख्याल गरिनेछ । आर्थिक पक्ष सुदृढ रहनेछ ।

**वृष** – मनको तनाव हट्नेछ । बैंकिङ क्षेत्रसम्बन्धी काममा संलग्न रहनुपर्नेछ । भनेभैं कामकुरा गर्न पाउँदा मनमा सन्तोष रहनेछ ।

**मिथुन** – यात्रामा निस्कँदा आवश्यक समान छुट्न सक्छ । गर्नुपर्ने कामको सूची बनाउँदा सजिलो हुनेछ । अपर्झट कुनै समस्या आउन सक्छ ।

**कर्कट** – सकारात्मक सोच राख्दा काम सहज हुनेछ । असम्बन्धित कुराको झमेलामा पर्न सकिनेछ । कसैको लहैलहैमा नलाग्नु राम्रो हुनेछ ।

**सिंह** – सोचेअनुसार सबै कुरा मिल्दै जानेछ । पारिवारिक खुसीको ख्याल गर्दै काम गरिनेछ । आफ्नो कार्यक्षेत्रमा पनि राम्रो सफलता मिल्नेछ ।

**कन्या** – कतैबाट कुनै निमन्त्रणा पाइन सक्छ । कसैकसैलाई आफ्नो कार्यक्षेत्रमा सम्मान मिल्न सक्छ । पदीय मर्यादाको ख्याल गर्दै काम गरिनेछ ।

**तुला** – आकस्मिक उपहार पाइन सक्छ । मन तनावरहित हुँदा काममा जाँगर बढ्नेछ । योजना अनुसार सबै कुरामा सफलता मिल्दै जानेछ ।

**वृश्चिक** – कसैले बिनाकारण निहुँ खोज्न सक्छन् । विचार बुझ्न मन चोर्ने प्रयास गर्न सक्छन् । बोली र व्यवहारमा ध्यान दिनुपर्ने बेला छ ।

**धनु** – घरमा पाहुनाको आवागमन हुने देखिन्छ । कुनै काम पछिका लागि सार्नुपर्ने अवस्था सिर्जना हुनेछ । कुनै कुराको आकस्मिक लाभ हुनेछ ।

**मकर** – कुनै नवीन कामको योजना बन्न सक्छ । सकभर योजना बनाएर काम गर्ने प्रयास हुनेछ । समयको ख्याल गर्दै आफूलाई काममा खटाइनेछ ।

**कुम्भ** – मन चञ्चल रहनेछ । कुनै कुराको निर्णय गर्न मनले असहज मान्न सक्छ । सामयिक कुरा विचार गरी आफूलाई अनुकूल बनाउने प्रयास हुनेछ ।

**मीन** – सधैंको उस्तै कामले मन वाक्क हुन सक्छ । केही समय कामबाट फुत्किने प्रयास हुनेछ । आफ्नो रुचिअनुसारका काममा भुल्न मन लाग्नेछ ।

# साथीको मृत्युपछि सुधार गृहबाट निस्केर प्रदर्शन

## खुट्टामा पिलो र ज्वरो आएर थलिएका किशोरको समयमै उपचार नपाएर मृत्यु भएपछि भक्तपुरस्थित बाल सुधार गृहका बालक र किशोर आक्रोशित

**मकर श्रेष्ठ** (भक्तपुर)

बाल सुधार गृह प्रशासनले एक बालकको उपचारमा बेवास्ता गरेकै कारण मृत्यु भएको भन्दै आक्रोशित सानोठिमीस्थित सुधार गृहका बालक र किशोर तोडफोडमा उत्रिएका छन् ।

ज्वरो र पिलो आएर थलिएका रामेछापका १९ वर्षीय किशोरलाई बेलैमा उपचार नगराउँदा मृत्यु भएको उनीहरूको आरोप छ । 'बेलैमा उपचार गरिदिएको भए उनी बाँच्थे,' सुधार गृहबाट निस्केर आफूले भोगेका समस्या सुनाउन थापाथलीस्थित कान्तिपुर कार्यालय आएका एक युवाले भने, 'सुधार गृह प्रशासनले चिनेकालाई बेलैमा उपचार गराउँछ, औषधि दिन्छ, अरूलाई वास्तै गर्दैन । यस्तै समस्या अरूले भोग्न नपरोस् भनेर हामीले आन्दोलन गरेका हौं ।' सुधार गृहको खाना पनि राम्रो नभएको उनले बताए । 'तरकारी जे दिए पनि झोल मात्रै हुन्छ । सरकारले उपलब्ध गराएको बजेटले पनि राम्रो खाना खुवाउँदैनन्,' उनले भने ।

सुधार गृहबाट भागेका २ सय २१ (बालक र किशोर) मध्ये २ सय ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । १७ जना फरार छन् । बाल सुधार गृहमा ४३ जना किशोरी र बालिकासहित २ सय ९७ जनालाई राखिएको थियो । तीमध्ये २ सय २१ जना सुधार गृहको गेटमा लगाएको ताला फुटाएर भागेका हुन् । सुरक्षामा खटिएका प्रहरीमाथि नै आक्रमण गर्दै उनीहरूले गेट फुटाएका थिए । भक्तपुरका प्रहरी प्रमुख प्रजित केसीले सुधार गृहले उपलब्ध गराउने सुविधामा चित्त नबुझेर विद्रोह गर्दै २ सय २१ जना सुधार गृहबाट भागेको बताए । प्रहरीले १ सय ९४ लाई फरार भएको ४ घण्टाभित्रै नियन्त्रणमा लिएको हो ।

एक किशोरको मृत्युको विषयलाई लिएर सोमबार सुधार गृह पछाडिको गेटमा आफन्तले विरोध गरेका थिए । विरोधपछि ठिमी वृत्तका प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रहरी टोली परिचालन गरिएको थियो । सशस्त्र प्रहरीको टोली पनि सुधार गृहको गेटबाहिर तैनाथ थियो । मृतक किशोरका आफन्तले प्रशासनविरुद्ध नाराबाजी गरिरहेका बेला भित्र पनि दुई समूहबीच झडप भएको थियो । विरोध गर्ने समूह धेरै भएपछि प्रहरीले भीड नियन्त्रण गर्न सकेन । १०/१२ जना विरोध गर्न हुन्न भन्ने र अरू सबै विद्रोहको पक्षमा भएपछि दुई समूहबीच नै झडप भएको कान्तिपुर कार्यालय आएका ती युवाले बताए ।



तस्बिर : दीपक केसी/कान्तिपुर

**साथीको मृत्युपछि सोमबार प्रदर्शनमा उत्रिएका भक्तपुरको सानोठिमीस्थित बाल सुधार गृहका बालक र किशोर ।**

'सुरक्षामा खटिएका प्रहरीलाई लाठी, भाला, कुर्सी, रड, इँटा जे भेटिन्छ त्यसैले हानेपछि प्रहरी भीड नियन्त्रण गर्न अघि बढेको हो,' प्रहरी प्रमुख केसीले भने, 'तर उनीहरू गेट फुटाएर भागेका हुन् ।' डेक्स, बेन्च, टीभी सेटले समेत उनीहरूले आक्रमण गरेको उनको भनाइ छ । प्रहरीका अनुसार सुधार गृहका युवाले कार्यालयको १ नं. को पोस्टमा रहेको कुर्सी, टेबल, सिसाको बत्ती फुटाएका छन् । टीभी, युसेफ अफिसको झ्यालको सिसा, लाइट, सीसी क्यामेरामा क्षति पुऱ्याएका छन् । युवाको समूह हातमा लाठी, रड लिएर सानोठिमीको मूल सडक हुँदै पेप्सीकोलातर्फ गएका थिए । मूल सडकमा उनीहरूले सवारीसमेत चल्न दिएनन् । उनीहरूलाई नियन्त्रणमा लिन काठमाडौं उपत्यका कार्यालय रानीपोखरी र सशस्त्र प्रहरी गण दुवाकोटबाट थप टोली परिचालन गरी मध्यपुर थिमि क्षेत्रमा उल्लेख्य मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ ।

स्थानीय बासिन्दा प्रहरीले हवाई फायर गरेको बताउँछन् भने भक्तपुर प्रहरी प्रमुख केसीले हवाई फायरको आदेश नदिएको दाबी गरे । झडपमा ठिमी वृत्तका प्रहरी नायब उपरीक्षक रवीन श्रेष्ठ, प्रहरी निरीक्षक संञ्जीव ओलीसहित १९ प्रहरी र आठ जना सशस्त्र प्रहरी घाइते भएका छन् । सुरक्षाकर्मीको नागरिक अस्पताल, मध्यपुर, भक्तपुर, नेपाल प्रहरी, सशस्त्र प्रहरी र भक्तपुर इन्टरनेसनल अस्पतालमा उपचार भइरहेको छ । घाइतेहरू १८ देखि २२ वर्षसम्मका छन् । सुधार गृहका १० जना पनि घाइते भएका छन् । घाइतेमध्ये ट्रमा सेन्टरमा उपचार गराइरहेका १८ वर्षीय युवा गम्भीर छन् । उनलाई आईसीयूमा राखेर उपचार भइरहेको छ ।

उपचारका क्रममा आइतबार मृत्यु भएकाका परिवारका आफन्तले जाहेरी नदिएकै कारण पोस्टमार्टम हुन सकेको छैन । 'मृतकका आफन्तले जाहेरी नदिएकै कारण मृत्युको कारण पत्ता लगाउन पोस्टमार्टमका लागि पठाउन सकिएको छैन,' प्रहरी उपरीक्षक केसीले भने । घटनाको अनुसन्धान गर्न जिल्ला प्रशासनले सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाको संयोजकत्वमा छानबिन समिति बनाएको छ ।

सुधार गृहको व्यवस्थापन न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालले गर्दै आएको छ । यसका लागि गृह मन्त्रालयले युसेपलाई बजेट उपलब्ध गराउँछ । युसेप नेपालका निर्देशक केशव सुवालले सुधार गृहमा रहने बालबालिकाले पाउनुपर्ने सबै सुविधा उपलब्ध गराउँदै आएको दाबी गरे । उनीहरूले आफूले चाहेको ठाउँमा सरुवा हुनुपर्ने, मन लागेको खान पाउनुपर्ने, चाहेको पद पाउनुपर्ने आन्तरिक माग भए पनि सुविधाको बहाना बनाएको सुवालले बताए । सुधार गृहमा माघ २९ मा कपिलवस्तुबाट १८ जनालाई ल्याएपछि समस्या बढ्दै गएको उनको भनाइ छ ।

सुधार गृहमा १२ देखि १८ वर्षका बालबालिका राख्ने भए पनि १८ वर्ष माथिका मात्रै १ सय ३१ जना छन् । उनीहरूलाई अन्यत्र सार्न जिल्ला प्रशासन भक्तपुरले समेत कारागार विभागमा सिफारिस गरेको थियो । विभागले बेलैमा निर्णय नगरेकै कारण सोमबारको घटना भएको सुधार गृहको आरोप छ । यहाँका ६० प्रतिशत जबर्जस्ती करणी घटनामा परेर अदालतको आदेशपछि आएका छन् । २ सय ९७ मध्ये १ सय ५४ जना जबर्जस्ती करणीमा परेका छन् । त्यस्तै, कर्तव्य ज्यानमा ५८, लागूऔषधमा २१, डाकामा १६, चोरीमा १३, ज्यान मार्ने उद्योग, सवारी कर्तव्य ज्यान र अभद्र व्यवहारमा ५/५, मानव बेचबिखनमा ३, अपहरण, बालविवाह, सवारी ज्यान, जबर्जस्ती करणी उद्योग र सवारी अंगभंगमा २/२ जना, आपराधिक उपद्रव, छुवाछूत भेदभाव, शंकास्पद कसुर, एसिड प्रहार, व्यक्ति बेपत्ता र झैझगडामा १/१ जना छन् । विभिन्न आपराधिक घटनामा संलग्न भएपछि अदालतको आदेशमा सरकारले १८ वर्ष मुनिकालाई सुधार गृहमा राख्ने गरेको छ । काठमाडौं उपत्यकामा एक मात्रै सुधार गृह यही हो ।

# पूर्वमेसु नै नवजात शिशु बेचबिखनमा ?

**विनोद भण्डारी** (विराटनगर)

कोशी अस्पतालका पूर्वमेडिकल सुपरिन्टेन्डेन्ट डा. तपेश्वरलाल कर्णले मोटो रकम लिएर अवैध सम्बन्धबाट जन्मिएका शिशु निःसन्तान दम्पतीलाई उपलब्ध गराउँदै आएको आशंका गरिएको छ । गत असार १४ मा अविवाहित जोडीबाट जन्मिएकी एक शिशुलाई अस्पतालबाटै बेपत्ता गरेको आरोपमा उनी चार दिनदेखि प्रहरी नियन्त्रणमा छन् । यसबारेमा प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

भोजपुर हतुवागढी-४ का एक अविवाहित जोडीबाट गत असार १४ मा सामान्य अवस्थामा विराटनगरको ग्रिनक्रस अस्पतालमा जन्मिएकी शिशुको व्यवस्थापनका नाममा उक्त जोडीबाट ३५ हजार रुपैयाँ लिएर निःसन्तान दम्पतीलाई बेचेको आरोपमा प्रहरीले डा.कर्णलाई गत शुक्रबार नियन्त्रणमा लिएको हो । अविवाहित २७ वर्षीय गोविन्द राई र २६ वर्षीया युवतीको सम्बन्धबाट बसेको आठ महिनाको गर्भलाई सामान्य अवस्थामा जन्माई शिशु (छोरी) को व्यवस्थापनका लागि कर्णले गोविन्दबाट ३५ हजार रुपैयाँ लिएको प्रहरीले जनाएको छ । त्यसपछि कर्णले ती शिशुलाई कति रकममा बिक्री गरे भन्ने खुल्न बाँकी रहेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी रञ्जनकुमार दाहालले बताए । 'शिशुको व्यवस्थापनका लागि डा.कर्णले सुरुमा गोविन्दसँग ५० हजार रुपैयाँको माग गरेका रहेछन्,' डीएसपी दाहालले भने, 'गोविन्दले त्यति रकम दिन नसक्ने बताएपछि ३५ हजारमा डिल भएको रहेछ ।'

गोविन्दले प्रेमिकालाई असार १३ मा विराटनगरको ग्रिनक्रस अस्पतालनजिकैको डा. कर्णको दीपेश मेडिकल क्लिनिकमा लिएर गएका थिए । सुरुवाती परीक्षण गरेर कर्णले ती युवक र युवतीको नाम र ठेगाना परिवर्तन गरी नजिकैको ग्रिनक्रस अस्पतालमा भर्ना गरेर असार १४ मा सामान्य अवस्थामा सुत्केरी गराई त्यसै दिन युवतीलाई बच्चाबिनै डिस्चार्ज गरेका थिए । अस्पतालको रेकर्डमा गोविन्दको नाम मानबहादुर तामाङ र युवतीको फूलकुमारी तामाङ तथा ठेगाना सुनसरीको रामधुनी-११ उल्लेख छ ।

डा. कर्णको नाममा किटानी जाहेरी परेपछि प्रहरीले नियन्त्रणमा लिने प्रयास गर्दा उनले अचानक बिरामी भएको 'नाटक' गरेका थिए । उनलाई नियन्त्रणमा लिन प्रहरी गत शुक्रबार नै ग्रिनक्रस अस्पताल पुग्दा डा. कर्ण शल्यक्रिया गर्ने तयारीमा थिए ।

डा. कर्णलाई बचाउन कोशी अस्पताल प्रशासन र विराटनगरका प्रायः सबै चिकित्सक एक मत भएर अनुसन्धानमा असहयोग गरेको प्रहरीको भनाइ छ । अभियुक्त जोगाउन अनुसन्धानमा असहयोग गरेको भन्दै अस्पताल प्रशासन र चिकित्सकलाई पनि प्रतिवादी बनाउने मोरङ प्रहरी प्रमुख एसपी दीपक पोखरेलले बताए । 'प्रहरीको अनुसन्धानलाई संलग्न चिकित्सकसहित कोशी अस्पताल प्रशासन र त्यहाँका चिकित्सकले पनि सहयोग गरेनन्,' एसपी पोखरेलले भने, 'अस्पताल प्रशासन र त्यहाँका चिकित्सक यो मुद्दामा स्वतः प्रतिवादी बन्छन् ।' अस्पतालका निमित्त मेसु डा. मनोज ठाकुरले डा. कर्ण अस्पताल भर्ना भएको र अवस्था जटिल हुँदै गएपछि हाल एचडीयू (हाई डिपेन्डेन्ट युनिट) मा राखेर उपचार भइरहेको बताए ।

डा. कर्णले असार १४ मा युवतीलाई अस्पतालबाट बच्चाबिनै डिस्चार्ज गरिदिएपछि प्रेमी गोविन्दले इटहरीको एक होटलमा राखे । प्रेमिकाले बच्चा खोइभन्दा गोविन्दले अस्पतालमै उपचार भइरहेको छ भन्ने जवाफ दिए । असार १६ मा गोविन्द युवतीलाई बस्दै गर्नु भन्दै होटलबाट हिँडे, अनि फर्किएनन् । प्रेमी एक सातासम्म नफर्केपछि युवती सुनसरीको खनार दक्षिण सोनापुर आएर बसिन् । 'मैले जिउँदै बच्चा जन्माएकी हुँ, छोरी जन्मिएको भनेर नर्सहरूले देखाउँदै भनेका थिए, डिस्चार्ज गर्दा बच्चा दिएनन् । गोविन्दले नै बच्चा राख्ने व्यवस्था मिलाए जस्तो लाग्यो,' उनले प्रहरीसमक्ष भनिन्, 'मैले जन्माएको बच्चा अस्पतालबाटै गायब बनाइयो । सुत्केरी अवस्थामा गोविन्दले पनि छाडेर हिँडेपछि अलपत्र परें ।' बिहे गर्ने प्रलोभन देखाएका गोविन्दले डाक्टरसँगको मिलेमतोमा बच्चासमेत गायब बनाएको भन्दै उनले साउन ३२ मा मोरङ प्रहरीसमक्ष किटानी उजुरी दिएपछि घटना बाहिर आएको हो । युवतीको किटानी जाहेरीपछि प्रहरीले गोविन्दलाई पनि नियन्त्रणमा लियो ।

> अनुसन्धानमा असहयोग गरेको भन्दै कोशी अस्पताल र त्यहाँका चिकित्सकलाई पनि प्रहरीले प्रतिवादी बनाउने

डा. कर्णले दशक अगाडि नै मोरङको ग्रामथान गाउँपालिकाका एक निःसन्तान दम्पतीलाई ५ लाख रुपैयाँ लिएर अवैध सम्बन्धबाट जन्मिएकी शिशु उपलब्ध गराएको स्रोतको दाबी छ । उनी कोशी अस्पतालमा करिब अढाई दशकदेखि स्त्रीरोग विशेषज्ञका रूपमा कार्यरत छन् । डा.कर्णले उक्त समयमा दर्जन बढी शिशुको व्यवस्थापनदेखि बिक्रीसम्म गरेको कोशी अस्पतालमा नै कार्यरत एक स्रोत बताउँछ । २०६३ देखि ०६४ सालसम्म कोशी अस्पतालबाटै तीन जना नवजात शिशु अचानक हराउँदा पनि अस्पतालमा ठूलै हंगामा मच्चिएको थियो । उक्त घटनामा पनि डा.कर्णकै संलग्नताको आशंका गरिएको थियो । तर राजनीतिक शक्ति दुरुपयोग गरेर उनले छानबिन हुन नदिएको बताइन्छ । डा. कर्ण २०७० चैत १९ देखि २०७१ असोज १४ सम्म कोशी अस्पतालको मेसुसमेत थिए ।

६८ वर्षीय डा. कर्ण लामो समयदेखि अवैध गर्भपतन गराउने, अवैध शिशुका अभिभावकबाट मोटो रकम असुल्ने र त्यस्ता शिशुलाई निःसन्तान दम्पतीलाई बिक्री गर्दै आएको उक्त स्रोतको दाबी छ । त्यस्ता शिशुलाई उनले कम्तीमा एक लाखदेखि पाँच लाख रुपैयाँभन्दा बढी लिएर बिक्री गर्दै आएको स्रोतको भनाइ छ । कर्णसँग अवैध सम्बन्धबाट गर्भ रहने अविवाहित जोडीको सम्पर्क गराउने गिरोह नै सक्रिय रहेको बताइएको छ ।






# न्यायाधीशकी पत्नी ९ महिनादेखि न्याय खोज्दै

## वैवाहिक बलात्कारपीडित आरती रावल पतिविरुद्ध दुई महिनादेखि काठमाडौंको माइतीघरमा अनशनमा

**विद्या राई** (काठमाडौं)

वैवाहिक बलात्कारको आरोप लागेका न्यायाधीश भुवन गिरीलाई कारबाही गर्नुको साटो धरौटीमा छुटाएर मुद्दा प्रभावित बनाइएको भन्दै उनकी पत्नी आरती रावल गिरी अनशनमा छिन् ।

दुई महिनादेखि काठमाडौंको माइतीघर मण्डलमा अनशन बसिरहेकी उनले निलम्बनमा परेका न्यायाधीशको सरकारी सेवासुविधा खारेज हुनुपर्ने, आफूलाई बकपत्रका लागि बोलाउनुपर्ने, गिरीविरुद्धका मुद्दाहरूमा शीघ्र छानबिन गरी कानुनबमोजिम कारबाही हुनुपर्ने, पीडितलाई सरकारले जीविकोपार्जनको व्यवस्था गरिदिनुपर्ने माग राखेकी छन् । उनले बलात्कारजस्तो संगीन अभियोग लागेकालाई धरौटीमा छोडिएको भन्दै गत असार १० गते महान्यायाधिवक्ता कार्यालय परिसरमा प्रदर्शन गरेर आमरण अनशन थालेकी थिइन् ।

न्याय प्रशासन सेवा ०७३ मा 'न्यायाधीश पदमा कार्यरतलाई भ्रष्टाचार वा खराब आचरणका कारण जिल्ला वा पुनरावेदन अदालत वा प्रचलित कानुनबमोजिम दायर भएको मितिदेखि न्यायाधीश पदबाट स्वतः निलम्बन हुने' व्यवस्था छ । कारबाहीका लागि न्याय परिषद्मा आरतीले उजुरी दिएपछि न्यायाधीश गिरी निलम्बित भएका थिए । तर, गिरीले न्यायाधीशको हैसियतमा पाएको गाडी, ड्राइभर, भान्सेलगायतका सेवासुविधा लिइरहेको र आफ्नो पदीय रवाफ देखाउँदै आफूविरुद्धको मुद्दा कमजोर पार्न खोजेको भन्दै आरतीले साउन १० गते कपिलवस्तु जिल्ला अदालतमा निवेदन दिएकी छन् ।




'निजविरुद्धको मुद्दा कमजोर पार्ने भूमिका खेली मुद्दामा सम्बन्धित अदालतका कर्मचारीहरूले मेरो शंकामा सूचना लुकाउने, जाहेरवालाको बकपत्र नगराउनका लागि जानकारी लुकाउने भइरहेकाले म निवेदक अन्यायमा परेको छु,' उनले कपिलवस्तु अदालतमा बुझाएको निवेदनमा भनिएको छ । बलात्कार मुद्दाहरू दायर भएको कपिलवस्तु र काठमाडौं जिल्ला अदालत दुवैले हालसम्म बकपत्रमा नबोलाएको बताइन् । कपिलवस्तु जिल्ला अदालतका सूचना अधिकारी नारायणबहादुर भट्टराई भन्छन्, 'बकपत्रका लागि दुई पटक बोलाएका थियौं, आउनु भएन, अब अर्को पेसी चढ्छ त्यसपछि बोलाइन्छ ।'

गिरीले लिइरहेको सेवासुविधाका विषयमा भने न्याय परिषद्मा काजमा तानिएको धेरै समय भइसकेकाले आफूलाई जानकारी नरहेको सूचना अधिकारी भट्टराईले बताए । न्याय परिषद् सचिवालयका सहसचिव मानबहादुर कार्कीले गिरी हाल निलम्बनमा रहेको र उनले खाइपाई आएको सवालमा कपिलवस्तु जिल्ला अदालत नै जानकार रहने बताए । आरतीले भने आफूलाई समयमा जानकारी नगराएकाले जान नसकेको बताइन् । काठमाडौं जिल्ला अदालतमा वैशाख १९, जेठ २२, असार ७, २०, २१ र साउन २८ गते पेसी तोकिए पनि बकपत्र तोकिएको छैन । रावल र गिरीबीच प्रेम सम्बन्धपछि ०७४ सालमा विवाह भएको थियो । त्यतिखेर गिरी बाँके जिल्ला अदालतमा स्रेस्तेदार थिए । उनी ०७९ असारमा न्यायाधीश भए । आफूलाई पहिलो पटक तीन महिनाको गर्भ जबर्जस्ती औषधि खुवाएर र दोस्रो पटक ०७६ साउनमा कुटपिट गरेर साढे तीन महिनाको गर्भपतन गराएको आरतीको आरोप छ ।

आफूलाई बन्धक बनाएर कुटपिट, घरेलु हिंसा, यौन शोषण र हिंसा, अप्राकृतिक मैथुन गरेको भन्दै उनले पतिविरुद्ध ०७९ मंसिर २ मा कपिलवस्तु जिल्ला प्रहरी कार्यालयमा उजुरी हालिन् । गिरीले पनि ०७९ मंसिर ११ मा आरतीविरुद्ध बाँके जिल्ला अदालतमा सम्बन्धविच्छेदको मुद्दा हाले । पत्नीविरुद्ध उल्टै पैसा चोरेको आरोप लगाउँदै कारबाहीका लागि कपिलवस्तु जिल्ला प्रहरी कार्यालयमा पनि जाहेरी दिए ।

न्यायाधीश बनेको आठ महिनापछि (०७९ फागुन १४) गिरी काठमाडौंस्थित न्याय परिषद्मा सरुवा भए । आफूलाई शोषण गर्ने न्यायाधीशलाई अनुसन्धानको दायरामा नल्याएर न्यायालयको कुर्सीमा राखेको भन्दै आरतीले काठमाडौं आएर सर्वोच्च अदालत परिसर र बानेश्वरस्थित संसद् भवन अगाडि प्रदर्शन गरिन् । उनले राष्ट्रिय मानवअधिकार आयोग र महिला आयोगमा समेत उजुरी दिइन् । दुवै आयोगले प्रहरीलाई पत्र पठाउँदै घटनाबारे चासो राखेका थिए । कपिलवस्तु जिल्ला अदालतले चैत २० गते गिरीविरुद्ध पक्राउ पुर्जी जारी गऱ्यो । गिरीले माइती पक्षलाई डरधम्की देखाएर आरतीलाई मुद्दा फिर्ता गराउन दबाब दिएको आरोप छ । फिर्ता नलिने अडान लिएपछि उनले माइती पक्षको साथसमेत गुमाइन् । 'यसपछि मेरो माइतीले न्यायाधीशसँग मुद्दा लड्न सकिँदैन, छोड्दे, छोरी मान्छेको इज्जत जान्छ, समाजमा पनि नराम्रो हुन्छ भनेर मलाई दबाब दिए, मैले मानिनँ, झन् एक्लो भएँ,' अनशनरत उनले सुनाइन्, 'न्यायका खातिर एक्लै लडिरहेको छु ।'

माइती पक्षको दबाबलाई आरतीले नमानेपछि गिरी आफैं लागिपरे । छलफल गर्नका लागि धेरै पटक अनुरोध गरेपछि आरतीले ०७९ चैत २७ गते सुन्धारामा भेट गरिन् । गिरीले भेटलगत्तै आरतीका कागजात र मोबाइल कब्जामा लिएका थिए ।

वैवाहिक बलात्कार अभियोगमा पक्राउ गरेका गिरी भने आरती हिरासतमा रहेकै बेला कपिलवस्तु जिल्ला अदालतबाट वैशाख १७ गते २ लाख ७५ हजार रुपैयाँ र काठमाडौं जिल्ला अदालतमा पनि वैशाख १९ गते ५० हजार रुपैयाँ धरौटीमा छुटे । उनी धरौटीमा छुटेपछि मान्छे लगाएर ज्यान मार्ने धम्की दिँदै आएको आरतीले भनिन् । 'म न्यायाधीश हो, मलाई कानुन लाग्दैन, होस् गर्नुहोला भनेर मेरा साथीहरूलाई पनि धम्की दिँदै आएको छ,' उनले भनिन् ।


**डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड**
केन्द्रीय कार्यालय, भरतपुर, चितवन

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८०/०५/०५**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त हाल ७३ जिल्लामा १५६ शाखाहरु मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएको राष्ट्रियस्तरको यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडमा देहाय बमोजिमका योग्यता पुगेका ग्रामीण क्षेत्रमा काम गर्न प्रतिवद्ध ईच्छुक तथा अनुभवी नेपाली नागरिकहरुबाट मिति २०८० भाद्र १९ गतेभित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सीतापाईला, काठमाण्डौ वा ईमेल vacancy@deproscbank.com.np मार्फत आईपुग्ने गरी आफ्नो योग्यता, अनुभव, नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयम् प्रमाणित गरी यस वित्तीय संस्थाले तोकेको ढाँचामा रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**१. बिज्ञापन नं. १/२०८०/०८१ (खुल्ला)**

(क) पद : कनिष्ठ कार्यक्रम सहायक
(ख) पद संख्या : ५० (पचास)
(ग) श्रेणी : सहायक

**२. शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण भएको ।

अनुभव, परीक्षाको किसिम, उमेर, दरखास्त फारम, पाठ्यक्रम लगायतका अन्य विषयहरुका सम्बन्धमा यस वित्तीय संस्थाको वेवसाईट www.deproscbank.com.np मा प्रकाशित सूचना हेर्नु हुन अनुरोध गरिन्छ ।



**Vacancy Announcement**

**MOUNT EVEREST** Secondary Boarding School Siraha-7 {40 years of Excellence}
Invites applications from highly motivated, qualified and experienced candidates for the following posts.

- **Montessori Based Pre-School Co-Ordinator:** (1) and Grade Teacher (3); [Offered Salary Range 18K to 30K]
- **Basic Level Teacher:** (Grade 1 to 8): Math (1), Science (1), English (3), Nepali (1), Social (1), Computer (1), Health (1); [Offered Salary Range 30K to 42K]
- **Secondary Level Teacher:** Math (1), Science (1), English (1), Nepali (1), Social (1) Computer (1); [Offered Salary Range 42K to 72K]

***You may submit your Biodata by e-mail; mahatohrm@gmail.com, Contact: 9842994125***



**VACANCY FOR OPERATIONAL OFFICER**

**Biratnagar Eye Hospital** (BEH) working under Eastern Regional Eye Care Programme, Nepal Netra Jyoti Sangh is seeking applications from qualified Nepali Nationals aged between 21-40 years, committed to work on contract basis. BEH has an excellent international reputation and performs more than 60,000 surgeries annually.

**Qualifications and Competencies required:**

- Masters' in Hospital Administration or Masters' in Health Care Management.
- Excellent analytical and problem-solving skills to identify and address operational challenges.
- Good Communication skills and able to handle difficult situation.
- **Salary & Benefits:** As per Organization's rules.
- **Requirement:** One

**Application Procedure:**

- Please send complete applications with Cover Letter, updated CV and your educational certificates along with your citizenship by email to: vacancy.beh@erec-p.org
- Deadline for accepting applications: 08th September, 2023| website: www.erec-p.org

*Note : Only short-listed candidates will be called for selection process.*

सम्पादकीय

## बहानामा बजार भाउ बढाउनेलाई कारबाही कहिले ?

भारतले प्याज निर्यातमा कडाइ गर्ने निर्णय लिनासाथ नेपाली बजारमा बिचौलियाले अचाक्ली मूल्य बढाइरहेका छन् । एक महिनाअघि बासमतीबाहेकका चामल निर्यातमा प्रतिबन्ध लगाउने निर्णय भारतले गर्दा पनि पहिल्यै भित्र्याइएको चामलमा यसरी नै बजारभाउ बढेको थियो । यसले एकातिर बिचौलियाको ठग प्रवृत्तिलाई उजागर गरिरहेको छ भने अर्कातिर राज्यको अनुगमन प्रणाली कति फितलो रहेछ भन्ने छर्लंग पारेको छ ।

गोलभेंडाको अभाव र मूल्यवृद्धिबाट झट्का बेहोरिसकेको भारतले चाडपर्वका बेला आन्तरिक बजारमा प्याजको अभाव हुन नदिन आगामी डिसेम्बर अन्त्यसम्म ४० प्रतिशत निर्यात कर लगाउने निर्णय गरेको छ । निर्यात कर लागेको प्याज आइनपुग्दै यहाँका व्यवसायीले मूल्य बढाउन थालिसकेका छन् । शनिबार प्याजको होलसेल मूल्य प्रतिकिलो ६० देखि ६५ र खुद्रामा ७० देखि ७५ रुपैयाँ रहेकामा भोलिपल्टै होलसेलमा ८० र खुद्रामा एक सय रुपैयाँसम्म पुग्यो । जबकि, शनिबार कार्यालय बन्द रहेकाले प्याज आयात भएकै थिएन । पहिले नै मौज्दात सामानमा यसरी मनोमानी रूपमा मूल्य बढाउनु उपभोक्तामाथि ठगी हो ।

नेपाल सरकारले यसअघि बजेटमार्फत प्याजमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाउँदा पनि लगत्तै बजारभाउ अकासिएको थियो । बजेट भाषणको अघिल्लो दिन खुद्रा मूल्य प्रतिकिलो ४५ देखि ५० रुपैयाँसम्म पर्ने प्याज बढेर प्रतिकिलो ९० देखि १ सय रुपैयाँसम्म पुगेको थियो । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले केही गोदाममा छापा मारेर कारबाही गर्ने चेतावनी दिएपछि मूल्य केही घटेको थियो । अहिले फेरि ४० प्रतिशत निर्यात कर लगाउने भारतको निर्णयलाई बिचौलिया/व्यवसायीले उपभोक्ता ठगेर कुस्त कमाउने बहाना बनाएका छन् ।

अधिकांश नेपालीको भान्सामा प्रयोग हुने प्याजको स्वदेशी उत्पादन पर्याप्त नभएका कारण आयात गर्नुपर्ने परिस्थिति छ । भन्सार विभागको तथ्यांक अनुसार गएको आर्थिक वर्षमा भारतबाट ७ करोड १० र चीन ४ करोड ६३ लाख रुपैयाँको प्याज आयात गरिएको थियो । भारतले कर लगाएको बहाना बनाएका व्यवसायीले भने स्वदेशी र अन्य मुलुकबाट भित्र्याइएको प्याजमा पनि मूल्य बढाएका छन् । यस्तो बेथितिलाई तत्काल नियन्त्रण नगर्ने हो भने बजारमा अराजकता झनै मौलाउँदै जान्छ ।


भारतले गत साउन ४ मा निर्यातमा प्रतिबन्ध लगाएलगत्तै व्यवसायीले चामलको मूल्य बढाएका बेला अनुगमन-नियमन प्रभावकारी रूपमा गरिएको भए त्यो प्रवृत्ति प्याजमा नदोहोरिन सक्थ्यो । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग आफैंले त्यति बेला गरेको अनुगमनमा पहिलेकै चामलमा मूल्य बढाइएको भेटिए पनि कसैलाई कारबाही भएन, मूल्यवृद्धि नियन्त्रण पनि गरिएन । करिब तीन महिना पुग्ने गरी चामल मौज्दात रहेको व्यापारीहरूको त्यति बेलाको भनाइले तत्काल अभाव हुने स्थिति नरहेको पनि देखाउँथ्यो । त्यसो त बिचौलिया/व्यवसायी कुनै मौका पाउनासाथ कृत्रिम अभाव सृजना गरिदिने, कालोबजारी गर्ने र उपभोक्ताबाट बढी मूल्य लिने प्रवृत्ति वर्षौंदेखिको हो । ठूला चाडपर्व नजिकिइरहेका बेला यस्तो अराजकता झनै बढ्ने गरेको पाइन्छ । यसविरुद्ध उपभोक्ता एवं अधिकारकर्मी आवाज उठाइरहँदा पनि सम्बन्धित निकायले नियन्त्रण-नियमनमा गम्भीर कदम नचाल्नु विडम्बनापूर्ण छ ।

संघ सरकार अन्तर्गतका वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र जिल्ला प्रशासन कार्यालयहरूले बेला-बेलामा बजार अनुगमन गरिरहेका हुन्छन् । तर तिनका अनुगमन झारा टार्ने खालका मात्र देखिन्छन् । उपभोक्तामाथि ठगी गर्ने व्यवसायी/बिचौलियाले प्रायः सधैं कारबाहीबाट उन्मुक्ति पाउने गरेका छन् । व्यापक मात्रामा अनुगमन हुन थाल्यो भने त्यसलाई रोक्न राजनीतिक तहबाट दबाब दिने अर्को गलत प्रवृत्ति छ ।

स्थानीय सरकार सञ्चालन ऐनले पालिकाहरूलाई पनि बजार अनुगमनको अधिकार दिएको छ । पालिकाहरूले आफैं कार्यविधि बनाएर बजार अनुगमन-नियमन गर्न सक्छन् । अस्वाभाविक बजारभाउ वृद्धि र उपभोक्तामाथि ठगीमा स्थानीय सरकारहरू बढी जिम्मेवार हुनुपर्ने हो तर अधिकांश स्थानीय तहले यसलाई अनदेखा गरिरहेका छन् । बजार अनुगमन-नियमनबाट व्यवसायी मतदाता बिच्किने भय पालिकाका जनप्रतिनिधिमा देखिन्छ । उनीहरूलाई आम मतदाताले निर्वाचित गराएको थिति बसाल्नका लागि हो, बेथितिलाई बढावा दिन होइन । सुपथ मूल्यमा उपभोग गर्ने आम नागरिकको अधिकार हनन भइरहँदा राज्यका जिम्मेवार निकायहरू चुप बस्न मिल्दैन ।

फितलो अनुगमन-नियमन र कारबाहीबाट उन्मुक्ति दिने प्रवृत्तिले बिचौलिया/व्यवसायीको मनोबल बढ्दै जान्छ, बजारमा अराजकता मौलाउँछ र उपभोक्ता मर्कामा पर्छन् । त्यसैले सरकारले अनुगमन-नियमनका सम्पूर्ण संयन्त्रलाई सक्रिय र प्रभावकारी ढंगले परिचालन गर्नुपर्छ । राजनीतिक नेतृत्वले पनि अनुगमन-नियमनलाई निरुत्साहित गर्ने होइन्, सहयोग गर्नुपर्छ । कृत्रिम अभाव सृजना र कालोबजारी गर्दै उपभोक्तामाथि ठग्नेमाथि कारबाही हुने थिति मात्र बसाल्न सके अराजकता स्वतः घट्छ । स्वस्थ बजार निर्माणका लागि उपभोक्ता सचेत बन्नु र व्यवसायी स्वयं इमानदार हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ ।

# किशोरीहरूप्रति बढ्दो विषाक्तता



मीना पौडेल



समाज विज्ञानका अध्येताहरूका अनुसार, उत्तर आधुनिक युग भनेर बुझिएको र बाँचिएको समय हो आजको, जुन सैद्धान्तिक दृष्टिकोणबाट सामाजिक-सांस्कृतिक भ्रम र धार्मिक मिथकसृजित होइन; अनुसन्धानका विविध आयामले निर्माण गरेका ज्ञान अनि विज्ञानले आविष्कार गरेका प्रविधि र सूचनाले सृजना गरेको वातावरणले मानिसलाई आफ्नो कर्तव्यप्रति गम्भीर र अधिकारप्रति सचेत पारेको छ । त्यति मात्र होइन, अनेक प्रवृत्ति र प्रकृतिका आप्रवासनले जोडेर एउटै बस्ती बनाएको आजको विश्वसमाज जति उदार देखिन्छ, त्यति नै जटिल पनि छ । यद्यपि यी पक्षको व्यावहारिक पाटो सार्वजनिक बहसको विषय हो । किनकि जसरी विश्व राजनीतिक रूपले विभाजित छ, त्यसरी नै सामाजिक मुद्दाकेन्द्रित प्राज्ञिक अनुसन्धानमा आधारित बहसहरू पनि विभाजित नभएका होइनन्, चाहे महिलावादी दर्शनका आधारमा होऊन् वा औपनिवेशिक समयलाई बुझ्ने सन्दर्भमा गम्भीर मतभिन्नताका आधारमा । अथवा, यी बहसलाई प्रभाव पार्ने समाजवादी र पुँजीवादी धारहरू नै किन नहोऊन् । अनि फेरि यी धारभित्र अनेक उपधार पनि छन् जुन आ-आफ्नै वैचारिक सतहमा विभाजित पाइन्छन् । तर विभाजनका जतिसुकै चिराहरू भए पनि अनुसन्धानमा आधारित भएर गरिने रचनात्मक बहसहरू आफैंमा सकारात्मक पक्ष हुन्, खास गरी विगत चार दशकका अनुसन्धानहरूलाई आधार मान्ने हो भने ।

यता हाम्रो घरेलु माहोलमा भने सार्वजनिक महत्त्वका सवालहरूमा समयसापेक्ष बहस त कता हो कता, प्राज्ञिक निकायहरूलाई अनुसन्धानमूलक ज्ञानको स्रोत होइन, बरु राजनीतिक स्वार्थपूर्ति गर्ने थलोका रूपमा प्रयोग गर्ने क्रम बढ्दो छ । त्यसैले विश्वस्तरको बहसमा सामेल हुने सम्भावना त कम्तीमा वर्तमान समयमा कल्पनाभन्दा बाहिरको कुरा हो । यसरी नेपालका सम्बन्धित निकायहरू यी बहसको सरोकारवाला हुन नसके पनि एसियाका विभिन्न मुलुकमा गरिएका पछिल्ला अध्ययनहरूले के संकेत गरेको पाइन्छ भने, प्रविधि र सञ्चारले मानिसलाई जीवनयापन गर्न जति सहज बनाएका छन्, त्यति नै भयग्रस्त, जोखिमयुक्त र विभेदलाई संस्थागत गर्न सजिलो पनि तुल्याएका छन् । आधुनिकताका नाममा बाहिरबाट हेर्दा र सुन्दा समाज जतिसुकै सुन्दर, सहज, खुला, उदार, समान र ठीकठाकजस्तो लागे पनि भोगाइमा त्यस्तो पाइँदैन । किनकि समाजमा विभेदका खाडलहरू झन्झन् गहिरिँदै गरेको तिनै भोगाइकेन्द्रित अध्ययनहरूले औंल्याएका छन् । साँघुरो समाज, सांस्कृतिक सूचकांक र तिनको महत्त्वलाई धर्मप्रायोजित भ्रमले मापन, व्याख्या-विस्लेषण गर्ने र लैंगिक, सांस्कृतिक, भौगोलिक, शारीरिक बनावट र उमेरजन्य पहिचानलक्षित अपहेलना, मनोवैज्ञानिक र यौनिकताका आधारमा गरिने हिंसाका नयाँनयाँ स्वरूप र प्रवृत्तिहरू आधुनिकताका नाममा समाजमा प्रक्षेपण गर्ने क्रम बढ्दो रहेको ती अध्ययनले उल्लेख गरेका छन् ।

यस्ता थुप्रै प्राज्ञिक अध्ययन विश्वका विभिन्न समाजमा तिनको आफ्नै मौलिक चरित्रलाई केन्द्रमा राखी भएका छन्, जसबारे यस लेखमा विस्तृत वर्णन गर्न सकिन्न । तर, तीमध्ये हाम्रो समाजसँग सामाजिक-सांस्कृतिक रूपले मिल्दाजुल्दा अध्ययनहरूले महिला र त्यसमा पनि किशोरीहरूमाथि हुने उमेर र लैंगिक अनि लैंगिकभित्र पनि वर्गीय, जातीय, भौगोलिक, फरक शारीरिक-मानसिक क्षमता, छालाको रङ आदि विविधताजन्य हिंसालाई बडो मिहिन तरिकाले केलाएका छन् । यस पाटोका सान्दर्भिक निष्कर्षहरूलाई समाजको धरातलमा राखेर यहाँ हाम्रो घरेलु अवस्थाको थोरै लेखाजोखा गर्न खोजिएको छ ।

ती अनेक अध्ययनमध्ये भारतको लखनउमा सन् २०१८-१९ मा केही सरकारी र निजी विद्यालयमा ९ देखि १२ कक्षा पढिरहेका किशोरीहरूमाथि गरिएका र गत वर्ष मलेसियाका १८ वर्षमाथिका युवतीहरूबीच गरिएका प्राज्ञिक अध्ययनहरू यहाँ सान्दर्भिक देखिन्छन् । समाज र उसको विभेदी चरित्रलाई बुझ्ने तर व्यक्तिगत विचार र निर्णयलाई जोड दिने आजको यो समय र हाम्रो समाजमा हुने हरेक घटनालाई त्यससँग सरोकार राख्ने एवं प्रभावित, पीडित, पीडकहरूको अनुभवजन्य 'न्यारेटिभ' को धरातलमा हेर्नेतर्फ जोड दिने 'सोसिअल कन्स्ट्रक्सनिजम' (सामाजिक निर्माणवादको सिद्धान्त) का आधारमा गरिएका यी अध्ययन आधुनिकताको धरातलमा गरिने/गराइने विभेद, हिंसा, जीवनशैलीका आधारमा गरिने सार्वजनिक अपमानजस्ता आयामलाई बुझ्न र तिनलाई सम्बोधन गर्न तय गरिने रणनीतिका लागि महत्त्वपूर्ण हुन सक्छन् । किनकि यी धरातलीय अध्ययनहरूले मूल रूपमा समाज विज्ञान विधा अन्तर्गत सामाजिक विभेद, सांस्कृतिक जडसूत्रता र असमानताका लैंगिक सर्तहरूले मानिसको स्वास्थ्यमा पर्ने नकारात्मक असर, व्यक्तित्व विकासमा थपिने चुनौती र तिनको असर सार्वजनिक जीवनमा पर्नाले मनोवैज्ञानिक शिथिलता आई व्यक्ति कसरी मानसिक रूपमा अस्वस्थ हुन्छ भन्नेसम्मका पक्षहरूको विश्लेषण गरेका छन् ।

विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार, १०-१९ वर्ष उमेर समूह किशोरकिशोरी पुस्ता हो । सामाजिक, मनोवैज्ञानिक, यौन र यौनिकताका सम्बन्धमा र शारीरिक रूपमा कोही किशोर अवस्थाबाट वयस्क अवस्थामा रूपान्तरण हुने समय हो यो । जिन्दगीको स्वाभाविक उथलपुथलपूर्ण, जिज्ञासु, अशान्त र चुलबुले समय भएका कारण यो उनीहरूमा मनोवैज्ञानिक रूपमा गहिरो असर पार्ने कालखण्ड पनि हो । यस बेला उनीहरूको जीवनमा भएका घटनाहरूको प्रभाव जिन्दगीभर नमेटिने छापका रूपमा रहने मात्र होइन, व्यक्तित्व विकासमै असर गर्ने हुँदा मनोविज्ञानका अध्येताहरूले किशोरावस्थालाई मानिसको अत्यन्त संवेदनशील उमेर मानेका छन् । अझ लैंगिक दृष्टिकोणले त किशोरीहरूको महिनावारी सुरु हुने समय पनि यही हो जसले थप लैंगिक जोखिम थप्छ, विशिष्ट प्रकृतिको मनोविज्ञानको निर्माण गर्छ । अनि उता सामाजिक-सांस्कृतिक रूपमा भ्रमपूर्ण मूल्यमान्यताले किशोरीहरूलाई बाँधिन्छ र समाजमा उनीहरूको व्यक्तित्व स्वतन्त्र रूपले खुल्ने प्रक्रियामा अनेक तगारा तेर्स्याइन्छन् । छोरी मान्छे लजालु हुनुपर्छ, चर्को बोल्नु हुँदैन, सकेसम्म एक्लै हिँडडुल गर्न हुँदैन आदि अनेक भ्रमपूर्ण आदेश दिइन्छ । हो, स्वाभाविकै रूपमा समाज बालिका, किशोरी, युवती र समग्र महिलामैत्री छैन तर समस्या समाजको विभेदी चरित्र र भ्रमपूर्ण सोचमा हो कि बालिका, किशोरीहरूको बोली, हिँडाइ, हाउभाउ, लवाइ-खवाइ र पहिचानमा हो ?

> किशोरीहरूको शरीरलक्षित, यौनिकतालक्षित, उमेरलक्षित हिंसा, अपमान, बहिष्करणको स्थायी र दीर्घकालीन सम्बोधनका लागि समाजको संरचनागत त्रुटिलाई सम्बोधन गर्ने कि सामाजिक-सांस्कृतिक ढर्राहरूलाई आधुनिकताको मानक ठानिएको विभेदी बजारका विषाक्त मापदण्डहरूको पालक मान्ने ?

लखनउमा किशोरीहरूमाझ गरिएको अध्ययनले के पुष्टि गरेको छ भने, शरीरलक्षित टीकाटिप्पणी सुन्नुपर्दा किशोरीहरूको आत्मविश्वास कम हुँदै जान्छ; पढाइ र अन्य अतिरिक्त क्रियाकलाप, सामाजिक गतिविधिमा रुचि कम हुँदै जान्छ अनि समयमै यो स्थितिको उचित सम्बोधन हुन नसके उनीहरू डिप्रेसनमा जाने जोखिम हुन्छ । कलिलो र संवेदनशील उमेरमा डिप्रेसनबाट गुज्रिनुपरेमा उनीहरूको वयस्क व्यक्तित्व निर्माणमा नकारात्मक असर पर्न सक्छ । लैंगिक हिंसाको जोखिम झन् बढी हुन्छ । यो अध्ययनलाई हाम्रो अहिलेको बजारमुखी लैंगिक मापदण्डको परिप्रेक्ष्यमा विश्लेषण गर्ने हो भने धेरै सन्दर्भ मेल खान्छन् । उदाहरणका लागि, डिप्रेसन लगायत त्यसबाट उत्पन्न प्रभावले मानसिक स्वास्थ्य कमजोर भएका महिलाहरूले घरपरिवार र सार्वजनिक स्थलमा भोगिरहेका हेला, अपमान र सामाजिक-सांस्कृतिक बहिष्करणजस्ता जघन्य हिंसालाई लिन सकिन्छ । अनि यस्ता हेला, अपमान र बहिष्करण सबैभन्दा पहिले आफ्नै घर र सबैभन्दा नजिकको आफन्तबाटै भोगेका थुप्रै भुक्तभोगी हामीबीच नै छन् । के आधुनिकताका नाममा हामीले यस्तै विषाक्त समाज खोजेका हौं ? भारत र मलेसियामा गरिएका यी अध्ययनहरूसँग मिल्दाजुल्दा अन्य मुलुकका अध्ययनहरूले पनि यस्तै निष्कर्ष निकालेका छन् । कलिलो पुस्ताका महिलाहरू आधुनिक प्रविधि-नियन्त्रित जीवनशैली – सामाजिक सञ्जालमा बढ्दो अन्तरक्रिया, शरीरलक्षित छलफल, फोटो-भिडियो आदानप्रदान अनि तिनै सामग्रीमाथि टीकाटिप्पणी र तिनको सार्वजनिक प्रदर्शनी र लैंगिक हिंसाजन्य गतिविधि – को चंगुलमा फस्दै गएको पनि ती अध्ययनले संकेत गरेका छन् । यो प्रवृत्ति कोरोनाकालमा कहालीलाग्दो गरी बढेको समेत पाइन्छ ।

नेपाली समाज समग्रमा व्यक्तिको सार्वभौमिकताको मामिलामा संकुचित छ र त्यसमा पनि लैंगिकताका तगाराहरू झन् जटिल छन् जसले गर्दा हाम्रा किशोरीहरूको व्यक्तित्व निर्माणको सामाजिक प्रक्रिया परिवारदेखि विद्यालय र अन्य निकायसम्म कलिलै उमेरदेखि नै सामाजिक रूपमा सहायक, सांस्कृतिक रूपमा अयोग्य/अपूर्ण, आर्थिक रूपमा परनिर्भर र कानुनी रूपमा पराधीनताको खाकाबाट निर्देशित हुन्छ । घरपरिवारबाट दिइने सामाजिक शिक्षा उनीहरूलाई आलोचनात्मक चेतयुक्त चेतनशील नागरिक बनाउनेभन्दा पनि सहनशीलताको सीमाभित्र बन्द गरी निरीह बनाउने र सुन्दरताको खोलभित्र वस्तुकरण गर्नेतिर लक्षित छ । यसको प्रभावस्वरूप सानैदेखि चिटिक्क परेको जीउ बनाउन मनोवैज्ञानिक दबाब पर्ने, कतिपय सन्दर्भमा कुपोषणसमेत हुने, आफूले सम्हाल्नै नसक्ने झिलिमिली पहिरनको भारी बोक्नुपर्ने, अनेक तरिकाले सिँगारिएको अनुहार भए मात्र 'राम्री' भनिने लगायत हुँदै जान्छ । यो यहाँ चर्चा गरिएका अध्ययनहरूको तथ्यगत विश्लेषण मात्र नभई आधुनिकतातिर अगाडि बढिरहेको भनिएको हाम्रो समाजका किशोरीहरूको दैनिक भोगाइ पनि हो । सैद्धान्तिक कुरा र राजनीतिक नारा जतिसुकै सुकिला, गुलिया र चिल्ला भए पनि यो समग्र नेपाली समाजको व्यावहारिक प्रकृतिको लैंगिक चेत हो; सोही चेत अनुसारको विषाक्त व्यवहार हो, बालिकाप्रति, किशोरीप्रति र महिलाप्रति !

मलेसिया र भारतमा भएका अध्ययनहरूले जोड दिएको र नेपाली समाजमा वास्ता नगरिएको तर हाम्रा किशोरीहरूलाई प्रत्येक क्षण पिरोलिरहेको अर्को जटिल विषय हो– शरीरको बनावट, तौल, पहिरनसहित शरीरकेन्द्रित नकारात्मक टीकाटिप्पणी । किशोरीहरूका शरीरलक्षित टीकाटिप्पणीहरू अलि सजिलै बुझिने हुन्छन्; 'बडी सेमिङ' मार्फत व्यक्तिलाई अपमान, मनोवैज्ञानिक हिंसा, घृणा गरिन्छ । अनि यस्ता अपमान र मनोवैज्ञानिक हिंसा सार्वजनिक स्थलमै हुने गर्छन् र अझ गहिरिएर बुझ्दा नजिकका साथीसंगी, आफन्त र शिक्षक र परिवारका सदस्यबीचमै हुने गरेको देखिन्छ । यस्तो अवस्था मूल रूपमा लैंगिक हिंसा हो जसले सामाजिक रूपमा अपमान र साथीसंगीहरूमाझ लज्जित हुने स्थिति उत्पन्न गर्ने मात्र होइन, कलिलो उमेरमै भावनात्मक आघातसमेत पुगी बढ्दो उमेर र जिम्मेवारी, लैंगिक भूमिकाहरूमै नकारात्मक असर पर्छ भनेका छन् थुप्रै अनुसन्धानले ।

आफ्नो जीवनोपयोगी वस्तु र आफूलाई सहज हुने पहिरन, बढ्दो उमेर र अंगहरूलाई विकसित हुन आवश्यक स्वास्थ्यवर्द्धक खानपिनभन्दा पनि बजारले तय गरेका झन्झटिला मापदण्ड र ती मापदण्ड पालना गर्दै संस्कृति र परम्पराका नाममा गरिने लैंगिक विभेदी संस्कारले बालिका र किशोरीहरूका लागि सांस्कृतिक रूपमा सार्वभौमभन्दा पनि विषाक्त ढर्राका अनुयायी हुनुपर्ने परिस्थिति बनाइरहेका छन् । यी सबै एकअर्कासँग जेलिएका छन्, जसमा लैंगिक विभेदी दृष्टिकोणबाट समाजले सहमति जनाउँछ र त उसै अनुरूप शरीर र हाउभाउ, बाहिरी स्वरूप बनाउन मनोवैज्ञानिक दबाब उत्पन्न हुन्छ । अनि किशोरीहरूको शरीर बजारले तय गरेको मापदण्ड अनुरूप भएन भने सुरु हुन्छ– बडी सेमिङ । उनीहरूको शरीरको तौल, छालाको रङ, आँखाको बनावट, कम्मरको नाप, कपालको लम्बाइ, चुल्ठाको बटाइ, हातखुट्टाको मोटाइ, स्तनको आयतन र टाउकोदेखि पैतालासम्मको लम्बाइ । यिनै होइनन् आधुनिक भनिएको पुँजीवादी बजारका पितृसत्ता-परिभाषित विषाक्त मापदण्डहरू ?

अध्ययनहरूले संकेत गरे अनुसार, अहिलेको प्रविधिसम्पन्न श्रम बजार, सीप र रोजगारमूलक अवसरका सम्भावना विगतमा भन्दा विविध प्रकृतिका र धेरै उपलब्ध भएका अनि तुलनात्मक रूपले सामाजिक चेत पनि बढ्दै गएका कारण युवा पुस्ता आफ्ना अग्रजभन्दा बढी सुसूचित र सजग छ भन्नेमा विवाद रहेन । यति हुँदाहुँदै पनि उमेरजन्य गलत सामाजिकीकरणका कारण जीवन र जगत्लाई बुझ्न सहयोगी, समाजसापेक्ष, वस्तुपरक शिक्षा क्रमशः ह्रासोन्मुख हुँदै गर्दा आफ्नो परिवेशलाई आलोचनात्मक चेतसहित विस्लेषण गर्ने र लैंगिक लगायत आफू बाँचेको समाजको सामाजिक-सांस्कृतिक विविधता र राजनीतिक माहोललाई गहिरिएर आत्मसात् गरी सोही अनुरूप सामाजिक उत्तरदायित्व वहन गर्ने सवालमा समाज उसलाई कमजोर बनाउनेतिर गएको भान हुन्छ । फलस्वरूप समग्रमा परिपक्वतातिर बढ्दो उमेर उल्टो नैराश्यतिर धकेलिने गरेको अध्ययनहरूले बताएका छन् जुन आफैंमा डरलाग्दो अवस्था हो ।

विडम्बना, नेपाली समाज प्रतिक्रियात्मक सम्बोधनमा टिकेको छ । नीतिनिर्माण तहमा जोसुकै गए पनि समाज रूपान्तरणको दीर्घकालीन दृष्टिकोण छैन, छ के त भन्दा कुनै घटना भइसकेपछि हताश मनस्थितिले त्यसको प्रतिक्रियात्मक सम्बोधन गरेर समस्यालाई मत्थर पार्ने ध्याउन्न, न कि समस्याको जरै उखेल्ने सामर्थ्य । किशोरीहरूमाथि भएका पछिल्ला दुई-चारवटा घटनाको कानुनी फैसला, सामाजिक टीकाटिप्पणी, सांस्कृतिक अर्घेल्याइँ र राजनीतिक मौनताले यसलाई पुष्टि गरिसकेका छन् र यो क्रम रोकिने कुनै संकेत छैन । किनकि सामाजिक न्यायको मर्मलाई आधुनिकताको पर्यायवाची विषाक्त बजारले किनिसकेको छ । अनि प्रश्न फेरि पनि उही हो– किशोरीहरूको शरीरलक्षित, यौनिकतालक्षित, उमेरलक्षित हिंसा, अपमान, बहिष्करणको स्थायी र दीर्घकालीन सम्बोधनका लागि समाजको संरचनागत त्रुटिलाई सम्बोधन गर्ने कि सामाजिक-सांस्कृतिक ढर्राहरूलाई आधुनिकताको मानक ठानिएको विभेदी बजारका विषाक्त मापदण्डहरूको पालक मान्ने ?

सम्पादकलाई चिठी

## गृहमन्त्री फेर्ने कि भ्रष्टाचार नियन्त्रणमा साथ दिने ?


सत्ता गठबन्धनको प्रमुख घटक कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नो पार्टीका नेता बालकृष्ण खाणलाई पक्राउ गरेको विरोधमा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई नै हटाउने प्रस्ताव अघि सारेका छन् । देउवाले हटाउन चाहेको गृहमन्त्रीलाई अहिले आम जनताले भष्टाचारका काण्डहरू खोलेकोमा स्याबासी दिइरहेका छन् । के कांग्रेस सभापति मुलुकमा भ्रष्टाचार, दण्डहीनता र सुशासन नहोस् भन्ने चाहना राख्छन् ?

देउवा खाणलाई थुनेकामा गृहमन्त्रीको विरोध गर्ने, एमाले अध्यक्ष केपी ओली संसद् अवरुद्ध गर्न पाएकोमा गर्व गर्ने ? एकातिर भ्रष्टाचारको विरोध र सुशासनको वकालत गरिन्छ अर्कातिर गृहमन्त्री नै फेर्ने कुरा सुनिन्छ । पार्टीभित्रका इमानदार नेता-कार्यकर्ताहरूले किन यस्तो प्रवृत्तिविरुद्ध आवाज उठाउँदैन ? कांग्रेसकै गगन थापा र विश्वप्रकाशहरूले सभापतीले जे बोले पनि, जे गरे पनि टुलुटुलु हेरेर बस्ने हो भने अब उनीहरूको पनि भविष्य बाँकी रहँदैन । भ्रष्टाचारविरुद्ध बोलेमा र सुशासनको पक्षमा बोले मात्र उनीहरूप्रति जनविश्वास बढ्छ । गगन विश्वले सभापतिलाई नै प्रश्न गर्न सक्नुपर्छ ।

आम जनतालाई आशाको किरण देखाउनु दलहरूको धर्म हो । तर त्यो धर्म निभाउन दलहरू चुकिरहेका छन् । यही रबैया रहेमा आम चुनावमा पुराना पार्टीहरूको अस्तित्व नै संकटमा पर्ने आकलन गर्न थालिएको छ । तर शीर्ष नेतृत्व जनभावनाका विषयमा बेखबरजस्तै छ । पुराना पार्टी नेतृत्वमा त्यस्तो चेत आउन नसकेका कारण अझ पनि उनीहरू भ्रष्टाचारको विरोध गरेर सुशासनको पक्षमा बोल्न डराइरहेका छन् । शीर्ष नेतृत्व अपराधकर्महरूको बचाउ र दण्डहीनताको पक्षमा लागिरहनु आम जनताको भावनामाथि खेलबाड गर्नु हो । जनताको भावना र अभिमत चुनावमा मतपत्रमार्फत प्रकट हुने गर्छ । उनीहरू कस्तो शासन प्रशासन, नेता र दलहरू चाहन्छन् भन्ने चितवन र तनहुँको उपनिर्वाचनले देखाइसकेको छ ।

नक्कली डाक्टर सुनील शर्मा र बालकृष्ण खाणमाथि लागेको अपराधकर्म बचाउ गर्न खोज्दा कांग्रेसको छवि बिग्रिरहेको छ भन्ने ख्याल गर्न किन नसकेको होला ? कांग्रेस सुनील, बालकृष्ण, अफताब आलम, विजय गच्छदारहरूको बचाउमा लाग्छ भने उसप्रतिको विश्वास घट्दै जानु स्वाभाविक हुन्छ । हालै कांग्रेस नेता शेखर कोइरालाले जेलमा गै बालकृण खाणलाई भेट्नु पनि उचित होइन । माओवादीले पनि कृष्णबहादुर महराजस्ता छवि बिग्रेको पात्रलाई जति धेरै समय बोक्न खोज्छ, उसप्रतिको जनविश्वास पनि त्यसरी घटेर जान्छ ।

– **गोपाल देवकोटा**, *जोरपाटी, गोकर्णश्वर*



***'गृहमन्त्री हटाउन देउवाको दबाव' समाचारमा** facebook.com/eKantipur **बाट लिइएका केही टिप्पणी :***

माओवादी सबै जोगिने अनि अरू कारबाहीको दायरामा आउने यो पनि गलत हो । आरजु जोगाउन खाणको कार्ड फ्याँक्ने देउवाको कार्य नाजायज छ ।

– **रेवती नेपाल**

•••

किनकि कुर्ची बचाउनु छ । आफ्नालाई बचाउनु छ । देश र जनता भाँडमा गए पनि हुन्छ ।

– **पवनराज पाण्डे**

•••

खुलेआम घीनलाग्दो काम छ । हरेक नेताको आ-आफ्नो व्यक्तिगत स्वार्थका लागि सिंगै देश दाउ हान्न रत्तीभर अप्ठेरो मान्दैनन् यी नेताहरू । गृहमन्त्री महराका बाबु-छोरा बचाउन चाहने, देउवा आरजु-मञ्जु बचाउन चाहने । दोहोरो चरित्रका प्रचण्ड प्रधानमन्त्रीको कुर्सी पाँच वर्ष नै हत्याउन चाहने । क्या बेजोड सर्कस जो छ । देउवाले यसो भन्दै गर्दा ओलीमा आशा पलायो होला ।

– **मेखराज राई**

•••

देशमा अहिलेसम्म भ्रष्टाचार र कुनै पनि तस्करीमा संलग्न नभएको राष्ट्रिय व्यक्तित्व प्रचण्ड मात्र हुन् । भ्रष्टाचार र तस्करी संस्थागत गर्ने व्यक्ति ओली हुन् । त्यसैले नैतिकता उच्च भएकाले प्रचण्डलाई तेस्रो पटक पनि प्रधानमन्त्रीको पद हात लाग्यो । भ्रष्टाचारी र तस्करलाई ठेगाना लगाउँछु भनेर गृहमन्त्रीले जनतालाई विश्वास दिलाए । जनता सहयोग गर्न तत्पर पनि भए । तर 'हात्ती आयो, हात्ती आयो फुस्सा' भनेझैं भयो । कारबाहीमा बडो मेहनत गरेर इमानदारीका साथ खटेका अनुसन्धानकर्ताहरूको नै जरो उखेलियो । अर्थात् गृहमन्त्री पूर्ण रूपमा असफल भए । जनता निराश भए । असफल व्यक्तिले पदमा बसिरहन हुन्न । तसर्थ गृहमन्त्री र अर्थमन्त्रीले राजीनामा दिनैपर्छ ।

– **रमानन्द दाहाल**

•••

खूब गठबन्धन गरेथ्यौ त ! अब आफ्ना चल्लाहरू चीलले एकपछि अर्को गर्दै लान थालेपछि आँखा खुल्यो ? बाबुराम भट्टराई र माधवकुमार नेपाललाई बयान लिएर उन्मुक्ति दिने प्रयास भएको छ । उनीहरूलाई उन्मुक्ति दिने प्रपञ्च रचियो ।

– **नवीनविक्रम राना**

•••

आफ्ना पार्टीको मान्छेलाई पेल्दै प्रचण्डको पुच्छर बनेर हिँडेपछि यस्तै हुन्छ । कति बेला देउवालाई नै जेल कोचिदिन्छन् । अनि देख्छन् बाबुको बिहे !

– **वसन्त थेबे**

# १६० वर्षमा जाबो ५ डेसिमल जमिन

चुचुरोबाट

महेन्द्र पी. लामा

दार्जिलिङको चिया बगानमा अचम्मकै कुरा भयो । १६ दशकसम्म बराजु-खनाति सबैले रगत-पसिना-आँसु बहाएपछि अब जमिनको हक-पर्चा-पट्टा चाहियो भन्दा पश्चिम बंगाल सरकारले चिया खेतीमा जमिनहीनलाई ५ डेसिमल (२,१७५ वर्गफुट) जमिन दिने घोषणा गर्‍यो । बंगाल सरकारले अब आँखा देख्नु सराहनीय कुरो हो । कति शोषित-अपहेलित राख्ने यी चिया श्रमिकहरूलाई (डुवर्स र दार्जिलिङमा) जसले पश्चिम बंगाललाई अर्बौंको राजस्व दिए, जसले भारत सरकारलाई चिया निर्यात गरेर अर्बौंकै विदेशी मुद्रा दिए अनि कम्पनी र मालिक वर्गलाई अर्बौंको मुनाफा दिएर विश्वकै प्रसिद्ध उद्योगपतिहरू बनाए ? त्यति मात्रै कहाँ हो र, विश्वमै दार्जिलिङको चियाले ढोल पिट्यो, बंगालको ताज नै भए अनि भारतको एउटा सग्लो निर्यात वस्तु बनेर विश्वबजारमा अडिग रह्‍यो ! १६० वर्ष ढुंगा-मुढा-हट्टा बाहिर-तिरस्कृत-भोकै-अस्तित्वहीन रहेर आज श्रमिकलाई ५ डेसिमल जमिनको हक दिने रे ! अर्थात्, एउटा श्रमिकको परिवारले त्यत्रो शोषित भएपछि हरेक वर्ष केवल १६३ इन्च जमिन कमाएछ, १६ दशक लामो अवधिमा ! एउटा परिवारमा पाँच-छ सदस्यले त झन् हरेक वर्ष २७ इन्च जमिन आर्जन गरेछन् । यो के हो ? किन यस्तो भयो ?

जमिन मात्रै कहाँ हो र, दैनिक रोज-वेतन, घर-कुलेसो, औषधि-अस्पताल, स्कुल-शिक्षा, खानापिना, पानी-बत्तीको त कसैले कुरै गर्दैनन् ! जुन २०२३ मा एक चिया श्रमिकको दैनिक रोज-वेतन २३५ भारुदेखि बढेर २५० भारु पुग्यो । राष्ट्रमा रहिआएको विकास, महँगी, उन्नति आदिसँग श्रमिकको वेतनको केही सम्बन्धै रहेन ।

सन् १९८० मा पानीपतको सुप्रसिद्ध 'पञ्चरंग' अचारको ५ सय ग्रामको टिन ८ भारुमा पाइन्थ्यो, आज त्यही अचार २३० भारु पर्छ । अर्थात्, जाबो अचारले त ४३ वर्षमै लगभग २९ गुणा बढी भाउ पायो भने चिया श्रमिकले त अनेकौं सय गुणा दैनिक वेतन पाउनुपर्थ्यो, त्यसो कहिल्यै भएन । अर्कोपट्टि त्यही बंगालमा आज आटा पिस्ने श्रमिकले दैनिक वेतन ४५५ भारु पाउँछ; डोरी बनाउने, दाल र तेलको मिलमा काम गर्ने र प्लास्टिक उद्योगमा काम गर्नेले समेत कमसेकम ४५५ भारु पाउनैपर्छ । यो न्यूनतम वेतन कानुन भारत सरकारले सन् १९४८ मा लागू गरेको भए पनि बंगाल सरकारले चिया कमानका श्रमिकलाई कहिल्यै यो कानुनभित्र हालेन ।

दार्जिलिङ र डुवर्सका जमिनहीन चिया श्रमिकलाई ५ डेसिमल जमिनको पट्टा-हक-स्वामित्व दिने घोषणा गर्दै पश्चिम बंगाल सरकारले जारी गरेको सूचना (१ अगस्ट २०२३) मा आठ-दस वटा उल्लेखनीय तर अस्पष्ट कुरा लेखिएका छन् । कोट्याउँदा-केलाउँदा पनि नबुझिने कुराहरू गाभिएका छन् । प्रथमतः, जमिन वितरण गर्ने विभागको नाममा 'भूमिसुधार, शरणार्थी राहत एवं पुनर्वास' जोडिएको छ । यदि विभागको नामै त्यस्तै भए पनि चिया श्रमिकलाई अलग ढंगमा राख्न सकिन्थ्यो, शरणार्थी र पुनर्वासदेखि । पश्चिम बंगालले सन् १९४७ मा भारत-पाकिस्तान विभाजन हुँदा र सन् १९७१ मा बंगलादेशको स्वाधीनताको लडाइँमा यो राज्यमा आएका लाखौं शरणार्थी र गत दुई दशकमा बर्माबाट आएका रोहिंग्या शरणार्थीहरूलाई दिइएको र दिइने जमिन-पुनर्वासको सुविधालाई अनि चिया श्रमिकको १६० वर्षको संवैधानिक हक-अधिकार-मागलाई एउटै डोकामा हाल्नुले अर्कै दिशातिर संकेत गर्छ । तसर्थ, श्रमिक वर्गमा असन्तुष्टि र द्विविधाको लहर आउनु स्वाभाविक हो ।

दोस्रो, यो घर-टहरा-कुलेसोको पट्टाचाहिँ चिया कमानमा रहेको आधिक्य (सरप्लस) र प्रयोगमा नल्याइएको (अन युटिलाइज्ड) जमिन सर्वेक्षण गरेर ठिम्याएपछि दिने अरे ! यसलाई सन् १९५३ को पश्चिम बंगाल स्टेट्स अधिग्रहण कानुनका दफा ६(१) र ६(३) अन्तर्गत तय गर्ने भनिएको छ । यो नियमको यस विशेष धारामा के लेखिएको छ भने, चिया कमान-मिल-कारखाना आदिको लिजमा दिइएको जमिनमा, लिजमा लिनेले त्यति मात्रै जमिन राख्न सक्छ, जति राज्य सरकारको भनाइ अनुसार चिया कमान आदिका निम्ति चाहिन्छ । अर्थात्, यदि सरकारको सोचमा लिजमा लिने व्यक्ति वा कम्पनीले चिया कमान-खेतीमा चाहिँदोभन्दा बढी जमिन राखेको खण्डमा, सरकारले वापस लिएर कुनै अरू काममा लगाउन सक्छ । यसै धारा अन्तर्गत जमिन लिजमा लिने कम्पनी-व्यक्तिबाट वापस-फिर्ता लिएर जमिनहीन व्यक्ति-परिवारलाई दिइने भएको छ ।



जुन २०२३ मा एक चिया श्रमिकको दैनिक रोज-वेतन २३५ भारुदेखि बढेर २५० भारु पुग्यो । उता, सन् १९८० मा पानीपतको सुप्रसिद्ध 'पञ्चरंग' अचारको ५ सय ग्रामको टिन ८ भारुमा पाइन्थ्यो, आज २३० भारु पर्छ ।

यसमा सबैले सोध्नैपर्ने प्रश्नहरू दुई-चार वटा छन् ।

१. लिजमा लिइएको भन्दा (मालिक-कम्पनीले) बढी चलाएको जमिनलाई कसरी, कसले र कुन आधारमा खुट्याउने ?
२. के १६० वर्षदेखि श्रमिक परिवारले चलाउँदै आएको घरवरिपरिको कोठेबारी, कटेरो-गाई गोठ-कुखुरा-बाख्रा पालन, कुलेसो अलि परतिरको सुन्तला खेती, स्कुस-बाँस-अलैंची-अम्लिसो घारी, पानी-पँधेरो, घाँस-दाउराको जंगल, कुवा-सिमधाप-मन्दिर-गिर्जाघर-गुम्बा-समाजघर जस्ता लिजभन्दा बढी चलाइएको जमिन यसभित्र गाभ्न सकिन्छ ? यदि गाभिएको खण्डमा १६० वर्षको आआफ्नो अलिखित यस्तो जमिन आदिको स्वामित्व (ओनरसिप) मा केकस्तो प्रभाव-आघात पुग्छ ?
३. सर्वेक्षण गर्ने दललाई कसरी थाहा हुन्छ कि के-कसको-कहिलेदेखि चलाउँदै र हुँदै आएको ? के यस किसिमको सर्वेक्षण-गराइले सामाजिक तनाव र अशान्ति नफैलिएला ?
४. एउटाको बाटो खोसेर अर्कोलाई दिइएला भन्ने आशंका नहोला र ?

तेस्रो, यो सरकारी नोटिसमा सरप्लस र नचलाई-प्रयोगमा नल्याई राखिएको जमिनको सर्वेक्षण गर्न जिल्लाका म्याजिस्ट्रेट अनि कलेक्टरहरूलाई जिम्मा दिइएको छ । उनीहरूले सर्वेक्षण गर्दा, व्यक्ति-मालिक-कम्पनीले सरकारबाट पक्कै लिजमा लिएका छन् वा छैनन् भन्ने कुराको पनि स्वतः जाँच हुन्छ किनकि कमानको जमिन लिज (पट्टा) मा लिएको व्यक्ति-कम्पनी-मालिकले सरप्लस जमिन भेटिएको खण्डमा यसलाई श्रमिकलाई वितरण-हक दिन डिस्ट्रिक्ट म्याजिस्ट्रेटलाई नो अब्जेक्सन सर्टिफिकेट दिनुपर्छ । यसले के पनि देखाउँछ भने, कोही व्यक्ति-कम्पनी-मालिकले नियम-कानुनले माग्ने लिजको कागजपत्रबिनै चिया कमान चलाइरहेको छ, नत्र सरकारले यस किसिमको सर्त-प्रावधान नोटिसमा हाल्ने नै थिएन ।

चौथो, सर्वेक्षण गर्ने दलले अर्को खुट्याउनुपर्ने कुरा के हो भने, यस्तो सरप्लस जमिन र चिया कमानको प्रयोगमा नभएको जमिन कहाँ-कसले ओगटेर बसेका छन् । अर्थात्, सरप्लस जमिन वा प्रयोगमा नभएको जमिनको परिभाषा के हो, यसलाई कसरी तोक्ने भनेर अत्यन्तै वैज्ञानिक ढंगमा आकलन (एसेसमेन्ट) गर्ने र तय गर्ने मापदण्ड बनाइनुपर्ने हुन्छ । यस्तो मापदण्ड बनाइँदा श्रमिक परिवारलाई मात्रै नहेरेर त्यहाँको संस्कृति, इतिहास, पर्यावरण, बसोबास गर्ने प्रथा र विकास, उन्नतिका प्रावधानहरूलाई समेत ख्याल गर्नैपर्छ । किनकि यो १६० वर्षसम्म वञ्चित राखिएका श्रमिक-परिवारको हक हो; एउटै कमानमा दस-बाह्र मालिक-कम्पनी-व्यक्तिले आधिपत्य जमाएको इतिहासको घीनैलाग्दो पन्ना हो; दशकौंसम्म चिया कम्पनी निजी सम्पत्ति हो भन्दै पञ्चायत राज व्यवस्था र त्यहाँबाट सम्पूर्ण राष्ट्रले पाएको फाइदाबाट चिया कमानलाई वञ्चित र तिरस्कृत राखिएको विकासहीन व्यवस्थाको व्यथा हो ।

अझै घतलाग्दो प्रश्न के हो भने, बंगाल सरकारले पर्यटन विकासका निम्ति चिया कमानका मालिक-कम्पनी आदिलाई प्रदान गरेको कमानको मोठ जमिनको १५ प्रतिशतचाहिँ सरप्लस र प्रयोगमा नरहेको जमिनको परिभाषामा पर्छ कि पर्दैन ? पर्छ भने त्यही जमिनबाट जमिनहीनलाई हक-पर्चा किन नदिने ? पर्दैन भने कसरी चियाका निम्ति भनेर लिजमा दिइएको जमिनमा होटल-महल-अट्टालिका बन्दै छन् ? यो श्रमिक वर्गको सूचना-ज्ञानको अधिकार पनि हो, कारण मालिकभन्दा श्रमिकहरू सुरुदेखि नै कमानका कर्ता हुन् ।

पाँचौं, बंगाल सरकारको नोटिसमा लेखिएको छ– अवकाश प्राप्त गरिसकेका र गर्न लागेका श्रमिकहरूलाई यो ५ डेसिमल जमिनको पर्चा दिइनेछ । यही परिभाषा हो भने हरेक परिवारमै चार-दस जना श्रमिकले अवकाश प्राप्त गरिसकेका छन् वा गर्नेवाला छन् । उनीहरूले १६० वर्षमा पाउनुपर्ने हकलाई आज मात्रै किन समाधान दिनतिर सरकार लागेको छ । के पर्‍यो त सरकारलाई यो दिशातर्फ जान ? के जुन २०२२ मा भारतको संसदीय स्ट्यान्डिङ कमिटीले दार्जिलिङ चिया कमानबारे संसद्‌लाई बुझाएको रिपोर्टको प्रभाव हो यो ? वा, पश्चिम बंगालले नै सन् २०१५ मा पास गरेको चिया कमानका कर्मचारीहरूको कल्याणार्थ कोषबारे अधिनियम हो ? वा, प्लान्टेसन लेबर एक्ट-१९५१ मा सन् १९८१ र १९८६ मा ल्याइएको संशोधनले हो ? वा, सन् २०२४ मा हुने लोकसभाको चुनावमा यो नोटिसलाई घुम्टो-पानी छेक्ने घुम बनाउने जमर्को त होइन ?

छैटौं, नोटिसमा यो कुरो पनि उल्लेख गरिएको छ कि, पर्चा बाँड्दा, क्लस्टर एप्रोच (गुच्छा दृष्टिकोण) अपनाउने अरे, जस अन्तर्गत जमिन पाएका १०-१५ परिवारलाई एउटै थुम्कामा बसाइने अरे ! अंग्रेजी कम्पनीका मालिकहरूले सिङ्ताम कमानमा धनमान धुरा-पक्की धुरा बसाएजस्तै र नेपालको बेलडाँगीमा भोटाङे शरणार्थीलाई जस्तै बारी-बिरुवा-गोठ-कटेरोबिनै सबै पर्चा पाउने श्रमिकलाई पनि एउटै कुम्लोमा खाँद्ने परियोजना त होइन यो ?

सातौं, यो सर्वेक्षण गर्ने प्रक्रिया कहिले सुरु हुन्छ, कहाँ सकिन्छ र ५ डेसिमल जमिन श्रमिक परिवारले कहिलेसम्म प्राप्त गर्छ, केही तय गरिएको छैन । यसको अर्थ हो– पश्चिम बंगाल सरकारको पहाड र डुवर्समा अहिलेसम्म चलिआएको खुला-अन्त वा कहिल्यै अन्त नहुने नीतिको अर्को प्रयोग हो यो, चिया कमानको प्रयोगशालामा ।

र आठौं, यो नोटिसको एउटा सुन्दर पक्ष के छ भने, जमिन पाउने श्रमिक परिवारले घरपरिवारभित्र मात्रै जमिनको विरासत-हक सार्न सक्छ; अन्य व्यक्ति-परिवार-संस्थालाई कदापि बेच्न वा हस्तान्तरण गर्न पाउँदैन । यसो गरेको खण्डमा सरकारले यो हक-पर्चालाई रद्द गर्न सक्छ ।

सरकारले अघि ल्याएको यो नौलो कदममा कुनै लुकेको-छिपेको एजेन्डा वा सोच छैन भन्ने कुरोलाई सम्बोधन गर्न र १६० वर्षदेखि चिया कमान स्याहार-शुश्रूषा गरेर बसेका, पुर्ख्यौली ज्ञानसमेतको भण्डार बोकेका विश्वलाई नै स्वादिलो-सुवासनाको चिया पिलाउने श्रमिकहरूको पर्चा-पट्टा र घरजमिनको माग-आकांक्षा पूरा गर्न पश्चिम बंगाल सरकारले यी तल दिइएका आठसूत्रीय कार्यक्रम-पद्धति-प्रक्रियालाई आत्मसात् गर्न आह्वान गर्नुपर्छ–

१. अहिले जुन श्रमिक परिवारसित घर, जमिन, कुलेसो, बारी, कटेरो, गाईगोठ, अलैंची-अम्लिसो घारी, जंगल-पानी-कुवा, सिमसार छ, ती सबैको पर्चा-स्वामित्व उनीहरू सबैलाई कानुनी ढंगमा वितरण गरियोस् ।
२. नोटिसमा लेखिएको सरप्लस जमिन र प्रयोगमा नभएको जमिन सर्वेक्षण र जाँच गर्नुअघि, यो जमिन के हो, कस्तो परिभाषा लागू गरिनुपर्छ र खुट्याउने मापदण्ड के हो भन्ने कुरा सरकारी अधिकारी, श्रमिक वर्ग, चिया कमानका मालिक, नागरिक समाजका सदस्य र अन्य विशेषज्ञ मिली तय गरिनुपर्छ ।
३. जमिनको सर्वेक्षण दलमा डिस्ट्रिक्ट म्याजिस्ट्रेट वा कलेक्टरबाहेक कानुन एवं जमिन विशेषज्ञ, हरेक कमानका श्रमिकका तीन जना प्रतिनिधि एवं विश्वविद्यालयका प्रतिनिधि हुनुपर्छ ।
४. खुट्याइएका जमिनहीन श्रमिक परिवारलाई ५ डेसिमल होइन, कमसेकम २० डेसिमल (८,७११ वर्गफुट) दिनुपर्नेछ ।
५. चिया कमानका मालिकलाई पर्यटन विकासका निम्ति दिइएको १५ प्रतिशत जमिनमा बनाइएको कुनै पनि होटल, रिसोर्ट, होमस्टे आदिमा अनिवार्य ढंगमा ७० प्रतिशत कर्मचारी आदि त्यसै कमानका बासिन्दाहरूबाट नियुक्त गरिनुपर्छ । होटल-होमस्टे-कारखाना आदिका मालिक-कम्पनीले त्यसै कमानका शिक्षित युवायुवतीलाई विभिन्न तालिम-प्रशिक्षण केन्द्रमा पठाई सशक्त दक्ष मानव श्रमशक्ति गठन गर्नुपर्छ । यो भारत सरकारले लागू गरेको कर्पोरेट सोसिअल रेस्पोन्सिबिलिटीको एउटा अभिन्न अंग हो । यस प्रकारको व्यवस्था अन्तर्गत श्रमिक वर्गका निम्ति १५ प्रतिशत जमिन छुट्याउनुपर्छ ।
६. चिया कमानका मालिकले पनि एकपल्ट चिया-जमिन लिजमा लिएपछि कमसेकम १५ वर्ष कमान चलाउनैपर्छ । यो लिखित रूपमा राखिएको सर्तलाई भंग गरिएको खण्डमा मालिकको लिज रद्द मात्रै नगरेर मालिक-कम्पनीलाई ब्ल्याक लिस्टमा समेत राखिनुपर्छ । कमानको लिज व्यक्तिलाई दिन बन्द गर्नुपर्छ, केवल जानेमाने कम्पनीलाई दिनुपर्छ ।
७. अबउसो चिया कमानका मालिक-कम्पनीले श्रमिकलाई वार्षिक नगद बोनस नदिएर कमान चलाउने कम्पनीको सेयर (हकदार) दिनुपर्छ ताकि कम्पनी जहाँ जान्छ, जति नाफा कमाउँछ, श्रमिक त्यहीँ पुगोस् र स्वतः मुनाफाको अंश पाओस् ।
८. दार्जिलिङको चिया खेतीलाई संयुक्त राष्ट्र संघ (युनेस्को) को विश्व विरासतको सूचीमा हाल्नैपर्छ, हाम्रो टोय ट्रेनजस्तै ।

# नेपाली सेनामाथि निरन्तर प्रहार किन ?

धर्म बानियाँ

राष्ट्रको सुरक्षाका लागि मेरुदण्डका रूपमा रहँदै आएको नेपाली सेनामाथि शासकीय प्रणाली र राजनीतिक व्यक्तित्वहरूबाट केही वर्षयता निरन्तर प्रहार भइरहेको छ । यस्तो प्रवृत्तिले सेनाको योगदानको अवमूल्यन गर्नुका साथै राष्ट्रिय सुरक्षालाई नै कम आकलन गर्ने गरिएको देखाइरहेको छ ।

पहिले शासकीय प्रणालीको कुरा गरौं । नेपाली सेनाको परिचालन वा नियन्त्रण सम्बन्धी सरकारलाई राय-सुझाव दिन सक्ने आधिकारिक पदाधिकारी प्रधान सेनापति हुन् । अधिकांश प्रजातान्त्रिक देशका राष्ट्रिय सुरक्षा परिषद्‌मा प्रधान सेनापतिहरूलाई सदस्य राख्ने प्रावधान छ । हाम्रो २०४७ सालको संविधानमा पनि प्रधान सेनापतिलाई राष्ट्रिय सुरक्षा परिषद्‌को सदस्यमा राखिएको थियो, तर २०६३ सालको अन्तरिम संविधानमा राजनीतिक पूर्वाग्रहका कारण त्यो व्यवस्था हटाइयो । प्रधान सेनापतिको अनुपस्थितिमा सेना परिचालन र नियन्त्रण सम्बन्धी निर्णयहरू फलदायी हुन सक्तैनन् भन्ने बोध गरिएन । वर्तमान संविधानको अन्तिम मस्यौदामा पनि प्रधान सेनापतिलाई सुरक्षा परिसद् सदस्यमा राखिएको थिएन तर पछि परिषद् सचिवालय र जंगी अड्डाको सिफारिसमा समावेश गरियो । एमालेको सरकार हुँदा 'देशमा संकटको घडीमा' भन्ने सर्त तेर्स्याई सुरक्षा परिषद्‌को सिफारिसबिनै प्रधानमन्त्रीको एकल निर्णयबाट सेना परिचालन गर्ने गरी अध्यादेश ल्याइयो, तर देशव्यापी विरोधका कारण त्यो योजना सफल हुन सकेन । जिम्मेवार मन्त्री कर्तव्यनिष्ठ सेनालाई 'लकिर का फकिर' भन्नसमेत पछि परेनन् । कोभिड-१९ को समयमा जिम्मेवार मन्त्रालयको कमजोरी ढाकछोप गर्न सेनालाई मित्रराष्ट्रबाट औषधिजन्य सामग्री आपूर्ति गर्नसमेत बाध्य बनाइयो ।

पछिल्लो समय स्वर्णिम वाग्ले, विमला राई पौडेल, प्रदीप पौडेलहरूका 'नेपाली सेना चीन र भारतका विशाल सेनासँग लड्न सक्तैन, हामीलाई अहिलेकै संख्यामा सेना आवश्यक छैन, त्यसैले नेपाली सेनाको संख्या कटौती गरी त्यसबाट प्राप्त हुने आर्थिक स्रोतलाई विकास कार्यमा लगाउनुपर्छ' भन्ने खालका अभिव्यक्तिबाट उहाँहरूमा रास्ट्रिय सुरक्षाबारे अल्पज्ञान र असंवेदनशीलता रहेको उजागर हुन्छ । उहाँहरूको दाबी गलत रहेको पुष्टि केही रास्ट्रिय र अन्तर्रास्ट्रिय उदाहरणबाट समेत हुन्छ ।

विक्रम संवत् २००८ सालमा भारतीय मिसनको डिजाइनमा, करिब २५,००० को संख्यामा रहेको नेपाली सेनाबाट ९,००० लाई कटौती गर्दा २००९ देखि २०२६ सालसम्म नेपालको उत्तरी सिमानाका १८ स्थानमा निगरानी गर्ने बहानामा भारतीय सेनालाई तैनाथ गरियो । अथक प्रयासपछि २०२६ सालमा प्रधानमन्त्री कीर्तिनिधि विष्ट कालापानीबाहेक अन्य स्थानबाट भारतीय सेना हटाउन सफल भए । यद्यपि सेना कटौतीको दुष्परिणाम नेपालले अहिलेसम्म कालापानी इलाकामा भोगिरहेकै छ ।

निकट विगतको माओवादी विद्रोहकालमा सरकारले नेपाली सेनाको संख्या वर्तमान अवस्थामा विस्तार गरेको हो । तर २०५२ सालअगाडि नै सरकारले मुलुकमा आइपर्न सक्ने सम्भावित चुनौती पूर्वानुमान गरी सेनाको संख्या विस्तार गर्न सकेको भए द्वन्द्वकालमा अर्बौं मूल्यका भौतिक संरचनाहरू अवश्य पनि ध्वस्त हुने थिएनन्; १७,००० निहत्था नेपालीले ज्यान गुमाउनुपर्ने थिएन र वर्तमान अवस्थासम्म राजनीतिक अस्थिरताको सिकार बन्नुपर्ने थिएन ।

नेपाली सेना युद्ध लड्नका लागि मात्रै होइन । नेपाली सेनाले विपद् व्यवस्थापनका माध्यमले देशवासीलाई उद्धार एवं राहत दिने कार्यमा फस्ट रेस्पोन्डरको भूमिका निर्वाह गर्दै आएको छ । २०७२ सालको विनाशकारी भूकम्पमा १४ वटा अति प्रभावित जिल्लामा करिब ६५ हजार सैनिक परिचालन भएका थिए । सेनाको स्रोतसाधन पर्याप्त भएको भए मानवीय सहयोगको आवरणमा भूकम्पपीडितको राहत तथा उद्धार कार्यमा अमेरिका, भारत एवं चीन लगायतका १८ मित्रराष्ट्रबाट २३ हेलिकप्टरसहित ४,३१६ जना विदेशी सैनिकलाई नेपालमा तैनाथ गर्न आवश्यक पर्ने थिएन ।

नेपाली सेनाले देशका ७७ वटै जिल्लामा पदिक गणसरहको फौज तैनाथ गरेको छ । कुल संख्याको १० प्रतिशतलाई रास्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा खटाउने गरेको छ, संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा फौज पठाउने विश्वमै दोस्रो ठूलो राष्ट्रको हैसियतले १२ प्रतिशत सैनिक मिसन इलाका र स्ट्यान्डबाईमा तैनाथ गरेको छ । विकास-निर्माण कार्य अन्तर्गत फस्ट ट्र्याकसहित पाँचवटा चालु सडक निर्माण कार्यमा नेपाली सेना संलग्न रहिआएको छ । विमानस्थल, दूर सञ्चार, बैंक लगायतका अति संवेदनशील भौतिक संरचनाको सुरक्षा जिम्मेवारी पनि नेपाली सेनाले नै लिएको छ । करिब ३० प्रतिशत फौज व्यावसायिक सीप विकास तालिममा सहभागी भइरहन्छ । यी तथ्यांकका आधारमा सेनाको कुल दरबन्दीमध्ये २० प्रतिशत फौज स्थायी बेस सुरक्षामा र बाँकी ८० प्रतिशत फौज अपरेसनल जिम्मेवारीमा तैनाथ छ । यी सबै जिम्मेवारी अझै प्रभावकारी ढंगबाट निर्वाह गर्न सेनाको दरबन्दी न्यून नै देखिन्छ । त्यसैले, सेनाको दरबन्दी घटाउनुपर्ने अभिव्यक्तिहरू सुनियोजित ढंगले सस्तो लोकप्रियतामार्फत सेनाको मनोबल गिराउन गरिएको प्रयासका रूपमा आएको बुझ्न कठिन छैन ।



युक्रेनमाथि रुसको आक्रमणबाट नेपालका राजनीतिज्ञहरूले धेरै पाठ लिन सक्छन् ।

कमजोर सेना भएका देशहरूको हालत कस्तो हुन्छ, त्यो बुझ्नसमेत केही अन्तर्राष्ट्रिय घटनाहरूको उदाहरण लिन सकिन्छ । सन् १९४७ मा बेलायतको उपनिवेशबाट स्वतन्त्र भएपछि भारतमा बलियो सेना नभएको सार्वभौमसत्ता सम्पन्न कश्मीर देशलाई राजा हरि सिंहले जनताको सहमतिबिनै विलय गराए । लेन्डुपजस्ता देशघाती नेताहरूले कमजोर सेनाको फाइदा उठाउँदै सन् १९७५ मा सैन्य प्रतिकारबिनै सिक्किमलाई भारतमा विलय गराए । सन् १९५१ मा चीन कमजोर सैन्य भएको तिब्बतलाई सजिलै आफ्नो भूभागमा समाहित गर्न सफल रह्‍यो । सन् १९७१ मा कमजोर सैन्य शक्तिकै कारण पूर्वी पाकिस्तान (हालको बंगलादेश) को सम्पूर्ण भूभाग गुमाउनुपरेकाले राष्ट्रिय अखण्डताको सुरक्षाका लागि पाकिस्तान सन् १९९८ देखि आणविक शक्तिसम्पन्न राष्ट्रमा रूपान्तरण भएको हो । राष्ट्रिय सेना कमजोर भएकै कारण अफगानिस्तानमा सन् २००१ देखि २०२२ सम्म अमेरिकी नेतृत्वको बहुराष्ट्रिय सेना तैनाथ थियो । सन् २०२२ को अन्त्यमा बहुराष्ट्रिय सेना राष्ट्रिय सेनालाई सुरक्षा जिम्मेवारी हस्तान्तरण गरी फिर्ता भएपछि तालिबान विद्रोही समूह बिनाप्रतिरोध राज्य कब्जा गर्न सफल भयो ।

कमजोर कूटनीति भएको, छिमेकी राष्ट्र रुसको सुरक्षा संवेदनशीलतालाई बेवास्ता गरेको र भविष्यमा आइपर्न सक्ने सुरक्षा चुनौतीहरूलाई पूर्वानुमान गरी सोही बमोजिम सैन्य शक्ति सञ्चय गर्नमा पछाडि परेकाले नै युक्रेन अहिले पश्चिमा शक्तिहरूको बैसाखीमा युद्ध लड्न बाध्य छ । अहिले युक्रेनको अस्तित्व नै संकटमा छ । युक्रेनमाथि रुसको आक्रमणबाट नेपालका राजनीतिज्ञहरूले धेरै पाठ लिन सक्छन् ।

नेपालभन्दा अढाइ गुणा सानो श्रीलंकाले तमिल पृथकतावादीका कारण सन् १९८३ मा सुरु भएको गृहयुद्धलाई सेनाको संख्या करिब १ लाखबाट साढे ३ लाखमा विस्तार गरेपछि २००९ मा अन्त्य गर्न सफलता पाएको थियो । श्रीलंकामा अझै पनि सेनाको संख्या २,५५,००० छ । नेपालसरह क्षेत्रफल भएको बंगलादेशमा सैन्य संख्या १,६३,००० छ । २,५७,००० सैन्य संख्या रहेको साउदी अरेबिया र ६,१०,००० सैन्य संख्या रहेको इरानजस्ता भौगोलिक क्षेत्रफलका आधारमा विशाल मुलुकहरूबीच बसेको, नेपालभन्दा सात गुणा सानो र १,७०,००० सैन्य संख्यासहितको राष्ट्र इजरायल भूराजनीतिक दृष्टिकोणबाट अत्यन्तै संवेदनशील क्षेत्र मध्यपूर्वमा आफ्नो अस्तित्व कायम राख्न सफल भइरहेको छ । उपर्युक्त उदाहरणहरूले साना सैन्य शक्ति भएका राष्ट्रहरूले ठूला छिमेकी राष्ट्रहरूका सामु आफ्नो सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई रक्षा गर्न सक्तैनन् भन्ने हाम्रा राजनीतिज्ञहरूको मनगढन्ते तर्कलाई दह्रो चुनौती दिन्छन् ।

आपसमा सुमधुर सम्बन्ध नभएका दुई ठूला शक्तिसम्पन्न देशहरूबीच रहेको सार्वभौम नेपाल सुरक्षाका दृष्टिले संवेदनशील अवस्थामा छ । दक्षिणमा खुला, अनियन्त्रित र छिद्रयुक्त सिमाना अनि उत्तरतर्फ चीनको अत्यन्तै संवेदनशील तिब्बत छ । राजनीतिक अस्थिरता, परनिर्भरता र कमजोर कूटनीतिका कारण नेपालमाथि मित्रराष्ट्रहरू र गैरक्षेत्रीय शक्तिहरूबीच प्रभाव विस्तार गर्न एक किसिमको प्रतिस्पर्धा नै भइरहेको देखिन्छ । गैरक्षेत्रीय शक्तिहरूसमेत नेपाली भूमि प्रयोग गरेर तिब्बतकेन्द्रित गतिविधिलाई विस्तार गर्न प्रयत्नरत छन् । दक्षिणतर्फको खुला, अनियन्त्रित र छिद्रयुक्त सिमानाको फाइदा उठाई नेपाली भूमिबाट भारतको सुरक्षालाई चुनौती दिने गतिविधि पनि भैरहेका छन् । नेपालको अस्तित्व र सुरक्षा धेरै हदसम्म दुई छिमेकी राष्ट्रहरूसँगका सम्बन्धमा निर्भर छ । त्यसैले, यस्तो संवेदनशील अवस्थामा नेपालले आफ्नो भूमिलाई पूर्ण रूपमा सुरक्षित राख्न र नेपाली भूमिबाट छिमेकी मित्रराष्ट्रहरूको सुरक्षा चुनौतीलाई सम्बोधन गर्नका लागि समेत नेपाली सेनाको वर्तमान संख्या विस्तार गर्नुपर्ने देखिन्छ ।

नेपाल संयुक्त राष्ट्र संघको बडापत्र, पञ्चशील एवं असंलग्नताको सिद्धान्तप्रति अडिग छ । नेपाली सेनाले विश्व शान्ति स्थापनामा दिएको योगदानबाट नेपाल र नेपाली जनताको शिर ठाडो भएको छ । विश्वको इतिहासमा बहादुरीको परिचय दिन सफल नेपाली सेना र नेपाली समाजबीच पवित्र सम्बन्ध छ । नेपाली सेनालाई देश र नागरिकप्रतिको जिम्मेवारीमा कुनै शंका छैन । देशमा सुरक्षा संकट आइपर्दा सेनालाई सम्पूर्ण जनताले सहयोग गरेको इतिहास साक्षी छ ।

हरेक राष्ट्रले सेनालाई आफ्नो गौरव, प्रतिष्ठा र राष्ट्रिय कवचका रूपमा सम्मान गर्छ । सेनाको उपयोगितालाई मनन गरेरै हरेक देशको आ-आफ्नै सेना छ । हरेक देशले आफ्नो सेनालाई मजबुत राख्न हरदम प्रयास गरिरहेको हुन्छ । अनुशासित र बलियो सेना छ भने राष्ट्रिय सुरक्षा मजबुत हुन्छ, छैन भने राष्ट्रिय सुरक्षाको कल्पनासम्म गर्न सकिँदैन । नेपालजस्ता साना मुलुकमा प्रभावकारी कूटनीतिका साथसाथै सेनासमेत बलियो हुनैपर्छ । यही नेपाली सेनाले देशको सार्वभौमिकता, स्वाभिमान र भौगोलिक अखण्डता रक्षा गर्न विशाल अंग्रेज सेना, तिब्बती सेना र चिनियाँ सेनासँग डटेर लडेको होइन र ?

देशको सुरक्षासँग कुनै पनि दृष्टिले सम्झौता गर्न मिल्दैन । सेनाको संख्या कटौती गरेर सोबाट बचत हुने आर्थिक स्रोतलाई देश विकासमा प्रयोग गर्ने भन्नु राष्ट्रिय सुरक्षामा सम्झौता गर्न खोज्नु हो, जसमा कुनै पनि स्वाभिमानी नेपाली सहमत हुन सक्तैन ।

*बानियाँ पूर्वसहायक रथी हुन् ।*

# ब्रिक्स सम्मेलनमा सहभागी हुन मोदी दक्षिण अफ्रिका जाँदै

नयाँदिल्ली (कास)- भारतका प्रधानमन्त्री नरेन्द्र मोदी १५ औं ब्रिक्स शिखर सम्मेलनमा भाग लिन मंगलबार दक्षिण अफ्रिकाको जोहानेसबर्ग जाँदै छन् । २२ देखि २४ अगस्टसम्म ब्रिक्स समिट हुँदै छ ।

विदेश मन्त्रालयले सोमबार गरेको विशेष पत्रकार सम्मेलनमा मोदीको भ्रमणबारे जानकारी दिइएको छ । विदेश सचिव विनयमोहन क्वात्राले तीन वर्षको अन्तरालपछि भौतिक उपस्थितिका साथ ब्रिक्स सम्मेलन हुन लागेको बताए । कोभिड-१९ का कारण पछिल्ला तीनवटा बैठक भर्चुअली भएका थिए । ब्रिक्सको मञ्चमा वैश्विक चुनौती र बहुपक्षीय साझा मुद्दाहरूमाथि चर्चा हुने उनले जानकारी दिए । वैश्विक घटनाक्रमको विकास र चुनौतीमा ब्रिक्सले खेल्न सक्ने भूमिका तथा बहुपक्षीय मुद्दाहरू बैठकको एजेन्डा हुने उनले उल्लेख गरे । प्रतिआतंकवाद लगायतका विषय पनि शीर्ष नेताहरूबीचको छलफलको विषय रहने सचिव क्वात्राले जानकारी दिए ।

ब्रिक्स सम्मेलनमा चिनियाँ राष्ट्रपति सी चिनफिङ पनि भाग लिँदै छन् । सी र मोदीबीच जोहानेसबर्गमा साइडलाइन भेटवार्ताको पनि सम्भावना छ । तर, विदेश मन्त्रालयले त्यसको पुष्टि गरेको छैन । पत्रकार सम्मेलनमा दुई नेताबीच द्विपक्षीय भेटवार्ताको सम्भावनाबारे सोधिएको प्रश्नमा क्वात्राले धेरै नेताहरू जोहानेसबर्गमा रहने भएकाले को-कोसँग द्विपक्षीय भेटवार्ता हुने त्यो अझै टुंगो नलागिसकेको बताए । उनले प्रधानमन्त्री मोदीको कार्यतालिका अझै विकासकै क्रममा रहेको भन्दै सीसँगको भेटको सम्भावनालाई अस्वीकार गरेका छैनन् । तीन वर्ष अगाडि २०२० जुन १५ मा गलवान घाटीमा भारत र चीनका सैनिकबीच झडप भएयता दुई देशबीचको सम्बन्ध चिसिएको छ । सैन्य कमान्डर तहमा १९ औं पटक वार्ता भए पनि सीमा विवादलाई लिएर द्विपक्षीय सहमति भइसकेको छैन । त्यही भएर ब्रिक्स सम्मेलनमा मोदी र जिनफिङबीचको सम्भावित द्विपक्षीय वार्तालाई महत्त्वका साथ हेरिएको छ ।

ब्रिक्समा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य राष्ट्र छन् । ब्रिक्सको आकार बढाउन र थप देशलाई सदस्यता दिन चीन इच्छुक देखिएको छ । पश्चिमा मुलुकको समानान्तरमा ब्रिक्सलाई त्यहीअनुसारको ठूलो संगठन बनाउने मनसायमा चीन रहेको बताइएको छ । तर, भारत ब्रिक्सलाई गुटनिरपेक्ष संस्था बनाइराख्नपर्ने पक्षमा छ । यद्यपि क्वात्राले भारत ब्रिक्सको विस्तारका सवालमा सकारात्मक नियत र खुला दिमागले छलफलका लागि तयार रहेको बताए । उनले शीर्ष नेताहरूबीच हुने छलफलको परिणामले धेरै कुरा बताउने भन्दै त्यस विषयमा पूर्वानुमान गर्नु ठीक नहुने बताए । बीबीसीको रिपोर्टअनुसार ४० देश ब्रिक्समा जोडिन इच्छुक देखिएका छन् ।



तस्बिर : एपी

**ग्वाटेमालामा नयाँ राष्ट्रपति** | **समर्थकहरूका माझ ग्वाटेमालाका नवनिर्वाचित राष्ट्रपति बर्नार्डो अरेभालो (बीच) । भ्रष्टाचारविरोधी नेताको छवि बनाएका बर्नार्डोले प्रतिस्पर्धी उम्मेदवार सान्ड्रा टोरेसलाई पराजित गरेका हुन् । गत जुन २५ मा भएको चुनावमा कुनै पनि उम्मेदवारले ५० प्रतिशत मत कटाउन नसकेपछि आइतबार दोस्रो पटक मतदान भएको थियो ।**


## हार्दिक श्रद्धाञ्जली



जन्म : २०१७/०४/०५

स्वर्गारोहण: २०८०/०४/२५

**स्व. भगवती लामिछाने**

*हाम्रा प्रात: स्मरणीय श्रीमती **स्व. भगवती लामिछाने**को असमायिक स्वर्गारोहण भएको आज **१३ औं दिन**को पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।*

*शोकको यस घडीमा सद्भाव, सहानुभुति र समवेदना प्रकट गर्नुहुने नेपाली दुतावास कतार, गैह्र आवासिय नेपाली कतार, पर्वत समाज कतार लगायत सम्पूर्ण महानुभावहरुमा हामी कृतज्ञता व्यक्त गर्दछौं ।*

श्रीमान्
**निर्मल लामिछाने**

छोरा/बुहारी
**मदन/प्रतिमा लामिछाने**
**बिनोद/डा. रबिना लामिछाने**

छोरी/ज्वाई
**मुना/प्रमुख सेनानी गणेश सिंह भण्डारी**

तथा
**दाजु भाउजु, भाई बुहारी, दिदि भिनाजु, बहिनी ज्वाई, भान्जा भान्जी, नाती नातिना**

एवम्
**समस्त लामिछाने परिवार**


# साउदी अरबका सीमा सुरक्षागार्डमाथि आप्रवासीको हत्या आरोप

## साउदीको सीमामा मारिने सयौं आप्रवासीमध्ये अधिकांश इथियोपियन भएको ह्युमन राइट्स वाचको दाबी

दुबई (एजेन्सी)- साउदी अरबको सीमा सुरक्षागार्डमाथि आप्रवासीको सामूहिक हत्या गरेको आरोप लागेको छ । ह्युमन राइट्स वाचले हालै सार्वजनिक गरेको रिपोर्टअनुसार यमन हुँदै साउदी अरब प्रवेश गर्न खोज्ने सयौं आप्रवासीमाथि उनीहरूले गोली चलाएका हुन् । हालैका वर्षमा साउदीको सीमामा मारिने अधिकांश आप्रवासीमा इथोयोपियाका नागरिक रहेको रिपोर्टले जनाएको छ ।

गृहयुद्ध र आर्थिक संकटका कारण भोकमरीको समस्या भोगिरहेको अफ्रिकी देश इथोयोपियाबाट यमन हुँदै साउदी अरब प्रवेश गर्न खोजेका आप्रवासीमाथि साउदीको सीमा सुरक्षागार्डले गोली प्रहार तथा विस्फोटक हतियार प्रयोग गरेको ह्युमन राइट्सको रिपोर्टमा उल्लेख छ । ह्युमन राइट्सले आक्रमणका प्रत्यक्षदर्शी, शवहरूको तस्बिर र तिनलाई गाडिएको स्थललगायत प्रमाण समेट्दै उक्त आक्रमणमा मारिनेको संख्या हजार पनि पुग्न सक्ने जनाएको छ । संयुक्त राष्ट्रसंघले यसअघि नै यमनसँग जोडिएको दक्षिणी भूभागमा आप्रवासीमाथि गोली प्रहार गरेको विषयमा साउदी अरबलाई प्रश्न गरेको थियो । यद्यपि, साउदी अरबले भने उक्त आरोपको खण्डन गरेको छ ।

आप्रवासीहरूले भने साउदीसँग जोडिएको यमनको उत्तरी सीमामा उक्त आक्रमण भएको बताएका छन् । गोली प्रहारबाट धेरैको मृत्यु र अंगभंग भएको उनीहरूको भनाइ छ ।



फाइल तस्बिर : एएफपी

**साउदी अरबको सीमानजिक यमनको शरणार्थी शिविरमा रहेकी महिला ।**

राति सीमा पार गर्न लागेका इथोयोपियनहरूको समूह, जसमा महिला तथा बालबालिका पनि थिए, उनीहरूमाथि गोली प्रहार भएको आप्रवासीहरूले बीबीसीलाई बताएका छन् । 'सीमा क्षेत्रमा निरन्तर गोली प्रहार भइरहेको थियो,' २१ वर्षीय मुस्तफा सोफिया मोहम्मदले भने । गत वर्षको जुलाईमा उनको समूहका ४५ आप्रवासी साउदीको सीमा सुरक्षागार्डको आक्रमणमा मारिएको मुस्तफाले जानकारी दिए । 'म आफैंलाई पनि गोली लागेको थाहा पाएको थिइनँ,' उनले भने, 'जब म उठ्न र हिँड्न खोजें तब थाहा भयो मेरो एउटा खुट्टा नै थिएन ।'

सन् २०२२ मार्चदेखि २०२३ जुनको बीचमा सीमा पार गर्न खोजेका ३८ इथोयोपियन आप्रवासीले साउदी सीमा सुरक्षागार्डबाट भएका गोली तथा विस्फोटक हतियार प्रहारका घटना देखेको रिपोर्टमा उल्लेख छ । यस्तै, सन् २०२१ मे १२ देखि २०२३ जुलाई १८ सम्म सामाजिक सञ्जाल र अन्य स्रोतबाट जुटाइएको ३ सय ५० भिडियो तथा तस्बिरहरूको विश्लेषण गरिएको पनि ह्युमन राइट्सले जनाएको छ । साथै, स्याटेलाइटको माध्यमबाट सयौं वर्गकिलोमिटर क्षेत्रको अध्ययन गरिएको थियो । यसबाट आप्रवासीले प्रयोग गरेको रुट, उनीहरूको अस्थायी आश्रयस्थल, घाइतेको औषधि उपचार, मृतकलाई गाडिएको स्थल र सीमामा साउदी सुरक्षा संरचनाको विस्तारबारे जानकारी प्राप्त भएको रिपोर्टमा उल्लेख छ ।

साउदी अरबका एक अधिकारीले ह्युमन राइट्सको रिपोर्टलाई निराधार र घटनालाई पुष्टि गर्ने विश्वस्त आधार नभएको बताएको समाचार संस्था एपीले जनाएको छ । एपीका अनुसार आप्रवासीको तस्करी गरी सातामै हजारौं अमेरिकी डलर कमाउने आरोप लागेको यमनको हुथी विद्रोहीले भने यसबारेमा कुनै टिप्पणी गर्न चाहेन । अन्तर्राष्ट्रिय आप्रवासी संगठनका अनुसारका सन् २०२२ सम्म साउदी अरबमा इथोपियनहरूको संख्या ७ लाख ५० हजार छ । यसमध्ये ४ लाख ५० हजार कुनै अनुमतिबिना नै साउदीमा प्रवेश गरेका थिए ।

इथोयोपियाको उत्तरी टिग्रे क्षेत्रमा दुई वर्षको गृहयुद्धले लाखौं नागरिक विस्थापित भएका छन् । बेरोजगारीको समस्याले चिन्तित रहेको साउदी अरबले इथोयोपियासँग मिलेर आप्रवासीलाई उनीहरूकै देश पठाउन प्रयास गरिरहेको छ । केही महिनाअघि संयुक्त राष्ट्रसंघ र अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) लगायत दातृ निकायले इथियोपियामा खाद्यान्न आपूर्ति बन्द गरेका थिए । दातृ निकायले दिएको खाद्यान्नमा अनियमितता भएपछि तत्कालका लागि सहयोग रोकिएको राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) ले जनाएको थियो । यसले इथियोपियामा भोकमरीको समस्या बढेको छ ।


# वर्गीकृत विज्ञापन

### घर जग्गा

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रि.गर्नुपरेमा, ९८४९१८८७८२

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

सिफलको ०-६-२-१ माबनेको साडेदुईतले दशफिटेबाटो भएकोघर तिनकरोड असिलाखमा 9818446404

काभ्रेपलाञ्चोक रोशीगाउंपालिका मंगलटारमा २५रोपनी प्रतिरोपनी ८,५०,०००।- ९८५१०२४६७८

बनस्थली ढुङ्गेधारा नजिकै ०-४-१-० देखी ०-५-०-० जग्गा र बनस्थली ढुङ्गेधारा ट्र्याकमा ०-३-०-० जग्गा बिक्रीमा ९८५१०४४७५७

सामाखुसी टोखारोडको १ कित्ता भित्र सर्लक्क मिलेको ७ आना जग्गा आनाको ४० लाखमा बिक्रीमा ९८४९१६९४३८

रिङ्गरोडबाहिर ४आना सस्तो जग्गा चाहियो ९७०३४५९४०४

काठमाडौंको फर्पिङ्गसोखेलमा १०० आना जग्गा हाईवेनजिकै बिक्रीमा 9843069409

भरतपुरको पार्बतिपुरमा पिचबाटोमा १०कठ्ठा बिक्रीमा 9851197655

दमौली गल्फुबेसीमा २तर्फ बाटो मोहडा भएको ५आना जग्गा 9849464940

पोखरा बराङ मनोक्रान्ति आश्रम संगै २५' फिटे बाटोमा अती उत्तम जग्गा बिक्रीमा सम्पर्क: 9841847212

०-७-३-१ भैसेपाटी कार्यबिनायक होम्स नजिकै ९८६०८७१६८४

### सम्पर्क

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

सस्तोमा धितोफुकुवा, बैंक लोन ९८५१०६५८११

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

पाल्पा जिल्लामा ७ वटा शिक्षा र ब्यवस्थापन अध्ययन सहुलियत ऋण छात्रवृति, शिप र आय आर्जन हुने निवेदनको लागि २०८० भाद्र १० गते भित्र Email: aamabhim@gmail.com मेलमा मेलमार्फत पिछडीएका ९ जिल्लाहरूका इच्छुक बिधार्थी/अभिभाबकले सम्पर्क गर्नुहोला

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation, 9851067787

सस्तोमा धितोफुकुवा, Cash deposit 9851277564

होटलमा लगानीकर्ता, शेयर पर्टनर चाहियो, 9817209516

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा 9801045218

कम्पनी, कन्स्ट्रक्सन् दर्ता गर्नकोलागि ९८१४७५८६१७

### विविध बिक्रीमा

सेकुवा कर्नर थकाली किचेन ९८५१०६४०३९

काँडाघारी बिरेन्द्र चोकबाट पानीट्यांकी जाने बाटोमा रहेको चलिरहेको कुष्मा ब्युटीपार्लर बिदेश जानुपरेकोले सस्तोमा बिक्रिमा, 9843562258 9823352542

चुच्चेपाटी चाइना ग्रेट बाल हस्पिटल नजिक एक रेस्टुरेण्ट 9808212403

### निर्माण सफाई

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841663344

सेप्टिट्यांकी सफाई ठूलोगाडिमा मेसिनबाट ०१५२५१०९२, ९८५१०२४३६४

ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा 9841634234

मेसिनबाट सेफटीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

### भाडामा

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

काठमाडौंमा ४ रोपनी क्षेत्रफलमा बनेको भवन बिक्री तथा भाडामा कम्पनी तथा गोदाम दुवैलाई हुने ९८४६०००७२८

नयांबानेश्वरमा अफिसकोलागि कोठा खाली ९८१८१५४९३०

### चाहियो

डेलिसियस मम पसलमा अनुभवी कर्मचारी आवश्यकता खानबस्न सहित चाइनिज कुक २ २५००० हेल्पर १ १५००० ९८१३८३५४४१

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9821142700, 9866291939

7 स्टाफ 22,500/- 9806669064, 9843952320

कपासबत्ती, बाटेकोधुपमा 22000/- 015199302, 9823705671

म:म:मिस्त्री, वेटर चाहियो तलव १२००० देखिमाथि ९८४१३१११४२

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

साधारण सेक्यूरीटी गार्डअर्जेन्ट 015913845 9841926508 9810220996

खानबस्नसहित इमान्दार कर्मचारी 15,500/- 9823280255

Urgently primary grade teacher wanted, Lalitpur 9841780148

पाँचवर्ष अनुभवी ईलेक्ट्रीकल ईन्जिनियर चाहियो ९८५१००१५३१

ग्रिलमा मिस्त्री हेल्पर चाहियो 9761847703

चर्चित सिरियल उपद्रो म्युजिक भिड़ियो चलचित्रमा कलाकारहरू इमर्जेन्सी नजान्नेलाईनी प्राथमिकता ९८२३२४९११९

पढे नपढेका कर्मचारी आवश्यकता ९८१०१७२५०७

अनुभबी इलेक्ट्रिसियनहरू चाहियो, Email:kingtechnepal@gmail.com, WhatsAppNo.: 9815003303 (Message Only)

कर्मचारी आवश्यकता 22,000/- माछापोखरी 9805864989

Secondary level Math, Science, Nepali subject teacher 1/1 and primary level math teacher1 9825815901

Experienced LKG teacher, Gyaneshwor 9841141242

मेडिकलकोलागी डिप्लोमा पास गरेको ललितपुरकोलागी कर्मचारी चाहियो 9841582925

न्यूरोडलाई भूपू गार्ड 25000+ 9851350681 9851350686

### मर्मत

ढलमंगाल ट्वाईलेट जामखोल्ने सेप्टिट्यांकीसफाई 9808849489

मेसिनबाट सेफटीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

### भर्ना

प्राइभेट SEE, +2, BA/BBS ग्यारेन्टी पास नि:शुल्क किताब 9801013413

### तालिम

उद्घोषण भाषणकला, Public Speaking Training 9851184552 डबीमिडिया

### उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

### बिहावारी

डिभोर्स बिधुवा बधु चाहियो 9869097115

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-५९१७२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६१००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

*म.ले.क. वाहेक

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १३३.२७ |
| युरो | १४४.९२ |
| पाउन्ड स्टर्लिङ | १६९.७५ |
| अस्ट्रेलियन डलर | ८५.३५ |
| कतारी रियाल | ३६.५६ |


राष्ट्र बैंकको आधारमा

**सुन** रू. ११०३००.००

**चाँदी** रू. १३९०.००

# भारतसँग प्रतियुनिट १०.६२ मा बिजुली खरिद, ७.७४ रुपैयाँमा बिक्री

## भारतमा १० अर्ब ४२ करोड रुपैयाँको बिजुली बिक्री हुँदा १९ अर्ब ४६ करोड खरिद





**कमल घिताल** (काठमाडौं)

नेपाल विद्युत् प्राधिकरणले भारतीय बजारबाट गत आर्थिक वर्षमा बिजुली खरिद-बिक्रीमा प्रतियुनिट औसत २ रुपैयाँ ८८ पैसा घाटा बेहोरेको छ। प्राधिकरणले भारतीय बजारबाट औसतमा प्रतियुनिट १० रुपैयाँ ६२ पैसामा बिजुली किनेको छ भने औसत ७ रुपैयाँ ७४ पैसामा उसैलाई बेचेको छ। आर्थिक वर्ष ०७९/८० मा प्राधिकरणले भारतबाट १९ अर्ब ४६ करोड रुपैयाँभन्दा बढीको बिजुली किनेको र १० अर्ब ४२ करोड रुपैयाँ बराबरको बिक्री गरेको छ।

गत वर्ष बिजुली बेचेर २० अर्ब रुपैयाँ कमाइ गर्ने लक्ष्य राखेको प्राधिकरणले समयमै वर्षात् नभएका कारण बिजुली निर्यात गर्न नपाएपछि त्यसको प्रत्यक्ष असर बिजुली आयातमा देखिएको हो। गत वर्ष प्राधिकरणले १९ अर्ब ४६ करोड रुपैयाँ बराबरको १ अर्ब ८३ करोड युनिट बिजुली भारतबाट किनेको छ। १० अर्ब ४२ करोड बराबरको १ अर्ब ३४ करोड युनिट बिजुली भारतमा बिक्री गरेको छ। विद्युत् खरिदबिक्रीमा प्राधिकरणले करिब ९ अर्ब ४ करोडको घाटा बेहोरेको छ।

सबैभन्दा बढी वैशाख महिनामा बिजुली आयात भएको प्राधिकरणको तथ्यांक छ। गत आर्थिक वर्षको वैशाखमा सबैभन्दा धेरै ४ अर्ब २३ करोड २१ लाख रुपैयाँ बराबरको बिजुली आयात भएको छ। सबैभन्दा धेरै निर्यात गत आर्थिक वर्षको भदौ महिनामा छ। गत भदौमा २ अर्ब ५४ करोड ६५ लाख बराबरको बिजुली भारतमा बिक्री गरेको छ।

प्राधिकरणले गत आर्थिक वर्षको साउनमा २८ करोड ३४ लाख, भदौमा २३ करोड ६१ लाख, असोजमा ७ करोड ८१ लाख, कात्तिकमा ६३ लाख र मंसिरमा १९ करोड ७३ लाखको बिजुली भारतीय बजारबाट किनेको छ। पुसमा १ अर्ब ८८ करोड ८४ लाख, माघमा ३ अर्ब ४५ करोड ८७ लाख, फागुनमा ३ अर्ब १ करोड ९९ लाख, चैत महिनामा ३ अर्ब ५६ करोड, वैशाखमा ४ अर्ब २३ करोड २१ लाख, जेठमा १ अर्ब ९५ करोड ३० लाख र असारमा ५५ करोड ५६ लाखको बिजुली भारतीय बजारबाट किनेको हो।



गत आर्थिक वर्षमा भारतीय बजारमा १० अर्ब ४२ करोड बिजुली बेचेको प्राधिकरणले साउनमा १ अर्ब ९४ करोड ३० लाख, भदौमा २ अर्ब ५४ करोड ६५ लाख, असोजमा १ अर्ब ७१ करोड १२ लाख, कात्तिकमा १ अर्ब ४३ करोड ५५ लाख, मंसिरमा ८१ करोड ३१ लाख र पुसमा ६८ लाख रुपैयाँ बराबरको बिजुली बिक्री गरेको छ। सुक्खायामले स्वदेशमै माग उच्च भएपछि माघ र फागुनमा भने प्राधिकरणको बिजुली बिक्री शून्य छ। चैतमा ९ लाख ८० हजार, वैशाखमा १ लाख ८० हजार, जेठमा २० करोड ८९ लाख र असारमा १ अर्ब ७५ करोड ६९ लाख रुपैयाँ बराबरको बिजली भारतीय बजारमा बिक्री गरेको छ।

गत वर्ष प्राधिकरणले बिजुली बिक्री गरेर २० अर्ब रुपैयाँ आम्दानीको प्रक्षेपण राखेको थियो। तर, आयात र यसको प्रतियुनिट दर उच्च हुँदा यसले प्राधिकरणको नाफामै असर गरेको छ। गत वर्ष १३ अर्ब ३७ करोड खुद नाफा कमाएको प्राधिकरणले यस वर्षको अपरिष्कृत वित्तीय विवरणअनुसार १२ अर्ब ३३ करोडमात्रै नाफा गरेको प्रमुख कार्यकारी निर्देशक कुलमान घिसिङ बताउँछन्। अघिल्लो आर्थिक वर्षभन्दा गत आर्थिक वर्षमा १ अर्ब ४ करोड नाफामा कमी आएको छ।

'आर्थिक वर्ष ०७७/७८ मा ६ अर्ब १० करोड रुपैयाँ रहेको नाफा ०७८/७९ मा बढेर १३ अर्ब ३७ करोड रुपैयाँ पुगेको थियो। आर्थिक वर्ष ०७९/८० को अपरिष्कृत वित्तीय विवरणअनुसार प्राधिकरणको नाफा १२ अर्ब ३३ करोड रुपैयाँ छ,' उनले भने, 'गत आर्थिक वर्षमा सुक्खायामको समय बढेर खोला तथा नदीनालामा पानीको बहाव घट्दा प्राधिकरण र निजी क्षेत्रका जलविद्युत् आयोजनाको विद्युत् उत्पादनमा ह्रास आयो। यसले आन्तरिक माग धान्न विद्युत् आयात केही बढ्दा नाफा प्रभावित बनेको हो।'

प्राधिकरणले विद्युत् बिक्री र अन्यबाट गर्ने आम्दानी दुई वर्षअघि करिब ८१ अर्ब रुपैयाँ रहेकामा अहिले बढेर करिब १ खर्ब १८ अर्ब रुपैयाँ पुगेको र सञ्चित नाफा ११ अर्बबाट बढेर ३६ अर्ब ६७ करोड रुपैयाँ पुगेको घिसिङले जनाए। सुक्खायामले बिजुली बिक्रीमा कमी आएपछि प्राधिकरणको अन्य सूचक भने सुधार भएको छ। आर्थिक वर्ष ०७७/७८ मा १७.३८ प्रतिशत रहेको विद्युत् चुहावट ३.९२ प्रतिशतले घटेर हाल १३.४६ प्रतिशत पुगेको छ। वितरणतर्फको विद्युत् चुहावट ९ दशमलव ७६ प्रतिशतमा सीमित गरिएको प्राधिकरणको दाबी छ।

राष्ट्रिय प्रसारण लाइनले ९५ प्रतिशत जनसंख्यालाई समेटिएको प्राधिकरणले जनाएको छ। राष्ट्रिय ग्रिडबाट ९५.३ र वैकल्पिक माध्यमबाट ३ प्रतिशत जनसंख्या गरी कुल ९८.३ प्रतिशत जनसंख्यामा विद्युत् सेवा पुगेको प्राधिकरणको दाबी छ। प्राधिकरणको पछिल्लो तथ्यांकअनुसार ग्राहक संख्या ५६ लाख ४० हजार पुगेको छ। यस्तै बुटवल-गोरखपुर ४०० केभी प्रसारण लाइन निर्माण सुरु गरिएको र कुशाह-कटैया दोस्रो सर्किट १३२ केभी परवानीपुर-रक्सौल दोस्रो सर्किट १३२ केभी र मैनहिया-सम्पतिया १३२ केभी डबल सर्किट १३२ केभी प्रसारण लाइन निर्माण सम्पन्न भएको जनाएको छ।

सुक्खायाममा भारतीय बिजुली आयात गरी स्वदेशी माग धान्नुपरेको र यसले विद्युत् प्राधिकरणको नाफामा कमी आएको भन्दै ठूला र जलाशययुक्त आयोजना निर्माणमा प्राधिकरणले जोड दिने घिसिङ बताउँछन् । १२०० मेगावाटको बुढीगण्डकी जलाशययुक्त आयोजना अघि बढाउने, १०६१ मेगावाटको माथिल्लो अरुण अर्ध जलाशययुक्त आयोजना विश्व बैंकको नेतृत्व र ६३५ मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना एसियाली विकास बैंकको नेतृत्वमा ऋण लगानी गर्ने गरी अगाडि बढाइएको घिसिङले जनाए।

२१० मेगावाटको चैनपुर सेती, ९९ मेगावाटको तामाकोशी पाँचौं र ६० मेगावाटको मोदी जलविद्युत् आयोजना निर्माणलाई प्राथमिकतासाथ अघि बढाइएको छ। ४९० मेगावाटको अरुण-४ जलविद्युत् आयोजना भारतको सतलज जलविद्युत् निगमसँग र ६३८ मेगावाटको सुनकोशी तेस्रो जलविद्युत् आयोजना नेपाल र बंगलादेशको संयुक्त लगानीमा बनाउने तयारी भएको घिसिङको भनाइ छ।

# विपन्न वर्ग कर्जा ३० अर्ब घट्यो




**कान्तिपुर संवाददाता** (काठमाडौं)

अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षको ११ महिनामा बैंक तथा वित्तीय संस्थाले विपन्न वर्ग क्षेत्रमा प्रवाह गरेको कर्जा करिब ३० अर्ब रुपैयाँले घटेको छ। गत आर्थिक वर्षमा लघुवित्त वित्तीय संस्थाको कर्जा प्रवाहमा संकुचन आएपछि विपन्न वर्ग कर्जामा कमी आएको जानकार बताउँछन्। अघिल्लो आर्थिक वर्षको ११ महिनाको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा विपन्न वर्गमा प्रवाह भएको कर्जा ८ प्रतिशतले घटेको राष्ट्र बैंकको तथ्यांक छ। अघिल्लो आर्थिक वर्षको ११ महिनामा विपन्न वर्ग कर्जा साढे १४ प्रतिशतले बढेको थियो।

गत जेठसम्म बैंक तथा वित्तीय संस्थाले विपन्न वर्ग क्षेत्रमा कुल ३ खर्ब ८ अर्ब ८० करोड रुपैयाँ कर्जा प्रवाह गरेका छन्। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यो क्षेत्रमा प्रवाह भएको कुल कर्जा ३ खर्ब ३८ अर्ब ७९ करोड रुपैयाँ थियो। यसरी हेर्दा उक्त अवधिमा विपन्न वर्गमा प्रवाह भएको कर्जा करिब ३० अर्ब रुपैयाँले घटेको देखिन्छ।

अघिल्लो आर्थिक वर्षको जेठ मसान्तसम्मको तुलनामा गत आर्थिक वर्षको सोही अवधिमा विपन्न वर्ग कर्जा घटेको लघुवित्त बैंकर्स संघका पूर्वअध्यक्ष वसन्त लम्सालले स्विकारे। 'गत आर्थिक वर्षमा एकभन्दा बढी संस्थामा ऋण प्रवाह गर्न नपाइने, ब्याजदरमा सीमालगायत कारण लघुवित्त वित्तीय संस्थाले आक्रामक रूपमा कर्जा प्रवाह गरेका छैनन्। यसको असर विपन्न वर्ग कर्जामा परेको होला,' उनले भने, 'कर्जा घट्नुमा माग पक्ष र आपूर्ति पक्ष दुवै कारण छन्। माग पक्षअन्तर्गत ग्राहकबाट आउने मागमा पनि कमी आएको छ भने आपूर्ति पक्षअन्तर्गत पनि संस्थाले आक्रामक कर्जा प्रवाह गरेका छैनन्।'

लगानी वातावरण खस्किएको, लघुवित्त संस्थाहरूले आक्रामक रूपमा कर्जा विस्तार नगरेकोलगायत कारण समग्र कर्जा घटेको लम्सालले बताए। 'विविध कारणले जोखिम मोलेर लगानी विस्तार गर्ने वातावरण पनि छैन,' उनले थपे, 'बैंक तथा वित्तीय संस्थाबाट उच्च ब्याजदरमा कर्जा लिएर लघुवित्त वित्तीय संस्थाले आक्रामक रूपमा कर्जा विस्तार गर्न चाहेका पनि छैनन्।'

अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षको ११ महिनामा बैंकहरूको कर्जा विस्तार नै घटेकाले विपन्न वर्ग कर्जा पनि घटेको हुन सक्ने बैंकर्स संघका उपाध्यक्ष सन्तोष कोइरालाले जनाए। 'गत आर्थिक वर्षका धेरैजसो महिना बैंकहरूले कर्जा प्रवाह नै रोकेका थिए। नयाँ कर्जा रोकेको र पुरानो असुली भएकाले पनि समग्र विपन्न वर्ग कर्जा घटेको हो,' उनले भने, 'नयाँ आर्थिक वर्ष सुरु भए पनि अझै सहज रूपमा कर्जा प्रवाह भएको छैन। एकातिर कर्जा माग आएको छैन भने अर्कोतिर बैंकहरू पनि पर्ख र हेरको अवस्थामा छन्।'

गत आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई विपन्न वर्गमा कर्जा प्रवाह गर्न दिइएको न्यूनतम सीमा परिमार्जन नगरी त्यसको दायरा बढाएको थियो। जसअनुसार महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजना धितोमा प्रवाह हुने २० लाख रुपैयाँसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था गरिनेछ। यस्तो कर्जाको अनिवार्य बिमा गर्नुपर्ने र वास्तविक कृषि व्यवसायीलाई २० लाख रुपैयाँसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजना धितोमा प्रवाह हुने कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था मौद्रिक नीतिमा छ।

> लघुवित्त वित्तीय संस्थाको ऋण प्रवाहमा संकुचन आएपछि त्यसको प्रभाव विपन्न वर्ग कर्जामा

उल्लिखित क्षेत्रमा प्रवाह भएको कर्जा पनि विपन्न वर्गमा गणना गर्न पाइने भएपछि बैंक तथा वित्तीय संस्थाले साना कर्जा (ऋणी) प्राथमिकतामा पर्ने सम्भावना नरहेको जानकार नै बताउँछन्। यस्तो व्यवस्थापछि वास्तविक विपन्न वर्गमा कर्जा नजाने हो कि भन्ने आशंका उत्पन्न भएको थियो। यी व्यवस्थाले बैंकहरूलाई साना ऋणीमा जानैपर्ने बाध्यता सिर्जना गरेको छैन। तोकिएको क्षेत्रमा मात्र कर्जा प्रवाह गरे पनि राष्ट्र बैंकको निर्देशन पालना हुने वित्तीय क्षेत्रका जानकारहरूको भनाइ छ।

बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्ने राष्ट्र बैंकको निर्देशन छ। यसअनुसार गत आर्थिक वर्षको जेठसम्म बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको करिब ६.४ प्रतिशत विपन्न वर्गमा प्रवाह गरेका थिए। उल्लिखित कर्जामध्ये करिब २५ प्रतिशत बैंक तथा वित्तीय संस्थाले सिधै र बाँकी ७५ प्रतिशत अप्रत्यक्ष (लघुवित्त संस्था, सहकारीमार्फत) रूपमा प्रवाह गर्दै आएका छन्।

# अन्न भण्डारमै ८२ प्रतिशत मात्र रोपाइँ

- १ लाख १२ हजार ९ सय १५ हेक्टरमा भएन रोपाइँ
- भदौ लाग्यो, जम्मा ९२ प्रतिशत मात्र रोपाइँ

**राजु चौधरी** (काठमाडौं)

०७७ साउन २८ मा देशभर ९८.१९ प्रतिशत रोपाइँ भएको थियो। अन्न भण्डारणका रूपमा चिनिएको मधेशमा त्यति बेला ९९.०२ प्रतिशत रोपाइँ भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक छ। ०७८ साउन २८ मा पनि देशभर ९७.८९ प्रतिशत रोपाइँ भयो। त्यति बेला मधेशमा ९६.८० प्रतिशत रोपाइँ भएको थियो।

०७९ साउन २८ मा पनि देशभर ९५ प्रतिशत रोपाइँ हुँदा मधेशमा ९३ प्रतिशत रोपाइँ भएको थियो। तर ०८० भदौ १ सम्म देशभर ९२ प्रतिशत मात्र रोपाइँ भएको छ। तर मधेशको रोपाइँ प्रगति भने निराशाजनक छ। यति बेलासम्म ८२ प्रतिशत मात्र रोपाइँ भएको मन्त्रालयले सार्वजनिक गरेको विवरणले देखाउँछ। मधेशमा कम रोपाइँ हुँदा समग्र मुलुकको रोपाइँ प्रतिशतमा कमी आएको छ। मन्त्रालयका अनुसार मुलुकभर १४ लाख ८८ हजार ४९ हेक्टरमा रोपाइँ हुन्छ। भदौ १ सम्म १३ लाख ७५ हजार १ सय ३४ हेक्टरमा मात्रै रोपाइँ भएको छ। अर्थात् ९२ प्रतिशत मात्रै रोपाइँ भएको छ। साउन सकिँदासम्म १ लाख १२ हजार ९ सय हेक्टरमा रोपाइँ नै हुन सकेको छैन।

सिँचाइ र कम पानीका कारण सोचेअनुसार रोपाइँ नभएको कृषि विभागका महानिर्देशक हरिबहादुर केसीले बताए। अब भदौ लागिसकेकाले बढीमा १/२ प्रतिशत मात्रै बढ्न सक्ने उनले जनाए। 'गत वर्ष साउन २८ सम्म ९५ प्रतिशत रोपाइँ भइसकेको थियो, यसपालि भदौ १ सम्म ९२ प्रतिशत मात्रै भएको छ,' उनले भने, 'अब छिटफुट मात्रै रोपाइँ हुन्छ, १/२ प्रतिशत मात्रै बढ्ला।'



सिँचाइ र कम वर्षात्का कारण समग्र रोपाइँमै प्रभाव पारेपछि यसले उत्पादनमा पनि प्रत्यक्ष असर पर्छ। कम रोपाइँ हुँदा उत्पादन घट्ने चिन्ता बढेको विज्ञ बताउँछन्। माग धान्नकै लागि भारतबाट धान-चामल आयात गरिन्छ। तर पछिल्लो समय भारतले धान उत्पादन घट्ने आकलन गर्दै निर्यातमा समेत रोक लगाएको छ। भारतले कडाइ गर्दा यहाँ थप समस्या उत्पन्न हुन सक्ने जानकार बताउँछन्।

आर्थिक वर्ष ०७९/८० मा १९ अर्ब ९९ करोड ४४ लाख रुपैयाँको धान र १५ अर्ब ९१ करोड २४ लाखको चामल आयात भएको छ। धेरै धानबाली उत्पादन हुने मधेशमै कम रोपाइँ हुँदा आयात थप बढ्न सक्नेछ। महानिर्देशक केसीले भने ढिला रोपाइँले उत्पादकत्वमा केही असर गरे पनि वर्षात् र मल उपलब्धता पर्याप्त रहेकाले उत्पादनमा असर नपुग्ने दाबी गरे।

'विगतको तुलनामा सामान्यतया रोपाइँ कम भए पनि समयमै मल, पानी र काट्ने बेला बिग्रिएन भने समस्या हुँदैन। मधेशमा कम रोपाइँ भए पनि अन्य क्षेत्रको उत्पादनले त्यसको पूर्ति गर्न सक्छ,' महानिर्देशक केसीले भने, 'तर अन्यको उत्पादनमा समस्या आए अवस्था बिग्रन सक्छ।'

नेपालको खेती प्रणाली मनसुनमा आधारित छ। करिब २५ देखि ३३ प्रतिशत जमिनमा मात्रै सिँचाइ सुविधा छ। जसले गर्दा रोपाइँका लागि मनसुन नै कुर्नुपर्ने बाध्यता छ। चाहिएका बेला पानी हुँदैन, तर नचाहिएका बेला बढी वर्षा हुन्छ। यही कारण पनि रोपाइँदेखि धान काट्ने बेलासम्म किसानले समस्या झेल्दै आएका छन्।

कर्णाली र सुदूरपश्चिममा भने ९९ प्रतिशत रोपाइँ भएको मन्त्रालयको तथ्यांक छ। कर्णालीमा ४४ हजार ७ सय १४ हेक्टर र सुदूरपश्चिममा १ लाख ७६ हजार ३ सय ५९ हेक्टरमा रोपाइँ भएको छ। गत वर्ष कर्णालीमा ९९ र सुदूरपश्चिममा शतप्रतिशत रोपाइँ भएको थियो। कोशीमा भने रोपाइँ प्रतिशत उस्तै छ। गत वर्ष साउन २८ सम्म ९७ प्रतिशत रोपाइँ भएकामा भदौ १ सम्म ९७ प्रतिशत नै रोपाइँ भएको छ। कोशीमा ३ लाख ४० हजार८ सय २९ हेक्टरमा धान रोपाइँ हुन्छ।

यसैगरी वाग्मतीमा भदौ १ सम्म ९३ प्रतिशत अर्थात् १ लाख ५ हजार ९ सय ६४ हेक्टरमा रोपाइँ भएको छ। गत वर्ष साउन २८ सम्म ९७ प्रतिशत अर्थात् १ लाख १७ हजार ५ सय ६९ हेक्टरमा रोपाइँ भएको थियो। भदौ १ सम्म गण्डकीमा ९४ प्रतिशत अर्थात् ९२ हजार १ सय ६७ हेक्टरमा रोपाइँ भएको छ। गत वर्ष साउन २८ सम्म ९७ प्रतिशत अर्थात् ९७ हजार ५ सय ६ हेक्टरमा रोपाइँ भएको थियो। लुम्बिनीमा भदौ १ सम्म ९५ प्रतिशत अर्थात् २ लाख ९५ हजार ४ सय ७ हेक्टरमा रोपाइँ भएको छ। गत वर्ष साउन २८ सम्म ९० प्रतिशत अर्थात् २ लाख ८९ हजार ६ सय १९ हेक्टरमा रोपाइँ भएको थियो।

### कहिले कति प्रतिशत रोपाइँ ?

| वर्ष | देशभर | मधेश |
|---|---|---|
| ०७७ साउन २८ | ९८.१९ | ९९.०२ |
| ०७८ साउन २८ | ९७.८९ | ९६.८० |
| ०७९ साउन २८ | ९५ | ९३ |
| ०८० भदौ १ | ९२ | ८२ |

# लम्पीबाट मर्ने पशुको तथ्यांकमा सरकारकै गडबडी

### रोगका कारण रोपाइँ प्रभावित, गाईभैंसी मर्ने क्रम रोकिएन, महामारी घोषणा गरेर किसानलाई राहत दिन सरकारको ढिलाइ

**राजु चौधरी** (काठमाडौं)



लम्पी स्किन रोगबाट मर्नेको संख्याबारे 'अपडेट' दिन पशु सेवा विभागले गएको साउन ३ मा एउटा विज्ञप्ति प्रस्तुत गर्‍यो । विज्ञप्तिमा साउन ३ सम्म लम्पीबाट मर्ने पशुको संख्या ४८ हजार १ सय ३३ रहेको जनाइएको थियो ।

त्यसको ९ दिनपछि अर्थात् साउन १२ मा विभागले अर्को विवरण सार्वजनिक गर्‍यो– ५० हजार ८ सय २६ पशु मरेको । त्यसपछि भने सरकारले लगातार दुई पटक लम्पी स्किन रोगबाट मर्ने पशुको संख्या एकपछि अर्को गरी घटाइरहेको छ ।

जबकि साउन १२ मा ५० हजार ८ सय २६ पशु मरेको तथ्यांक सार्वजनिक गरेको विभागले साउन १४ अर्थात् दुई दिनपछि लम्पीबाट ४८ हजार ८ सय ८० पशु मरेको भनी विज्ञप्ति जारी गर्‍यो । रमाइलो त यो छ, प्रतिनिधिसभाअन्तर्गत कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा बिहीबार कृषि तथा पशुपन्छी विकासमन्त्री वेदुराम भुसालले साउन १४ मा विभागले प्रस्तुत गरेको तथ्यांकभन्दा पनि कम पशु मरेको भनेर विवरण सार्वजनिक गरे ।

'पछिल्लो रिपोर्टिङका आधारमा पाँच महिनाको लम्पी स्किन रोगबाट संक्रमितको संख्या १३ लाख ५ हजार ३ सय ६१ पुगेको छ । १० लाख ८२ हजार १ सय ५९ पशु निको भएका छन्,' समितिमा मन्त्रीले प्रस्तुत गरेको विवरणमा उल्लेख छ, '४७ हजार ६ सय ४९ पशु मरेका छन् ।' प्रदेशहरूबाट पालिकास्तरमा समन्वय गरी तथ्यांक अद्यावधिक गर्ने काम भइरहेको समेत जनाइएको छ ।

लम्पीबारे विभाग र मन्त्रालयले प्रस्तुत गरेको विवरणले तथ्यांक संकलनको हविगत प्रस्तुत गरेको छ । यसले तथ्यांक संकलन र लम्पीबारे सरकारमा जवाफदेहिता नदेखिएको जानकार बताउँछन् । 'सरकारी तथ्यांकले मरिसकेको पशुलाई समेत ब्युँत्याउन सक्ने कला देखियो ! लम्पीबारे हावादारी तथ्यांकले सरकार कति संवेदनशील रहेछ भन्ने पुष्टि गरेको छ,' कृषक समूह महासंघ नेपालका संस्थापक अध्यक्ष उद्धव अधिकारीले भने, 'दुर्गममा एउटा पालिकाभित्र ५/७ वडा छन्, एउटा पालिकाबाट फर्किन एक रात बस्नुपर्छ । त्यो भूगोलमा तथ्यांक नै संकलन भएको छैन । मन्त्रालयले कहाँबाट तथ्यांक लियो, त्यसमा ठूलो प्रश्न उठेको छ ।'

नेपालमा पहिलो पटक ०७७ असार लम्पी देखिएको थियो । ०७७ र ०७८ मा १६ जिल्लाका २९ पालिकामा फैलिएको रोगबाट २ वर्षमा ३ हजार ३ सय १ पशु संक्रमित भई १३ वटा पशु मरेको विभागकै तथ्यांकमा छ । सरकारी लापरबाहीका कारण अहिले ७७ वटै जिल्लामा फैलिएको छ । महामारीका रूपमा फैलिएको यो रोग नियन्त्रणमा सरकारले त्यति चासो दिएको छैन । बिमा कम्पनीले भुक्तानी नगर्दासमेत सरकारले बेवास्ता गर्दै आएको छ । 'रोगकै कारण रोपाइँ प्रभावित बन्यो, गाईभैंसी मरिरहेका छन्,' अधिकारीले भने, 'तर सरकारले महामारी घोषणा गरेर राहत दिएन ।'

मन्त्री भुसालले भने रोग नियन्त्रणका लागि तीनै तहको सरकारको समन्वयमा काम भइरहेको बताए । भारत र चीनबाट लम्पी स्किनविरुद्ध खोप आयातको पहल भइरहेको उनको भनाइ छ । कृषिमन्त्री भुसालका अनुसार अहिलेसम्म १३ लाख ५ हजार ३ सय ६१ पशुमा लम्पी स्किन संक्रमण भएको छ । त्यसमध्ये उपचारपछि १० लाख ८२ हजार १ सय ५९ पशु निको भइसकेका छन् । अहिले १ लाख ७५ हजार ५ सयभन्दा बढी पशुमा लम्पी स्किनको संक्रमण कायम रहेको पनि मन्त्री भुसालको भनाइ छ ।

७७ वटै जिल्लामा गाईभैंसीमा लम्पी स्किन संक्रमण पुष्टि भए पनि मनाङ र मुस्ताङमा पूर्ण रूपमा नियन्त्रणमा आइसकेको मन्त्री भुसालले समितिलाई जानकारी दिए । पहाडी जिल्लामा संक्रमण क्रमशः घटिरहे पनि मधेश र वाग्मतीका केही जिल्लामा संक्रमण देखिइरहेको उनले बताए । लम्पी स्किन रोग नियन्त्रणका लागि पशु सेवा विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना गरिएको छ । सहसचिवको नेतृत्वमा प्रदेश र स्थानीय तहका सरोकारवालाहरूसँग समन्वय गर्न सातै प्रदेशमा टोली परिचालन गरिएको समेत मन्त्री भुसालले बताए ।

लम्पी स्किन रोगका कारण प्रभावित किसानलाई राहत उपलब्ध गराउन कार्यक्रम र बजेटको व्यवस्था गर्न अत्यावश्यक रहेको पनि उनको भनाइ छ । रोग नियन्त्रणका लागि आवश्यक औषधि तथा खोप व्यवस्थापन गर्न हरेक तहमा कार्यक्रम सञ्चालन गर्न बजेट चाहिने पनि उनले जनाए । लम्पीबारे सरकारको आलोचना भएपछि पछिल्लो समय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चासो दिएको छ । मुख्यसचिव वैकुण्ठ अर्यालको संयोजकत्वमा बसेको केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिले लम्पीबारे चासो राख्दै खोप कार्यान्वयनमा ल्याउन निर्देशन दिएको थियो । बैठकले संघीय सरकार, स्थानीय सरकार र निजी क्षेत्रको सहकार्यमा छिटोभन्दा छिटो सेवा दिन सक्ने कार्ययोजना बनाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई भनेको थियो ।

लम्पी स्किन रोगबाट १३ लाखभन्दा बढी गाईभैंसी संक्रमित भएको, करिब ५० हजार गाईभैंसी मरेको र किसानको करिब ६४ अर्ब रुपैयाँ बराबर क्षति भइसकेको नेपाल भेटेरिनरी एसोसिएसन, नेपाल एनिमल साइन्स एसोसिएसन, नेपाल पारा भेटेरिनरी एन्ड लाइभस्टक एसोसिएसन, नेपाल पशु स्वास्थ्य प्राविधिक संघ, नेपाल पशुपन्छी औषधि पैठारीकर्ता संघलगायत पशुपन्छीसम्बन्धी विभिन्न आठ संस्थाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । 'पशुबस्तुमा महामारीका रूपमा देखिएको लम्पी स्किन अफ्रिकन स्वाइन फिभर, खोरेत, रेबिजलगायत अन्य पशु रोगका कारण आक्रान्त बनेको छ । किसानको खर्बौं रुपैयाँको क्षति हुँदा पशुपन्छीको रोग नियन्त्रण र उपचारमा सक्रिय रूपमा परिचालित हुने निकायमा बजेट शून्य छ,' विज्ञप्तिमा भनिएको छ । लम्पी स्किन, अफ्रिकन स्वाइन फिभर र बर्डफ्लूबाट प्रभावित किसानलाई तत्काल राहतका कार्यक्रम घोषणा गर्न पनि माग गरिएको छ ।


## सुकुना बहुमुखी क्याम्पस
## सुन्दरहरैचा नगरपालिका, मोरङ
## बोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/०५

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा नगरपालिका, मोरङ र विश्वविद्यालय अनुदान आयोग बीच भएको सम्झौता अनुसार यस क्याम्पसको एक तले ३ कोठे पक्की शिक्षण भवन निर्माण गर्ने कार्यका लागि तपसिल बमोजिम ३० दिने बोलपत्र आव्हान सम्वन्धी सूचना प्रकाशित गरिएको छ। योग्य बोलपत्र दाताले PPMO को Website: www.bolpatra.gov.np/egp मा बोलपत्र दाताहरूलाई दिइएको निर्देशन अनुसार प्रकृया पूरा गरी बोलपत्र पेस गर्न सक्नेछन्। बोलपत्र खरिद र बोलपत्र जमानत वापतको रकम यस कार्यालयको नेपाल बैङ्क लि. को चल्ती खाता नं. २५३००१०६७६०७९४००००01 मा जम्मा गरेको भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबन्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटीमा १२० दिन म्याद भएको बोलपत्र जमानत (Bid security) पेश गर्नुपर्नेछ।

तपसिल

| S. No | Contract Identification No. | Name of Project | Location | Total Cost Estimate (Without Vat) | Bid Security Amount NRs. | Cost of bid Document NRs. | Last date of bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SMC/W/NCB-01/080/081 | Construction of Classroom Building | Sukuna Multiple Campus Sundarharaincha-12, Morang | NRs 12990518.95 | 3,25,000.00 | 3000.00 | 2080/06/05 12:00 PM | 2080/06/05 02:00 PM |



## Kalaiya Sub Metropolitan City
## Office of Municipal Executive
Madhesh Province
Kalaiya, Bara

## NOTICE OF INVITATION FOR BIDS

**First Date of Publication: 2080/05/05 (22nd Aug 2023)**

1. **Kalaiya Sub Metropolitan City, Kalaiya, Bara** invites electronic bids from eligible Nepalese bidders for the following works:

| S. N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|
| 1. | KSMC/NCB/W ORKS/-01- 080/81 | TOWN HALL CONSTRUCTION WORK PHASE-2 , W N 01 | 5,000.00 | 90 days | 12,56,000.00 / 120 days |

| S. N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Bid Validity Period | Estimate amount without VAT | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 2. | KSMC/NCB/W ORKS/-02- 080/81 | Barewa chhatiya Pokhari Park Construction Work Phase-3 | 3,000 | 90 days | 1,29,98,448.28 | 2,93,000.00 / 120 days |
| 3. | KSMC/NCB/W ORKS/-03- 080/81 | Park Planning and Beautification of Ram Janaki Temple (Phase-3) | 3,000 | 90 days | 1,52,59,215.01 | 3,43,000 / 120 days |

| | |
|---|---|
| **Deadline for Bid Submission:** | 2080/06/04 (21st sep 2023) till 12:00 Noon |
| **Date, Time and Place of Bid Opening:** | 2080/06/04 (21st sep 2023) 2:00 PM at Kalaiya Sub Metropolitan City, Kalaiya, Bara |

2. Eligible bidders may obtain further information and inspect the bidding document at **Kalaiya Sub Metropolitan City, Kalaiya, Bara** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

***Chief Administrative Officer***


## अर्थ संक्षेप

### स्विच अनको नयाँ सोरुम गट्ठाघरमा




काठमाडौं (कास)- सामसङ, हिमस्टार, चिन्ट, इन्डोएसियन, गलान्ज र अहुजालगायत ब्रान्डको बिक्री वितरण गर्दै आएको 'स्विच अन'को नयाँ सोरुम भक्तपुरको गट्ठाघरमा खुलेको छ । सामसङ इलेक्ट्रोनिक्स नेपालका प्रमुख सङ जुन पार्क, गोल्छा ग्रुपका अध्यक्ष शेखर गोल्छा र हिम इलेक्ट्रोनिक्सकी निर्देशक सीमा गोल्छाले उक्त स्विचअन सोरुमको संयुक्त उद्घाटन गरे । 'नक्सालमा रहेको स्विचअन रिटेलको प्रमुख आउटलेट पहिले नै यसको प्रिमियम सेवाहरूका लागि लोकप्रिय छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'ग्राहकलाई पूर्ण सन्तुष्टि, विश्वसनीयता र प्रमाणिकताका साथ सेवा प्रदान गर्दै आएकाले आउटलेट लोकप्रिय बनेको हो ।' स्विचअनले प्रतिष्ठित ब्रान्डका घरेलु उपकरण टीभी, फ्रिज, बल्ब, विभिन्न विद्युतीय घडीलगायत वस्तु एकै ठाउँमा उपलब्ध गराउँदै आएको छ ।

### जुम्ला पुग्यो एनसेलको फोरजी सेवा

काठमाडौं (कास)- एनसेल आजियाटाले कर्णालीको दुर्गम जिल्ला जुम्लामा फोरजी सेवा पुर्‍याएको छ । जिल्लाको चन्दननाथ नगरपालिका, तिला र तातोपानी गाउँपालिकामा एक-एक गरी तीन वटा टावर जडान गरिएको एनसेलले जनाएको छ । 'मोबाइल ब्रोडब्यान्ड र भ्वाइस सेवाको पहुँचबाट जिल्ला सदरमुकाम खलंगालगायत स्थानीय पहिले नै लाभान्वित भइरहेका छन्,' कम्पनीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यसअघि भी-स्याट प्रविधिबाट जुम्लामा आधारभूत मोबाइल सेवा उपलब्ध गराइँदै आएको थियो ।' चन्दननाथ नगरपालिका, तिला गाउँपालिका र तातोपानी गाउँपालिकामा फोरजी विस्तार भएपछि यस्तो सेवाको पहुँच कुल जनसंख्याको ९१.३९ प्रतिशत पुगेको एनसेलको दाबी छ । गत आर्थिक वर्षमा देशैभर स्थापना गरिएका नयाँ टावरले फोरजी सेवामा पहुँच वृद्धि र सेवा विस्तारमा योगदान पुगेको कम्पनीले जनाएको छ ।

### ई-सेवा र इन्जाज पेमेन्टबीच रेमिट्यान्स भुक्तानी सम्झौता




काठमाडौं (कास)- ई-सेवा मनी ट्रान्सफर र साउदी अरेबियाको इन्जाज पेमेन्ट सर्भिसेज कम्पनीबीच रेमिट्यान्स भुक्तानी सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा एफवान सफ्ट ग्रुपका अध्यक्ष विश्वास ढकाल र इन्जाज पेमेन्ट सर्भिसेज कम्पनीका प्रमुख कार्यकारी अधिकृत खालिद अल जैनले हस्ताक्षर गरे । यस सम्झौतासँगै साउदी अरेबियामा बसोबास तथा काम गर्दै आएका नेपालीले इन्जाज पेमेन्टका १५० शाखा, पीओएस, किअस्कस वा मोबाइल एप र वेबसाइटबाट पठाएको रेमिट्यान्स नेपालमा ई-सेवा मनी ट्रान्सफरमार्फत पाउन सक्नेछन् । इन्जाज पेमेन्टबाट पठाएको रेमिट्यान्स ई-सेवा मनी ट्रान्सफरका १३ हजार ८ सयभन्दा बढी भुक्तानी केन्द्र, बैंक, वित्तीय संस्था तथा ई-सेवाका एक लाखभन्दा बढी क्यास पोइन्ट र ७५ लाखभन्दा बढी प्रयोगकर्ताले वालेटबाट सहजै प्राप्त गर्न सक्नेछन् ।

### शाक्यलाई सिंगापुरमा अवार्ड




काठमाडौं (कास)- आउटरिच नेपालका संस्थापक उजय शाक्यलाई सीएमओ एसिया अवार्डको १४औं संस्करणमा मार्केटिङ लिडर अवार्ड प्रदान गरिएको छ । उनलाई एसियाको प्रशंसनीय मार्केटिङ लिडरको सम्मान प्रदान गरिएको हो । १७ अगस्टमा प्यान प्यासिफिक सिंगापुरमा आयोजित कार्यक्रममा एसिया प्यासिफिक क्षेत्रका मार्केटिङ व्यक्तित्वहरूको योगदान कदर गर्दै सम्मान गरिएको हो । 'उजय शाक्यको समर्पण, नेपाली विज्ञापनको प्रतिनिधित्व गर्ने र नेपालमा अझ बलियो व्यावसायिक इकोसिस्टम खेती गर्ने निरन्तर प्रयासले यो प्रतिष्ठित सम्मान प्राप्त भएको हो,' आउटरिचले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । शाक्यले नेपालमा धेरै विश्वव्यापी ब्रान्डलाई परिचित गराउन भूमिका खेलेकै कारण यो अवार्ड मिलेको कम्पनीको भनाइ छ ।

# मझगाउँ विमानस्थलको काम डेढ वर्षमा २५ प्रतिशत मात्रै



तस्बिर : भवानी/कान्तिपुर

**निर्माणाधीन कञ्चनपुरको मझगाउँ विमानस्थल । बर्खाका कारण अहिले काम बन्द गरिएको छ ।**

**भवानी भट्ट** (कञ्चनपुर)

> कहिले जग्गाको भोगाधिकार विवाद, कहिले निर्माण सामग्री अभावका कारण तीन वर्षमा सक्नुपर्ने विमानस्थल निर्माणले गति लिन सकेन

डेढ वर्षअघि निर्माण सुरु भएको कञ्चनपुरको मझगाउँ विमानस्थलको काम २५ प्रतिशत मात्र भएको छ । तीन वर्षमा सक्ने गरी ठेक्का सम्झौता भए पनि जग्गाको भोगाधिकार विवाद त कहिले निर्माण सामग्री अभावका कारण विमानस्थल निर्माणले गति लिन नसकेको हो । अहिले विमानस्थलको काम झन्डै एक महिनादेखि रोकिएको छ । बर्खामा निर्माण सामग्री ढुवानीका लागि समस्या भएको भन्दै काम रोकिएको हो ।

बर्खा रोकिएपछि मात्रै काम अगाडि बढ्ने मझगाउँ विमानस्थल आयोजनाका इन्जिनियर अंकित शर्माले बताए । 'अहिले बर्खाले माटो र ग्राभेल ढुवानीमा समस्या भएको छ,' इन्जिनियर शर्माले भने, 'माटो र ग्राभेलकै काम चलिरहेको छ, बर्खा रोकिएपछि काम पुनः सुरु हुन्छ ।' उनका अनुसार हालसम्म धावनमार्गको ९ सय मिटर सबबेस निर्माण भएको छ । ९ सय मिटर नाली निर्माणको काम पनि सकिएको छ ।

स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको संयुक्त लगानीमा विमानस्थल निर्माण भइरहेको हो । भीमदत्त नगरपालिकाको १५, दोधारा चाँदनीको १०, सुदूरपश्चिम प्रदेश सरकारको २५ र संघीय सरकारको ५० प्रतिशत लगानीमा निर्माण सुरु गरिएको थियो । दुई वर्षअघि ०७८ मा तीन वर्षभित्र काम सक्ने गरी कान्छाराम/केएस/उमा एन्ड कम्पनीसँग ४५ करोड ६६ लाखमा ठेक्का सम्झौता भएको हो ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको रत्नबाटिका र निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेनाले भोगचलन गरिरहेको जमिनको भोगाधिकार लिने विषयमा केही विवाद भएको थियो । उक्त क्षेत्रमा धावनमार्ग निर्माणका क्रममा निर्माण कम्पनीका उपकरण र कामदार निकुञ्जले नियन्त्रणमा पनि लिएको थियो । त्यसपछि मौखिक रूपमा काम सञ्चालन गर्न दिने तथा भोगाधिकारका विषयमा पनि प्रक्रिया अगाडि बढाउने सहमतिपछि उक्त क्षेत्रमा धावनमार्ग निर्माण पुनः सुरु भएको हो ।

'मौखिक रूपमा सहमति भएको छ, निर्माणको काम पनि भइरहेको छ,' निर्माण कम्पनीका इन्जिनियर जितेन्द्र यादवले भने, 'अहिले बर्खाका कारण काम रोकिएको छ, दस/पन्ध्र दिनमा काम सुरु हुन्छ ।' अहिले १५ सय २५ मिटर धावनमार्ग निर्माण गरिनेछ । त्यसका लागि रत्नबाटिका र सेनाको खेल मैदानको जमिनसम्म काम गर्नुपर्ने हुन्छ ।

०३० देखि हवाई सेवा सुरु भएको मझगाउँ विमानस्थल सशस्त्र द्वन्द्वका बेला ०५६ मा सुरक्षाको कारण देखाउँदै बन्द गरिएको थियो । बन्द हुनुअघिसम्म सुदूरपश्चिमका पहाडी जिल्लातर्फ नियमित उडान भइरहेको थियो । बन्द भएको २२ वर्षपछि स्तरोन्नतिको काम सुरु भएको हो । विमानस्थल सञ्चालनका लागि यस क्षेत्रका नागरिक संघसंस्थाहरूले दबाब दिँदै आएका थिए । कञ्चनपुर उद्योग वाणिज्य संघसँगै नागरिकहरूले नियमित रूपमा दबाब दिएपछि तीन तहको सरकारको लगानीमा ठेक्का प्रक्रिया अघि बढेको हो ।

# कोशी मुख्यमन्त्रीलाई...

उनले स्वास्थ्यमा अचानक समस्या उत्पन्न भई उपचार गर्न प्रदेशबाहिर जानुपर्ने भएकाले सोमबार र त्यसपछिका बैठकको अध्यक्षता गर्न जिम्मेवारी दिएको पत्रमा उल्लेख गरेकी छन् ।

कोशीका तत्कालीन सभामुख गौतमले पुस २६ मा कांग्रेसका मन्सुरीसहित एमालेकी मालतीकुमारी लिम्बू, माओवादीकी गीता तिम्सिना र राप्रपाका अम्बरबहादुर विष्टलाई अध्यक्षमण्डलको सदस्य मनोनीत गरेका थिए । उपसभामुख दनुवारका साथै अध्यक्षमण्डलमा रहेका आफ्ना सांसदलाई बैठकको अध्यक्षता नगराउने एमाले-राप्रपा रणनीतिअनुसार लिम्बू र विष्टले शुक्रबारै उपसभामुखलाई 'आगामी केही बैठकमा अनुपस्थित हुने' सूचना दिएका थिए । लिम्बू र विष्टले बैठकमा अनुपस्थित हुने सूचना दिएका कारण दोस्रो क्रम संख्या र दोस्रो वर्णानुक्रममा रहेका मन्सुरीलाई प्रदेशसभा नियमावलीको नियम ११ (२) बमोजिमको अधिकार प्रयोग गर्ने गरी बैठकको अध्यक्षता गर्न प्रदेशसभा सचिवालयमार्फत सूचना दिएकी थिइन् ।

उपसभामुखको पत्र पाएपछि मन्सुरीले सोमबारको बैठकमा विश्वासको प्रस्तावमाथि छलफल अगाडि बढाएका थिए । उनले मतदान गर्न दिएको समय सकिएपछि ३ मिनेटका लागि हस्ताक्षर सच्याउन प्रदेशसभा सदस्यहरूलाई समय दिए । उक्त समयसमेत सकिएपछि उनले अध्यक्षको आसनमा अध्यक्षमण्डलका सदस्य माओवादीकी तिम्सिनालाई बसाएर विश्वासको मतको पक्षमा मतदान गरे । त्यसपछि पुनः अध्यक्षको आसनमा बसेर विश्वासको मतको पक्षमा बहुमत ४७ र विपक्षमा ३० मत परेकाले मुख्यमन्त्री थापाले विश्वासको मत प्राप्त गरेको घोषणा गरे । सभाध्यक्ष मन्सुरी मतदान गर्न गएपछि प्रमुख प्रतिपक्ष एमालेका सांसदहरूले उठेर नाराबाजी गर्दै प्रदर्शन गरेका थिए ।

एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले संविधान र कानुनविपरीत सभाध्यक्षले मतदान गरेको बताए । 'सभाध्यक्षको मतले विश्वासको मत लिएर गठबन्धन दलले असंवैधानिक, गैरकानुनी र अधिनायकवादी यात्रा तय गरेका छन्,' उनले भने, 'हामी कानुनी परामर्श गरेर संविधानको रक्षाका लागि पुनः अदालतको ढोका ढकढक्याउँछौं ।' न्याय निरूपणका लागि अदालत जानुको विकल्प नभएको कार्कीले बताए ।

संविधानविद् टीकाराम भट्टराईले सर्वोच्च अदालतको साउन ११ को आदेशको मसी सुक्न नपाउँदै सत्ता गठबन्धनले पुनः संविधानको हुर्मत लिएको टिप्पणी गरे । प्रदेशसभाको अध्यक्षता गर्ने व्यक्तिलाई मत बराबर भएको अवस्थामा बाहेक मतदानको अधिकार नभएको उनको भनाइ छ । 'बैठकको अध्यक्षता गर्ने व्यक्तिले विश्वासको प्रस्तावमा मतदान गर्नु संविधान र व्यवस्थाको हुर्मत लिने काम हो, सत्तारूढ दलले संविधान र सर्वोच्चको आदेशको हुर्मत लिने कुरा लज्जास्पद छ,' उनले भने, 'यो कार्य संविधानका साथै सर्वोच्चको साउन ११ को आदेशविरुद्ध छ ।' सर्वोच्चको साउन ११ को आदेश र संविधानको धारा १८६ को व्यवस्था उल्लंघन गर्दै प्रदेशसभा बैठकको अध्यक्षता गरेका मन्सुरीले मुख्यमन्त्री थापालाई विश्वासको मत दिएको उनले बताए ।

असार २० मा तत्कालीन सभामुख गौतमसमेतको समर्थनमा मुख्यमन्त्री बनेका थापालाई प्रदेशसभाबाट विश्वासको मत नलिँदै सर्वोच्चले असंवैधानिक ठहर गरी साउन ११ मा पदमुक्त गरेको थियो । सर्वोच्चले थापालाई पदमुक्त गर्ने क्रममा सभामुख तथा सभाको अध्यक्षता गर्नेको भूमिकाको स्पष्ट व्याख्या गरेको छ । न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्ण इजलासले थापाको नियुक्ति असंवैधानिक ठहर गर्दै सभामुख वा सभाको अध्यक्षता गर्ने प्रदेशसभा सदस्यको मताधिकारको व्याख्या गरेको थियो । 'सभामुखले प्रदेशसभामा रेफ्री वा अम्पायर प्रकृतिको भूमिका निर्वाह गर्नँपर्छ,' सर्वोच्चको आदेशमा भनिएको छ, 'सभामुख वा सभाध्यक्षलाई निष्पक्ष र तटस्थ राख्ने अभिप्रायःले नै नेपालको संविधानको धारा १८६ मा अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार नहुने तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिने व्यवस्था गरिएको हो ।'

संविधानको धारा १८६ मा प्रदेशसभामा मतदानको व्यवस्था गरिएको छ । जसमा भनिएको छ, 'प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।'

कानुनविद् डोमन साहले मतदानका लागि दिएको समय सकिएपछि मतदानै गर्न नपाउने कानुनी र संवैधानिक व्यवस्थाविपरीत सभाध्यक्षले दिएको मतले कानुनी आधार प्राप्त नगर्ने बताए । राजनीतिक विश्लेषक कृष्ण पोखरेलले सदनको अध्यक्षता गर्ने व्यक्तिले संवैधानिक व्यवस्थाविपरीत मतदान गरेपछि तटस्थताको प्रश्न उठ्नु स्वाभाविक भएको बताए । 'संसदीय व्यवस्थाको जननी बेलायतमा सभाध्यक्ष भइसकेको व्यक्ति पुनः चुनाव लड्दा कुनै दलबाट नभई स्वतन्त्र उम्मेदवार बन्ने गरेका छन्,' उनले भने, 'हाम्रोमा त सभाध्यक्ष नै खुलेआम दलीय मोर्चाबन्दीमा उत्रिन्छन्, यो संसदीय लोकतन्त्रको आचरणविपरीत हो ।'

सत्ता गठबन्धन र त्यसका निकट कानुन व्यवसायीहरूले भने सभाध्यक्षले सभामुख वा उपसभामुखजस्तो दलीय आबद्धताबाट अलग नभई सांसदको भूमिकामा रहने भएकाले मतदान गर्न पाउने दाबी गरेका छन् । वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले सभामुख र उपसभामुखलाई मात्रै संविधान र सर्वोच्चको आदेशले प्रदेशसभामा प्रस्तुत कुनै प्रस्तावमा बराबर मत भएको अवस्थामा मतदान गर्ने अधिकार दिएको तर अध्यक्षता गर्ने सदस्यले मत दिनैपर्ने बाध्यात्मक अवस्था रहेको बताए । 'सभामुख र उपसभामुख तटस्थ रहनुपर्छ, उनीहरू कुनै पार्टीको सदस्य नरहने हुँदा त्यस्तो व्यवस्था गरिएको हो,' ज्ञवालीले कान्तिपुरसँग भने, 'अध्यक्षता मात्रै गरिरहेकाले तटस्थ रहिरहन परेन किनकि ऊ प्रदेशसभा सदस्य हो । अध्यक्षता गर्ने सदस्यले पार्टीबाट राजीनामा गरेको हुँदैन ।' अध्यक्षमण्डलको सदस्यले बैठक निरन्तर होस् भनेर मात्रै अध्यक्षता गर्ने गरेकाले कोशीमा आवश्यकताको सिद्धान्त प्रयोग गरिएको उनले बताए ।

सभाध्यक्षको भूमिका निर्वाह गरेका मन्सुरीले आफू कांग्रेसबाट निर्वाचित सांसद भएको र दलले विश्वासको मतको पक्षमा मतदान गर्न ह्विप लगाएकाले मतदान गर्न बाध्य भएको बताए । सभाध्यक्षको आसनमा बसेर मतदान नगरेकाले आफूले दिएको मतमाथि संवैधानिक र कानुनी प्रश्न नउठ्ने उनको दाबी छ । मुख्यमन्त्री थापाले उपसभामुखका कारण सभाध्यक्षले विश्वासको मत दिनुपर्ने अवस्था आएको बताए । 'कोशीमा अहिले सभामुख छैनन्, त्यसैले प्रदेशसभाको बैठक सञ्चालन गर्ने जिम्मेवारी उपसभामुखको हो,' उनले भने, 'विश्वासको मतको प्रस्तावजस्तो महत्त्वपूर्ण कार्यसूसचीलाई छलेर उहाँ (उपसभामुख) अनुपस्थित भएपछि सांसद मन्सुरीले आफ्नो मताधिकारको उपभोग गर्नुभएको हो ।'

सोमबार बिहान हवाईमार्गबाट काठमाडौं आएकी उपसभामुख दनुवार भने बाँसबारीस्थित सहिद गंगालाल हृदय केन्द्रमा भर्ना भएको उनको पारिवारिक स्रोतले बताएको छ । 'दिदी मुटुको बिरामी हुनुहुन्छ, डाक्टरको सल्लाहमा भर्ना हुनुभएको छ,' उपसभामुख दनुवारको मोबाइल रिसिभ गरेका भाइ नाता पर्ने काजी थापाले भने, 'डाक्टरले नबोल्न भनेकाले मैले फोन उठाएको हुँ, अब केही दिन उहाँ अस्पतालमै बस्नुहुन्छ ।'

## कांग्रेस सांसदको हैसियतमा मतदान गरेको हुँ : मन्सुरी

**सभामुखको कुर्सीमा बसेर पनि संविधान र नियमावलीविपरीत किन मतदान गर्नुभयो ?**

एउटा राजनीतिक दलसँग आबद्ध व्यक्ति भएको र राजीनामा दिएर दल त्याग पनि नगरेको अवस्थामा सभामुख र उपसभामुखको अनुपस्थितिमा उपसभामुख सिर्जना दनुवारको आग्रहमा मात्रै सभाको अध्यक्षता गरिदिएको हुँ । कांग्रेसबाट निर्वाचित सांसद भएको र दलले विश्वासको मतको पक्षमा मतदान गर्न ह्विप लगाएकाले मतदान गर्नैपर्ने आवश्यकता थियो । नैतिकताको आधारमा र पार्टीप्रतिको जिम्मेवारीबोध गरेर पनि मतदान गरेँ ।

**प्रदेशसभा नियमावली २०७४ को नियम ११ को उपनियम (२) मा सभामुखको भूमिका निर्वाह गर्ने भनिएको छ । यसको बर्खिलाप मतदान गर्न मिल्छ ?**

मैले मतदान गरेको अवस्थामा सभाध्यक्षको आसनमा अध्यक्षमण्डलका सदस्य माओवादीकी गीता तिम्सिना बस्नुभएको थियो । मैले सभाध्यक्षको आसनमा बसेर मतदान गरेको होइन । त्यसैले संविधान र प्रदेशसभा नियमावलीविपरीत गरेको ठहरिँदैन ।

**मतदान गर्ने समय सकिएपछि तपाईंले गर्नुभएको मतदानको संवैधानिक र कानुनी आधार छ ?**

सभाध्यक्षको आसनमा बसेर मतदान नगरेकाले मैले दिएको मतमाथि कुनै किसिमको संवैधानिक र कानुनी प्रश्न उठ्दैन । मतदानको समय सकिएपछि नै मतदान गरेको हुँ तर मतदान प्रक्रियाको समय सकिएको थिएन । मतदान गर्ने समयसीमा समाप्त भएपछि दिएको मतको कानुनी मान्यताका विषयमा कसैले प्रश्न उठाउनु स्वाभाविक हो तर मतदान प्रक्रिया चलिरहेकै अवस्थामा मतदान गरेको छु ।

# धरहरा उद्घाटनको...

क्षेत्र विस्तारसँगै काम पनि बढेको ती इन्जिनियरको भनाइ छ । अहिले धरहराभित्र, धारा, बिजुली, बत्तीलगायत जडानको काम पनि हुँदै छ । धरहराभित्र लिफ्ट राखिसकेको र त्यसको अन्तिम जडान गर्न लागिएको ती इन्जिनियरले बताए ।

धरहरा उद्घाटन गर्दा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली थिए । प्राधिकरणको समयावधि सकिएपछि ०७८ पुसमा पुनर्निर्माणका काम सम्बन्धित मन्त्रालय हुँदै विभागहरूको जिम्मा लगाइएको हो । यसको ठेक्का दुई भागमा विभाजन गरेर गरिएको हुँदा पहिलो भागअन्तर्गत धरहराको निर्माण सकिएपछि उद्घाटन गरिएको तत्कालीन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले बताए । 'पहिलो भागमा धरहरा र दोस्रोमा म्युजियम, अन्डरग्राउन्ड पार्किङ लगायतका काम थिए,' उनले भने, 'भूकम्पमा ढलेपछि धरहरा उठ्दा जनताको भावना उठ्छ भनेर छिटै काम सकेर उद्घाटन गरिएको हो ।' अन्य संरचना निर्माणमा ध्यान दिइए पनि बढी ध्यान धरहरामै भएकाले छिटो सम्पन्न गर्न सकिएको दाबी ज्ञवालीको छ । 'निर्माण पूरा भएपछि उद्घाटन गर्नु राम्रै कुरा हो, यसले सकारात्मक सन्देश दिन्छ,' उनले भने, 'त्यहीअनुसार उद्घाटन पनि गरिएको हो, तर यसलाई राजनीतीकरण गर्दै निर्माण नसकी उद्घाटन गरियो भन्नु गलत छ ।' अहिले सहरीलाई हस्तान्तरण गरेपछि अन्य निर्माणका काममा ढिलाइ भएको उनले बताए । 'केपी शर्मा ओलीको पालामा बनेको सेतो टावर भनेर निकै टीकाटिप्पणी गरियो, तर यो एउटा राष्ट्रिय सम्पदा हो,' उनले भने, 'राजनीति अरू ठाउँमा गरे हुन्थ्यो, त्यत्रो दुःख गरेको काममा राजनीति गरिदिँदा दुःख लाग्छ, सबैको मिहिनेत र साथले धरहरा ठडिएको हो ।'

ज्ञवालीका अनुसार सहरी विकासमन्त्रीसहितको टिम खटिएर लागेको भए अहिलेसम्म काम सकिसकेको हुन्थ्यो । अहिले निर्माण भएको धरहरा २२ तलाको छ । अन्डरग्राउन्ड २ र बाहिर २० तला छ । काममा ढिलाइ गर्ने निर्माण व्यवसायी पनि सरकारी निकायमाथि नै दोष थोपर्न पछि पर्दैनन् । भेरिएसन अर्डर बेलैमा स्वीकृत नभएर काम गर्न समस्या भएको जीआईईटीसी-रमण कन्स्ट्रक्सनका प्रोजेक्ट म्यानेजर रमेश पौडेलले बताए । 'काम गर्न साइट समयमै पाउन सकिएन, सुरुमा धरहराको मात्र काम गर्न दिइयो, यसको उद्घाटन भएपछि मात्र अरू काम गर्न पाएको हो,' उनले भने, 'फेरि पछि काम थपिरहे, काम थपिए पनि समयमै भुक्तानी पाउन सकिएन ।' कति काम ठेक्का सम्झौता भएअनुसार भन्दा बढी गरेको उनले बताए । 'सुरुका दुई वर्ष कोभिडका कारण काम गर्न पाइएन,' उनले भने, 'अब असोज मसान्तभित्र काम सक्न प्रतिबद्धता गरेका छौं ।' ठेक्का लगाउने निकायबाट भुक्तानीलगायत समयमै स्वीकृत दिनुपर्ने काममा ढिलाइ नभए तोकिएकै समयभित्र काम सकिने उनको दाबी छ ।

आधा पनि काम नसक्दै तत्कालीन प्रधानमन्त्रीले हतारमा धरहराको उद्घाटन गर्दा आफू आश्चर्यमा परेको सहरी विकासमन्त्री सीता गुरुङले बताइन् । 'अहिले त काम सकिएको छैन भने उद्घाटन गर्दा कति काम भएको थियो ?' उनले भनिन्, 'कामै नसकी धरहराको उद्घाटन गर्न हतारिनु किन परेको थियो, बुझ्न सकिएन ।' उनले स्थलगत रूपमा हेरेर निर्माण व्यवसायीलाई असोज मसान्तसम्म काम सम्पन्न गर्न दबाब दिएको बताइन् । 'निर्माण व्यवसायीकै कारण निर्माणमा ढिला भएको हो, असोज मसान्तसम्म समय छ,' उनले भनिन्, 'त्यो समयभित्र पनि काम नसकिए एक दिन समय थप्ने छैनौं, अब पनि काम नसके सिधै ठेक्का तोडिनेछ ।' हतारमा धरहरा ठड्याएर उद्घाटन गरे पनि अहिलेसम्म त्यो बेला जडान गरेको लिफ्ट राम्रोसँग चल्न नसकेको उनले बताइन् । पुरातत्त्वविद्हरूसँग छलफल गरेर पुरानो धरहरा र आसपास जस्तो थियो, त्यस्तै बनाउने गरी काम गरिरहेको उनले सुनाइन् ।

# नेपाल र भट्टराई...

२०६९ मा भट्टराई प्रधानमन्त्री हुँदा ५ रोपनी २ पैसा सरकारी जग्गा पशुपति टिकिन्छा गुठीका नाममा लगेर त्यसमा नक्कली मोही खडा गरी भूमाफियाले हडपेका थिए ।

पञ्चायतकालमै तत्कालीन भोगाधिकारी सुवर्णशमशेर राणाका परिवारलाई मुआब्जा दिएर ललिता निवास परिसरको करिब २ सय ८४ रोपनीभन्दा बढी जग्गा सरकारले अधिग्रहण गरी गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनीका नाममा ल्याएको थियो । त्यस क्रममा राजनीतिक मुद्दा लगाइएका केहीको जग्गाजमिन जफतसमेत भएको थियो । २०२१ सालमा अधिग्रहण गरिएको ललिता निवास परिसरमै हाल प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख (हाल राष्ट्रिय सभा अध्यक्ष) का सरकारी निवास तथा नेपाल राष्ट्र बैंक मुख्यालय छ ।

२०४६ को परिवर्तनपछि कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले पञ्चायतकालमा जफत गरिएको सम्पत्ति मात्रै सम्बन्धित व्यक्ति तथा परिवारलाई फिर्ता गर्ने निर्णय गरेको थियो । तर, मन्त्रिपरिषद्को निर्णय अपव्याख्या गरी विशिष्ट पदाधिकारी र राष्ट्र बैंकले ओगटेबाहेकको जग्गा हिनामिनाको क्रम २०४९ पछि सुरु भएको थियो । मन्त्रिपरिषद्को निर्णय अपव्याख्या गरी तत्कालीन भोगाधिकारी, भूमाफिया र कर्मचारीको मिलेमतोमा २०४९ सालमा सुवर्णशमशेरका भोगाधिकारीले १ सय १२ रोपनी ४ आना जग्गा हडपेका थिए । त्यसको १३ वर्षपछि २०६२ मा थप १२ आना जग्गा राणा परिवारले हडपेका थिए । त्यसबाट बाँकी रहेको करिब ३० रोपनी जग्गा नेपाल र भट्टराई नेतृत्वको मन्त्रिपरिषद्को निर्णयका आधारमा २०६६/६७ मा २५ रोपनी ५ आना र २०६९ मा ५ रोपनी २ पैसा जग्गा भूमाफियाले हडपेका थिए ।

यी दुई मन्त्रिपरिषद्का निर्णयसहित २०४९ देखि ०६९ को अवधिमा जग्गा हडप्नेविरुद्ध सीआईबीले संगठित अपराध निवारण ऐन, २०७० र मुलुकी ऐन, २०२० को किर्तेसम्बन्धी महलका कसुरमा गत असार १२ बाट अनुसन्धान अघि बढाएकामा सोमबार अबेरसम्म अनुसन्धानको टुंगो लगाउँदै दुई पूर्वप्रधानमन्त्री नेपाल र भट्टराई तथा पूर्वमुख्यसचिव लीलामणि पौडेललाई मुद्दा चलाउनु नपर्ने राय तयार पारेको हो । पौडेल भट्टराई नेतृत्वको मन्त्रिपरिषद्मा मुख्यसचिव थिए । नेपाल प्रधानमन्त्री हुँदा मुख्यसचिव रहेका माधव घिमिरे सवारी दुर्घटनामा परी त्रिशूलीमा खसेर बेपत्ता छन् । अब हिनामिना प्रकरणका निर्णयमा सामेल २ पूर्वप्रधानमन्त्री र एक पूर्वमुख्यसचिवलाई सरकारी साक्षीका रूपमा मात्रै राखेर बाँकीलाई बिगो, कैद र जरिवाना तथा केहीलाई जग्गा फिर्ता प्रयोजनका लागि प्रतिवादी बनाउनुपर्ने सीआईबीको राय छ ।

केही दिनअघि पूर्वमुख्यसचिव पौडेल र आइतबार राति दुई पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईलाई निवासमै गएर सीआईबीको टोलीले 'बयान कागज' गराएको थियो । जग्गा हिनामिना प्रकरणमा जोडिएका उच्च पदस्थसँग सीआईबीले बयानको तयारी गरिरहेका बेला साउन २९ मा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धन बैठकले अनुसन्धान प्रभावित बनाउने प्रयास गरेको थियो ।

महान्यायाधिवक्ता दीनमणि पोखरेललाई नै बैठकमा डाकेर मुख्य निर्णयकर्तालाई बयान नलिने वातावरण बनाउन चलखेल भएको थियो । त्यसकै कडीस्वरूप साउन २१ मा सर्वोच्च अदालतले मुख्य निर्णयाधिकारीसँग पनि बयान लिनु भन्ने आदेशको प्रमाणित पत्र महान्यायाधिवक्ता कार्यालयले प्रहरीलाई पठाएन । जसका कारण अनुसन्धान प्रभावित बनेको थियो । त्यसका बाबजुत सीआईबीले आदेशको पालना नगरे अवहेलना मुद्दा पर्न सक्ने भन्दै जसरी पनि बयान कागज भए पनि गर्नुपर्ने निष्कर्षमा उनीहरू पुगेका थिए । सोही अडानका कारण आइतबार राति दुवैसँग सीआईबीले कागज गराएको थियो ।

सीआईबीले पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार र चन्द्रदेव जोशीसँग पनि सोमबारै बयान लिएको छ । सीआईबीले जिल्ला सरकारी वकिलको रोहबरमा गच्छदारसँग बयान लिएको हो । ०६६ सालमा उपप्रधान तथा भौतिक योजनामन्त्री हुँदा गच्छदारले नक्कली मोही र भूमाफियालाई जग्गा सट्टाभर्ना गर्ने टिप्पणी सदर गरी मन्त्रिपरिषद्मा पेस गरेका थिए । त्यस्तै २०६९ सालमा बाबुराम भट्टराई सरकारमा गृहमन्त्री हुँदा पशुपति टिकिन्छा गुठीको नाममा जग्गा लगेर त्यसमा नक्कली मोही खडा गर्नेसम्बन्धी सिफारिस मन्त्रिपरिषद्को सामाजिक समितिबाट गराएका थिए । सामाजिक समितिको अध्यक्ष गच्छदार थिए । त्यही सिफारिसका आधारमा मन्त्रिपरिषद्ले नक्कली मोही खडा गर्ने निर्णय गरेको थियो । उनलाई प्रतिवादी बनाएर मुद्दा लैजाने सीआईबीको तयारी छ ।

त्यस्तै भट्टराई नेतृत्वको सरकारमा भूमिसुधारमन्त्री रहेका चन्द्रदेव जोशीसँग पनि सीआईबीले जिल्ला सरकारी वकिलको रोहबरमा बयान लिएको छ । पशुपति टिकिन्छा गुठीको नाममा ललिता निवासको जग्गा लैजाने प्रस्ताव जोशीले सदर गरेका थिए ।

त्यस्तै २०६६ सालमा भूमिसुधारमन्त्री डम्बर श्रेष्ठसँग पनि बयान लिने सीआईबीले प्रयास गरिरहेको स्रोतले बतायो । २०६६ सालमा भौतिक योजना राज्यमन्त्री रहेका सञ्जय साहसँग सीआईबीले यसअघि नै बयान लिइसकेको छ । साह हाल व्यक्ति हत्या अभियोगमा नख्खु कारागारमा सजाय भुक्तान गरिरहेका छन् । गच्छदार र जोशीलाई सोमबार बयान लिएर हाजिरी जमानीमा छाडिएको छ ।

योसँगै जग्गा हिनामिना प्रकरणमा सीआईबीले पूर्वउपप्रधानमन्त्री एवं कांग्रेस नेता विजयकुमार गच्छदारसहित साढे २ सय जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउन राय दिएको छ । गच्छदारसहित पूर्वमन्त्रीहरू चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, पूर्वराज्यमन्त्री सञ्जय साह, पूर्वसचिवहरू दीप बस्न्यात, छविराज पन्त, दिनेशहरी अधिकारी, नारायणगोपाल मलेगो, युवराज भुसालसहित सहसचिव, उपसचिव शाखा अधिकृत, सुब्बा र खरिदारसम्मका व्यक्तिलाई प्रतिवादी बनाउन राय दिइएको छ ।

ललिता निवासका तत्कालीन भोगाधिकारी हाटकशमशेर राणा पनि प्रतिवादीको सूचीमा छन् । भूमाफियाहरू शोभाकान्त ढकाल, रामकुमार सुवेदी, मीनबहादुर गुरुङ जग्गा हिनामिना प्रकरणमा मुख्य योजनाकारका रूपमा राखिएको छ । यी तीन अभियुक्तकै योजनामा ललिता निवासको जग्गा हिनामिना भई व्यक्तिका नाममा पुगेको सीआईबीको निष्कर्ष छ । जग्गा हिनामिना गर्न सघाएबापत २२ रोपनी परिवारका नाममा घूस लिने सुधीर शाहसहितका पूर्वकर्मचारीलाई पनि बिगो, कैद र जरिवाना मागदावीसहित मुद्दा चलाउन सीआईबीले राय दिएको छ । सीआईबीका एसएसपी दिनेश आचार्यले अनुसन्धान अन्तिम चरणमा पुगेकाले बुधबारभित्र रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाइने बताए । अनुसन्धानको केही काम टुंगिन बाँकी रहेकाले सोमबार अदालतबाट थप ३ दिनको म्याद लिइएको उनको भनाइ छ ।

जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले सीआईबीले अनुसन्धान अन्तिम चरणमा पुर्‍याएको जानकारी पाएको बताए । 'केही प्राविधिक कारण अनुसन्धान बुझाउन ढिलाइ भएको जानकारीमा आएको छ । अदालतबाट म्याद लिएको अवधिभित्रै प्रतिवेदन पेस होला । त्यसपछि मुद्दा चल्ने/नचल्ने, मुद्दा चल्दा कसलाई कति सजाय मागदाबी लिनेलगायतका विषय प्रतिवेदन अध्ययनपछि टुंगो लाग्छ,' उनले भने ।


**DAI — USAID's Tayar Nepal Project**
**REQUEST FOR PROPOSAL**

DAI for USAID's Tayar Nepal Project request for proposals from interested potential vendors to provide services as mentioned below:

| RFP Ref # | Description of Services |
|---|---|
| RFP-TAYAR-KMD-23-0049 | Developing of Risk Sensitive Land Use Plans for Jiri and Tikapur Municipalities |

USAID's Tayar Nepal – Improved Disaster Risk Management Project will strengthen the capacity of Nepal's national and municipal institutions responsible for disaster preparedness and response, is funded by the United States Agency for International Development (USAID) and implemented by DAI Global LLC (DAI). The USAID's Tayar Nepal is seeking a service provider for Developing of Risk Sensitive Land Use Plans for Jiri and Tikapur Municipalities

Interested bidders may obtain complete solicitation (RFP) documents by emailing a request to **TAYARTechProcurement@dai.com** with the RFP reference in the subject line on or before September 15, 2023, 5:00 PM, Nepal time. The proposal should be submitted by email to **TayarProcurementINBOX@dai.com**, labelled with **RFP reference #**, on or before September 21, 2023, 5:00 pm, Nepal time.



HELVETAS NEPAL | SaMi Safer Migration Programme

**INVITATION FOR BID**

**Invitation for BID for Hotel Service to Conduct Orientation/Training/Meetings**

**Date of first publication: 22 August 2023**

Safer Migration (SaMi) Program is a bilateral initiative between the Government of Nepal and the Government of Switzerland. It is implemented by the Ministry of Labor, Employment and Social Security and 156 participating local governments. Helvetas Nepal provides technical assistance to the program on behalf of the Swiss Agency for Development and Cooperation (SDC).

SaMi intends to call for sealed bids from eligible Hotels to provide hospitality services for residential/non-residential orientation/training/meetings/workshops for the following packages:

**Package 1: Hotel services in Bardibas/Simara and Janakpur**
**Package 2: Hotel services in Biratnagar**

1. Standard bidding document for each package is available at: **https://notice.helvetasnepal.org** and **https://www.helvetas.org/en/nepal/who-we-are/follow-us/public-announcements**
2. Sealed bid must be submitted latest by **06 September 2023 before 5 PM to SaMi / Helvetas Nepal at SaMi offices mentioned in the Bid data sheet of the Standard bidding document.**
3. Pre-bid meeting will be held on as per the schedule mentioned in the **Bid data sheet of the Standard bidding document.**
4. Acceptance or rejection of the bid and award of the contract or cancellation of the process shall remain within the jurisdiction of SaMi/Helvetas Nepal. This procurement process shall be according to SaMi/Helvetas Nepal procurement guidelines.

**Safer Migration Programme (SaMi)/Helvetas Nepal**
Lalitpur-3, Dhobighat, Lalitpur
G.P.O. Box - 688, Kathmandu, Nepal
Telephone: +977-1-54 21 063, 54 37 148
Email: sami.np@helvetas.org



**INVITATION OF SEALED BIDS**

Published Date : 22 August 2023, Kantipur National Daily
Bid Ref No. : SBL/BID/80-81/03

Siddhartha Bank Ltd. invites sealed bids from firms/companies for **supply/delivery of various Office Equipment, Hardware and Furniture Items** to the Bank.

**General Terms & Conditions:**
Bid Document Fee : NPR 1,000 Per Bid Document (Nonrefundable),
Bid Security Amount : 5% of the Total Cost (Refundable)
Submission Deadline : 05 September 2023, within 5 PM
Submission Place : General Administration Department, Hattisar

Interested parties can review the list of items, quantity requirement, eligibility criteria and other details in the given QR Code or visiting the Bank's webpage at https://www.siddharthabank.com/notice. Further, the detailed technical specifications and terms & conditions can be found within the bid document. Interested and eligible parties can obtain the bid document from the Bank's General Administration Department at Hattisar, Kathmandu upon deposit of bid document fee.

**Note:** The Bank reserves the right to accept/reject any or all proposals with or without assigning any reasons whatsoever.

SiddharthaBank
Head Office: Naxal, Kathmandu, Nepal
P.O.Box: 13806, Ph.: 01-5970720, 5970020
SWIFT SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com



**INVITATTION OF EXPRESSION OF INTEREST**

Published Date : 22 August 2023, Kantipur National Daily
Bid Ref No. : SBL/BID/80-81/04

Siddhartha Bank invites Expression of Interest (EOI) from national firms/companies for the enlistment as shortlisted service providers for the outsourcing of following services:

| Category | Remarks |
|---|---|
| 1. Security Service | Supply of Security Manpower |
| 2. Support Manpower/ Services | Supply of Driver, Messenger, Tea Maid & Cleaner, Electrician, Waiter, Kitchen Support Staff and Telephone Operator |

**General Terms & Conditions:**
Bid Document Fee : NPR 1,000 per category (Nonrefundable)
Bid Security Amount : NPR 10,000 per category (Refundable)
Submission Deadline : 05 September 2023, Within 5 PM
Submission Place : General Administration Department, Hattisar, Kathmandu

Interested parties can review the minimum eligibility criteria and other details in the given QR or visiting the Bank's webpage at https://www.siddharthabank.com /notice. Further, the detailed scopes of works, terms and conditions, shortlisting procedures can be found within the EOI document. Interested and eligible parties can obtain the EOI document from the Bank's General Administration Department at Hattisar, Kathmandu upon deposit of bid document fee.

**Note:** The Bank reserves the right to accept/reject any or all proposals with or without assigning any reasons whatsoever.

SiddharthaBank
Head Office: Naxal, Kathmandu, Nepal
P.O.Box: 13806, Ph.: 01-5970720, 5970020
SWIFT SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com

# विद्रोहदेखि विजेतासम्म

## स्पेनी टिम खेलाडी विद्रोहका कारण समस्यामा थियो, तर यू-१७ र यू-२० सँगै विश्वकप जित्ने टिम बन्यो



ओल्गा कारमोना

सिड्नी (एपी)- सल्मा पारालेलो च्याम्पियन पदक भिड्दै एकछिन मैदानमै आराम लिइन् । उनी असाध्यै खुसी थिइन् । नहोस् पनि किन ? स्पेनले इंग्ल्यान्डलाई हराएर महिला विश्वकप फुटबलको उपाधि जितेको अवसर थियो त्यो । पारालेलोले यू-१७ र यू-२० विश्वकप पनि जितेकी थिइन् । पालो यही विश्व च्याम्पियन हुनुको थियो ।

स्पेनले स्टेडियम अस्ट्रेलियामा भएको फाइनल जितेर आफ्नो देशको महिला फुटबलकै इतिहासमा पहिलो ठूलो उपाधि चुमेको हो । ओल्गा कारमोनाले पहिलो हाफमा गरेको एकमात्र गोल इंग्ल्यान्डलाई हराउन पर्याप्त रह्यो । यससँगै एक महिना लामो प्रतियोगितामा पूर्णविराम लागेको थियो । कारामोनाले भने लामो समय खुसी मनाउन पाइनन् । फाइनल सकिएको केहीबेरमै उनले आफ्नो बुवाको निधन भएको समाचार सुन्नुपर्‍यो । फाइनल सकिएलगत्तै स्पेनी फुटबल संघले कारमोनाको बुवा बितेको पुष्टि त गरेको थियो, मृत्युको कारण भने खुलाइएको छैन ।

स्पेनी टिम केही समययता समस्यामै थियो । कारण खेलाडीको विद्रोह । तर, यसबीच पनि स्पेन यू-१७ र यू-२० सँगै सिनियर स्तरको विश्वकप एकैपल्ट जित्ने टिम बन्यो । त्यतिमात्र होइन, जर्मनीपछि स्पेन पनि महिला र पुरुष दुवैको विश्वकप जित्ने टिम भयो । फाइनल सकिएलगत्तै स्पेनी खेलाडीले आफ्नो पोस्टको छेउ खुसीयाली मनाएका थिए । योक्रम पुरस्कार वितरण समारोह सकिएको केहीबेरसम्म पनि चलिरहेकै थियो ।

'पछिल्लो १२ महिनामा हामीले धेरै समस्या सामना गर्नुपरेको छ, सम्भवत: यही कारणले पनि स्पेनी टिम बलियो भएको हो,' कारमोनाले भनिन्, 'खेलाडीको विद्रोहदेखि च्याम्पियनसम्म स्पेनको यात्रा वास्तवमै अद्वितीय रह्यो । स्पेन किन विश्व च्याम्पियन बन्यो त ? यसको मसँगै ठ्याक्कै उत्तर छैन । तर, स्पेन यसका लागि पूर्णत: हकदार भने छ ।' अर्कोतर्फ इंग्ल्यान्ड भने सन् १९६६ यता पहिलो विश्वकप उपाधि जित्ने अभियानमा थियो । यो क्रम अब पनि जारी रहनेछ । किनभने यो यसपल्ट पनि पूरा भएन ।

'सुरुमै लाग्न सक्छ, हामी असफल रह्यौं, किनभने हामी उपाधि जित्न असफल रह्यौं,' इंग्लिस कप्तान मिली ब्राइटनले भनिन्, 'तर केहीको अन्तरालमा हामीले आफ्नो प्रदर्शनप्रति गर्व गर्नेछौं ।' पूरा प्रतिस्पर्धात्मक रहेको फाइनलमा कारमोनाले २९ औं मिनेटमा गरेको गोल नै निर्णायक भयो । उनले स्विडेनविरुद्ध प्राप्त २-१ को सेमिफाइनल जितमा पनि ८९ औं मिनेटमा निर्णायक गोल गरेकी थिइन् ।

यसैक्रममा उनी सन् २०१५ यता सेमिफाइनल र फाइनल दुवैमा गोल गर्ने पहिलो खेलाडी बनिन् । त्यतिबेला कार्ली लोएडले यस्तै उपलब्धि चुमेकी थिइन् । गत वर्ष १५ खेलाडीले विद्रोह गर्दै स्पेनी राष्ट्रिय टिमबाट नखेल्ने जनाएका थिए । टिममा व्यावसायिक वातावरणको माग गर्दै ती खेलाडीले आफ्नो मानसिक स्वास्थ्य स्थिति प्रभावित रहेको दाबी गरेका थिए । त्यसमध्ये तीन खेलाडी आना बटाली, आइताना बोनमती र मारिना क्लाडेन्टी स्पेनी फुटबल संघसँग कुरा मिलाउँदै टिममा फर्केका थिए । गत वर्षमात्रै स्पेन युरोपेली च्याम्पियनसिपमा इंग्ल्यान्डकै हातबाट क्वाटरफाइनलमा २-१ ले पराजित रहेको थियो । कारमोना थप्छिन्, 'अहिलेको टिम वास्तवमै विशेष छ, किनभने हामी यस्तो विशेषता मैदानमा देखाएका छौं । हामीले बलियो मानसिकता समूह चरणमा मात्र होइन, नकआउटका प्रतिस्पर्धामा पनि देखाएका छौं । सबै प्रकारको अन्तिम अवस्थासम्म पनि हामीले आफ्नो संघर्ष त्यागेनौं । हामी न त कहिल्यै रोकियौं ।'

उनले अगाडि भनिन्, 'गत वर्षको अवस्था बेग्लै थियो, तर फुटबलले जहिले पनि दोस्रो मौका दिने गर्छ । यस्तो मौका विश्वकपमा पाउनु जत्तिको ठूलो अवसर अरू के नै हुन सक्छ र ?'

प्रतियोगिता अगाडि बढ्नेक्रममा स्पेनले आफूलाई अझ बलियो बनाउँदै गएको थियो । विशेषत: जापानविरुद्धको खेल ठूलो अन्तरले गुमाएयता । त्यस हारलगत्तै 'ला रोजा' ले स्विट्जरल्यान्डलाई पनि ठूलै अन्तरले हराएको थियो । त्यसपछि टिमले फर्केर हेर्नुपरेन । स्पेनी प्रशिक्षक जोर्गे भाल्डाले फाइनलमा सुरुदेखि नै १९ वर्षीया पारालेलोलाई खेलाएका थिए । यी किशोरी तिनै थिइन्, जसले स्विडेनविरुद्ध सम्झनलायक गोल गरिन् अनि नेदरल्यान्ड्सविरुद्ध क्वाटरफाइनलमा पनि निर्णायक गोल । यसै कारण उनी प्रतियोगिताकै उत्कृष्ट युवा खेलाडी पनि चुनिइन् । यसले कम्तीमा के देखाइएको छ भने स्पेनी महिला फुटबलको भविष्य उत्तिकै राम्रो रहेको छ ।

## 'चुम्बन' आलोचित



म्याड्रिड (एएफपी)- स्पेन फुटबल संघका अध्यक्ष लुइस रुबिलेसले विश्वकप विजेता स्टार खेलाडी जेमी हेरमोसो (जर्सी १०) लाई चुम्बन गरेपछि त्यहाँका खेलकुदमन्त्रीले चर्को आलोचना गरेका छन् । कार्यवाहक मन्त्री म्याकवेल इसेटाले स्पेनी पब्लिक रेडियोमा भनेका छन्, 'कोही खेलाडीलाई बधाई दिन ओठमै चुम्बन गर्नु अस्वीकार्य छ ।' मन्त्री इसेटाले फुटबल संघका अध्यक्षले माफी माग्नुपर्ने पनि बताए । आइतबार सिड्नीमा भएको फाइनलमा स्पेनले इंग्ल्यान्डलाई १-० ले पराजित गर्दै महिला विश्वकपको उपाधि जितेको थियो । उपाधि जित्दाको स्थिति भावनात्मक रूपमा निकै नाजुक भए पनि त्यस्तो अवस्थामा फुटबल संघ अध्यक्ष रुबिलेस निकै होसियार भएर प्रस्तुत हुनुपर्ने भन्दै खेलकुदमन्त्रीले असन्तुष्टि जनाएका हुन् ।

पदक थाप्न जानेक्रममा रहेकी हेरमोसोलाई फुटबल संघका ४५ वर्षीय अध्यक्ष रुबिलेसले चुम्बन गरेका थिए । लगत्तै उक्त घटनाको विरोधमा अन्तर्राष्ट्रियस्तरबाटै प्रतिक्रिया आउन सुरु गरेको थियो । स्पेनी फुटबल संघका पदाधिकारीले भने पूरा घटना स्वत:स्फूर्त रहेको पनि दाबी गरेका छन् । ती पदाधिकारीका अनुसार अध्यक्ष र खेलाडीबीच नजिकको व्यक्तिगत सम्बन्ध रहँदै आएको छ ।

चेन्जिङ रूममा खुसियाली मनाउने क्रममा हेरमोसोले पूरा घटनाक्रम आफूलाई मन नपरेको प्रतिक्रियासहितको भिडियो इन्स्ट्राग्राममा हालेकी छन् । आइतबार अबेर फुटबल संघले हेरमोसोको अर्को प्रतिक्रिया पनि बाहिर ल्याएको छ । जसमा उनले पूरा घटनाक्रम स्वत:स्फूर्त रहेको र यस पछाडि विश्वकप जित्नुको खुसियाली नै रहेको बताएकी छन् ।

### छोटकरी

## दिलासा र रिहाना फाइनलमा



काठमाडौं (कास)- नेपालका दिलासा राना र रिहाना शेरचनको जोडी दक्षिण एसिया क्षेत्रीय जुनियर च्याम्पियनसिपमा फाइनलमा पुगेको छ । उनीहरूको जोडी यू-१५ मा बंगलादेशका अफिफा खान अरिन र तान्जिला महमुदको जोडीलाई २१-१५, १६-२१, २१-९ ले पराजित गर्दै उपाधि नजिक पुगेको हो । यू-१७ तर्फ नेपालका कविर केसी र अभय महराको जोडी मालदिभ्सका अजहर मोहम्मद अयुब र युसुफ मुनाधी माथलुबलाई २१-९, २१-७ को सोझो सेटमा पराजित गर्दै फाइनल पुगेको छ । यू-१५ तर्फ सौर्य महर्जन र सुविन श्रेष्ठको जोडी श्रीलंकाका केनेथ अरुगोडा र सेनुथ सेथमिथा पेरेरासँग १३-२१, ११-२१ ले पराजित भएको छ । गर्ल्स यू-१५ तर्फ टिसारानी शाक्य र समृद्धि श्रेष्ठको जोडी श्रीलंकाका सिथुली रणसिंघे र नेथ्मी रत्नायकेको जोडीसँग ८-२१, ७-२१ ले पराजित भयो । पुरुषतर्फ सुदेश राजकोटी र शिशिर रानाको जोडी बंगलादेशका मोस्ताकी होसैन र वाली उल्लाहको जोडीसँग ९-२१, १२-२१ ले पराजित भयो । गर्ल्स यू-१५ एकलतर्फ टिसारानी श्रीलंकाकी नेथ्मी रत्नायकेसँग ४-२१, १४-२१ ले पराजित भइन् । दिलासा राना श्रीलंकाकी सुथुली रणसिंघेसँग १५-२१, १५-२१ को समान अन्तरमा पराजित भइन् । पुरुषतर्फ सुविन श्रेष्ठ बंगलादेशका वाली उल्लाहसँग १५-२१, २१-१४, १८-२१ ले पराजित भए । गर्ल्स यू-१७ तर्फ नेपालकी रोजी राई श्रीलंकन रानुमी मनागेसँग १६-२१, २१-१८, १५-२१ ले पराजित भइन् । पुरुषतर्फ कविर केसीले श्रीलंकाका थिदासा वेरागोडासँगको खेल १२-२१, १९-२१ ले गुमाए ।

## एक्सेल्सियर र ज्ञान विजयी


काठमाडौं (कास)- द एक्सेल्सियर स्कुल र ज्ञान निकेतन सोमबार दसौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजतर्फ क्वाटरफाइनलमा पुगेका छन् । एक्सेल्सियरले कान्तिपुरलाई ३१-१३ स्कोरले पराजित गर्‍यो । एक्सेल्सियरको जितमा राजीव थापाले ९ स्कोर जोडे । आयुश रावलको २० स्कोरमा ज्ञान निकेतनले रेडियन्ट पब्लिकलाई ५०-४१ ले हरायो । जुनियर ब्वाइजमा एन्जल्स हार्टले स्वप्न वाटिकालाई ३०-१४ ले, रेडिअन्टले सिर्जना ज्ञानसागरलाई २२-१६ ले, आयोजक ग्रिनफिल्ड 'ए' ले हिमरश्मिलाई ३२-२१ ले हराए । त्यस्तै ज्ञान निकेतनले नवीन ज्योतिलाई २९-१२ ले, किङडम हिमालयले महामञ्जुश्रीलाई १३-११ ले र इडेन ब्रिज एकेडेमीले साइ निलायमलाई २४-८ ले हराएर क्वाटरफाइनलमा स्थान पक्का गरे । सिनियर गर्ल्समा महामञ्जुश्रीले हिमरश्मिलाई १८-१७ ले, भ्याली पब्लिकले पिपुल्स एकेडेमीलाई ३८-१८ ले र साइ निलायमले इडेन ब्रिजलाई २२-१२ ले हराएर अन्तिम आठमा स्थान बनाए ।

# नयाँ मैदानमा बार्सिलोनाको जित

म्याड्रिड (एएफपी)- डिफेन्डिङ च्याम्पियन बार्सिलोनाले आइतबार स्पेनी ला लिगामा नयाँ सिजनको पहिलो जित निकालेको छ । यसका लागि टोलीले काडिजलाई २-० ले हरायो । बार्सिलोनाले नोउ क्याम्पबाहिर पहिलो प्रतिस्पर्धात्मक खेल खेलेको हो । यसको पुनर्निर्माण चलिरहेको हुनाले बार्सिलोनाले अबको साढे एक वर्ष ओलम्पिक स्टेडियममा खेल्नेछ ।

खेलमा बार्सिलोनाले पेड्रीको गोलले अग्रता लिएको थियो । त्यसपछि फेरान टोरेसले बार्सिलोनाको अग्रता दोब्बर बनाए । यसअघि बार्सिलोना लिगको आफ्नो पहिलो खेलमा गत साता गेटाफेसँग गोलरहित बराबरी खेलेको थियो । 'टिमको प्रदर्शनमा म खुसी छु, सबै खेलाडीले आफ्नो भूमिका राम्रोसँग निभाए ।

हामी यो खेलमा जितका लागि पूर्ण रूपमा हकदार रह्यौं,' प्रशिक्षक जाभीले भने । रियल बेटिस र एट्लेटिको म्याड्रिडबीचको अर्को खेल गोलरहित बराबरीमा टुंगियो भने जिरोनाले गेटाफेमाथि ३-० को जित निकालेको थियो ।



बार्सिलोनाका रोबर्ट लेवान्डोस्की (दायाँ) र काडिजका फली एयर बलमा जुध्दै । तस्बिर : एपी

### चेल्सीको हार

लन्डन- वेस्ट ह्यामले इंग्लिस प्रिमियर लिगमा आइतबार चेल्सीमाथि ३-१ को सानदार जित निकालेको छ । लन्डन डर्बीमा बेहोरेको हारसँगै नयाँ सिजन खर्चालु चेल्सीले खराब सुरुआत लिएको छ । खेलको ६७ औं मिनेटमा २-१ को स्थितिमा वेस्ट ह्यामले दोहोरो पहेंलो कार्डमा नुएफ एगार्डलाई गुमाएको थियो र यससँगै टिम १० खेलाडीमा सीमित भयो । वेस्ट ह्यामले एगार्डकै गोलमा सुरुआती अग्रता लिएको थियो ।

नयाँ व्यवस्थापकका रूपमा माउरिसियो पोचेटिनो आएयता लिगका सुरुआती दुई खेलमा चेल्सीको प्रदर्शन राम्रो हुन सकेको छैन । चेल्सीले सन् २०२२ को मे महिनायता मात्र नयाँ खेलाडी ९० करोड पाउन्ड खर्चेको छ । अर्को खेलमा एस्टन भिल्लाले एभरटनमाथि ४-० को जित दर्ता गर्‍यो । लगातार दुई खेल गुमाएर एभरटन अन्तिम स्थानमा झरेको छ । टोलीले यो सिजन रेलिगेसनबाट बच्न फेरि एकपल्ट संघर्ष गर्ने देखिएको छ ।

### युभेन्ट्सको बलियो सुरुआत

मिलान- युभेन्ट्सले आइतबार इटालीको सिरी 'ए' मा बलियो सुरुआत लिने क्रममा युडिनेसीलाई सजिलै ३-० ले हराएर आफूलाई फेरि उपाधि होडमा रहेको प्रमाणित गरेको छ । मासिमिलिनो एलेग्रीका लागि तीनै गोल पहिलो हाफमा भएको थियो । यी गोल फेडेरिको चिसा, डुजान भ्लाहोभिच र एडरिन राबोटको नाममा रहे । अर्को खेलमा गत सिजन दोस्रो स्थानमा आएको लाजियो भने लिचेको हातबाट २-१ ले पराजित रह्यो ।

# राहुल र ऐर फर्किए

## भारतले एसिया कपमा पाकिस्तान र नेपालसँग खेल्दै

दिल्ली (एएफपी)- चोटबाट फर्किएका वरिष्ठ खेलाडीद्वय केएल राहुल र श्रेयस ऐरलाई समावेश गर्दै भारतले सोमबार एसिया कप क्रिकेटका लागि टोली घोषणा गरेको छ । विश्वकपअगाडि विश्व क्रिकेटका शक्तिशाली राष्ट्र भारतले एसिया कपलाई महत्त्वपूर्ण रूपमा हेरेको छ ।

पाकिस्तानमा अगस्ट ३० बाट एसिया कप सुरु हुँदै छ । भारतले समूह चरणमा सेप्टेम्बर २ मा चिरप्रतिद्वन्द्वी पाकिस्तानसँग र सेप्टेम्बरमा ४ मा नेपालसँग खेल्दै छ । दुवै खेल श्रीलंकाको क्यान्डीमा हुनेछ । नेपालले अगस्ट ३० मा पाकिस्तानसँग मुल्तानमा खेल्नेछ । अर्को समूहमा श्रीलंका, बंगलादेश र अफगानिस्तान छन् । ६ राष्ट्रसम्मिलित एसिया कपका लागि रोहित शर्माको कप्तानीमा रहने १७ सदस्यीय भारतीय टोलीमा राहुल र ऐर दुवैले स्थान बनाएका छन् । तर, राहुल अझै पूर्ण रूपमा फिट भइसकेका छैनन् ।

'श्रेयसले आफूलाई पूर्ण फिट भएको घोषणा गरेका छन् । पुरानो चोटलाई लिएर नभए पनि राहुल अझै पूर्ण फिट भइसकेका छैनन्, त्यसैले हामी सन्जु सामसनलाई लिएर जाँदै छौं,' प्रमुख छनोटकर्ता अजित अगारकरले दिल्लीमा पत्रकार सम्मेलनमा भने, 'हामी कुनै चरणमा फिजियोको रिपोर्ट लिनेछौं, तर उनी फिट हुनेछन् भन्नेमा हामी आशावादी छौं । सुरुमै फिट नभए पनि उनी दोस्रो वा तेस्रो खेलसम्म फिट भइसक्नेछन् ।'

गत वर्ष इन्डियन प्रिमियर लिगका क्रममा घाइते भएयता राहुलले कुनै प्रतियोगितात्मक खेल खेलेका छैनन् । मार्चमा अस्ट्रेलियाको भारत भ्रमणयता श्रेयस पनि मैदानमा उत्रिएका छैनन् । तीव्र गतिका बलर जसप्रित बुमराह र प्रसिद्ध कृष्णा पनि एकदिवसीय टोलीमा फर्किएका छन् । दुवै हाल आयरल्यान्डविरुद्धको ट्वान्टी-२० अन्तर्राष्ट्रिय शृंखलामा खेलिरहेका छन् । बुमराहको कप्तानीमा भारतले आयरल्यान्डविरुद्ध खेलिरहेको छ ।

उदीयमान २० वर्षे ब्याटर तिलक बर्मालाई पनि भारतीय टोलीमा राखिएको छ । विराट कोहली, शुभमन गिल र उपकप्तान हार्दिक पाण्डेयसहितको टोलीमा अहिलेसम्म कुनै एकदिवसीय अन्तर्राष्ट्रिय नखेलेका बर्मालाई समावेश गरिएको छ ।



केएल राहुल

कप्तान रोहितले युवा खेलाडीहरू लचिलो हुनु आवश्यक रहेको जनाएका छन् । 'सहज हुनु महत्त्वपूर्ण छ,' रोहितले भने, 'धेरै उत्साहित हुनु आवश्यक छैन । मैले र शिखर धवन (अहिले टोलीमा नरहेका) ले ७ वर्षदेखि भारतीय ब्याटिङको ओपनिङ गर्दै आएका थियौं । कोहली तेस्रो नम्बरमा छन् । नयाँ ब्याटर चौथो वा पाँचौं नम्बरमा आउथे, उनीहरूले जुनै स्थितिमा पनि ब्याटिङ गर्न सक्छन् ।'

एसिया कपअगाडि आउँदो ५ दिन बेंग्लोरमा क्याम्प राखेर प्रशिक्षण गरिने रोहितले जनाए । पाकिस्तानसँग फाइनलसहित सम्भावित तीन भिडन्तलाई लिएर रोहितले भने, 'पाकिस्तानमात्र होइन, त्यहाँ अन्य टोली पनि रहेका छन् । श्रीलंकाले गत वर्ष एसिया कप जितेको थियो । राम्रोसँग खेलिरहेका अन्य टोलीले पनि हामीलाई चुनौती दिन सक्छन् ।'

**भारतीय टोली** : रोहित शर्मा (कप्तान), शुभमन गिल, विराट कोहली, श्रेयस ऐर, केएल राहुल, हार्दिक पाण्डेय, रवीन्द्र जडेजा, जसप्रित बुमराह, कुलदीप यादव, मोहम्मद सिराज, मोहम्मद सामी, इशान किसन, शार्दूल ठाकुर, अक्षर पटेल, सूर्यकुमार यादव, तिलक बर्मा, प्रसिद्ध कृष्णा, सन्जु सामसन (वैकल्पिक) ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान